नवका लागि मानवअधिकार
नवअधिकारका लागि उपयुक्त संस्कृति

ग्रात्ती

र्णांक ५४, फागुन ०६१ संचेतना द्वैमासिक

शाही कदम

"मानवअधिकारको सम्मान र संरक्षणमा राज्यका सबै अंगहरू विशेषरूपमा सतर्क र सजग रहनुपर्छ ।"

राष्ट्रिय दादुरा खोप अभियान २०६१/६२

९ महीनादेखि १५ वर्ष मुनिका

सबै बाल-बालिकाहरुलाई दादुरा खोप लगाऔं

दादुरा खोप पहिले लगाएकाहरुले पनि लगाऔं
नलगाएकाहरुले त झनै नछुटाऔं

unicef

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

प्राची
संचेतना द्वैमासिक

वर्ष १३, पूर्णाङ्क ५४, फागुन २०६१

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
प्रकाश बवाली

आवरण ले-आउट
गोविन्द प्रसाद त्रिपाठी

फोटो
धिमलचन्द्र शर्मा, इन्सेक
सूचना विभाग
विभिन्न वेबसाइट

व्यवस्थापन
शैलेश शर्मा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाण्डौ
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेबसाइट : www.insec.org.np
www.inseconline.org

मुद्रक
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, काठमाडौं, फोन : ४७७१४४८

शाही ७ कदम

- माओवादी हिंसात्मक आन्दोलनलाई फर्केर हेर्दा १८
- मानवीय संवेदनामा परेको असर २१
- मानवअधिकार उल्लंघनले शान्तिको सम्भावनालाई २३
- संकटकाल, प्रेस स्वतन्त्रता र न्यायपालिका २५
- महिला विरुद्ध हिंसा ३१
- सुरक्षाकर्मीबीच अन्तरक्रियात्मक कार्यशाला ३३
- श्रोतमाथिको पहुँच खोसिँदैछ ३५

नियमित स्तम्भहरू

- यथावत २
- कार्टून २
- उल्लेख्य ४
- पाठक-पत्र ४
- सामयिक ५
- अवतरण ६
- आवरण दस्तावेज १२
- अधिकार अनुगमन ३७
- मानवअधिकार संस्कृति ४१
- स्थलगत ४२
- जिल्ला ४४
- कथा ४८
- कविता ४८
- पुस्तक परिचय ४९
- छायाँछवि ५०
- मानवअधिकार सामान्य ज्ञान ५१
- प्राची वार्ता ५२

यथावत

भाषिक विकास-विस्तार सांस्कृतिक विकासकै परिचायक हो भन्नेमा दुईमत हुनेछैन। संस्कृति र परम्पराका जगेर्नामा समेत विविध मातृभाषाका प्रचलन, विस्तार र संरक्षणले महत्वपूर्ण सघाउ पुऱ्याउने निश्चित छ। आफ्नै मातृभाषामा पठनपाठन सञ्चालन हुँदा विभिन्न फाइदा नपुग्ने होइन। भातृभाषाका प्रचारप्रसारले समग्रमा शैक्षिक विकासमै सकारात्मक योगदान पुऱ्याउँछन् भने यसलाई उचित नै ठहऱ्याउनु पर्छ।

– **गोरखापत्र दैनिक**, ०६१ माघ ११

आफूलाई उपल्लो जातको दावी गर्नेहरूले 'तल्लो जातको मान्छेले बनाएको मन्दिरमा गएर पूजाआजा गर्न धर्मले नदिने' बताउँदै आएकोबाट यो अनुमान गर्न सकिन्छ कि संकीर्ण मानसिकताले हामीभित्र कति ठूलो जरो गाडेको रहेछ।

– **नेपाल समाचारपत्र दैनिक**, ०६१ माघ १०

न्यायपालिका एक्लैले सबै काम गर्न सक्दैन। सबै खाले विवादको समाधान अदालतले खोज्ने होइन। चुनौतिपूर्ण अवस्थामा पनि अदालतले आफ्नो काम छाडेको छैन। फैसला, आदेशहरूबाट संविधान क्रियाशील भएको अनुभूति दिलाउन म सधैं अडिग हुनेछु।

– **प्रधानन्यायाधीश हरिप्रसाद शर्मा**, कान्तिपुर दैनिक, ०६१ माघ १

नाकाबन्दी र बन्दको असर तिनलाई परेको छ जसका परिवारका सदस्य समयमा उपचारको अभावमा मरेका छन्, जसले घरबारी धितो राखेर उत्पादन गरेको दूध, तरकारी र फलफूल या सडाउनु परेको छ या खोला र नदीमा बगाउनुपरेको छ। कलकारखाना, उद्योग र व्यवसाय तथा यातायातका साधन बन्द भएका कारण रोजगारी नपाई चुलोलाई चिसै राख्नुपरेको छ।

– **राजधानी दैनिक**, ०६१ पुस १६

कार्टून

जातीय छुवाछूत अझै हट्न सकेन।

कान्तिपुर दैनिक, *१ फागुन ०६१ मा छापिएको कार्टून*

हामी एक्काइशौं शताब्दीको समाजको कुरा गर्छौं तर सामाजिक अभ्यासहरूले हाम्रो कुरालाई उत्तिकै चुनौति दिइरहेका छन्। अझै पनि नेपाली समाजका विभिन्न प्रथाजन्य अभ्यासहरूले मानव र मानवीयताका मान्यताहरूको ठाडो उल्लंघन गरिरहेका छन्। यस्ता प्रथाहरू खासगरी वञ्चित समुदायका विरूद्ध लक्षित छन् र ती समुदायलाई निरन्तर शोषण र दमनको शिकार बनाइराख्न उद्दत छन्।

एकातर्फ महिलाविरूद्धका परम्पराहरूले सामाजिक जीवनमा जरो गाडेका छन् भने अर्कातर्फ थप अपराधिक क्रियाकलापहरूले उनीहरूलाई दुर्व्यवहारको शिकार बनाइराख्न सक्रिय भूमिका खेलेका छन्। कुनै 'वाद' को ज्ञान नभए तापनि यस्ता व्यवहारहरूले सामाजिक विखण्डनको एउटा महत्वपूर्ण पाटोका रूपमा अस्तित्व जमाएका छन्। महिला अधिकार आन्दोलनले अझै पनि सामाजिक संरचनाकै कारण चुनौति व्यहोर्नु परेको छ। महिलामाथि हुने घरेलु हिंसा हुन् वा उनीहरूको सामाजिक स्थानको अवमूल्यन गरिएका उदाहरणहरू, वञ्चित अवस्थालाई अझ जटिलतातर्फ धकेल्ने प्रयत्नहरू नभएका होइनन्।

अर्को पक्ष पनि छ, जसले ठूलो मानव समुदायलाई जबर्जस्त तहयुक्त सामाजिक वर्गीकरणको सबैभन्दा तल्लो स्थानमा राखिदिएको छ। यद्यपि यस्तो वर्गीकरणकै वैधता र औचित्य संकटमुक्त नभएको किन नहोस्। जात-पातका नाममा खडा गरिएका व्यवहारगत पर्खालहरूले सामाजिक स्तरीकरणलाई अझ बढावा दिएका छन्- केवल निश्चित 'आरोप'का आधारमा। जन्मसिद्ध स्तरीकरणको खाल्डोमा जाकिनुपर्ने वाध्यता सायदै कसैले कल्पना गरेको हुन्छ। तर यथार्थ यस्तै छ। 'तल्लो' र 'माथिल्लो' गुणले हुनसक्छ। सक्रियताले हुनसक्छ। प्राप्त स्थानले हुनसक्छ, प्राकृतिक गुणहरूलाई अपवादमा राखेर। तर, हामीकहाँ गुणका आधारमा नभई सामाजिक-सांस्कृतिक परम्परा र आरोप-प्रत्यारोपका आधारमा स्तरीकरणको वृहद् खाडल सृजित छ।

यस्ता व्यवहार र विभाजनहरू मानवअधिकारका विरूद्ध छन्। समानताका विरूद्ध छन्। समावेशी सिद्धान्तका प्रतिकूल छन्। यस्ता व्यवहार र मान्यताहरूले सामाजिक विकासको बाटोमा सदैव अवरोध सृजना गरिरहेका हुन्छन्।

विश्वका कैयन् देशहरूको उदाहरण दिइने गरिन्छ- विकासको कुरा गर्दा। विकास भाग्यमा लेखिएको वस्तु होइन- कसैले उपहार दिने। यसमा हाम्रा परम्परा, चिन्तन र व्यवहारका सूचकहरूको भूमिका महत्वपूर्ण हुन्छ। त्यस्ता सूचकहरूमा सकारात्मक विकास हो- सामाजिक विकासको मुख्य चुरो। यसतर्फ नेपाली समाज कत्तिको परिलक्षित छ, सबैले मूल्यांकन गर्नुपर्ने विषय हो। यस्तो मूल्यांकन वास्तविक व्यवहारमा छर्लंग हुनु झनै महत्वपूर्ण छ। त्यो व्यवहार मानव निर्मित भेदभावजन्य स्तरीकरण विरूद्धको अभियानमा प्रतिविम्बित हुनु जरूरी छ।

उल्लेख्य



राजावाट ०६१ माघ १९ गते प्रधानमन्त्री शेरबहादुर देउवालाई पदवाट वरखास्त गरी आफ्नै अध्यक्षतामा मन्त्रिपरिपद् गठन हुने घोषणा। भोलिपल्ट मन्त्रिपरिषद्मा १० जना सदस्यको मनोनयन।

शहीद दिवसको अवसरमा ०६१ माघ १६ गते देशका विभिन्न ठाउँहरुमा प्रजातान्त्रिक आन्दोलनका शहीदहरुको स्मरण। विविध कार्यक्रमहरुको आयोजना।

शान्ति स्थापनाका लागि दवाव दिने उद्देश्यले ०६१ माघ १६ गते नागरिक ऐक्यबद्धताको आयोजनामा राजधानीको टुँडीखेल वरिपरी शान्तिका लागि हातेमालो कार्यक्रम सम्पन्न।

पाठक-पत्र

ओझेल परेका कुराहरु बाहिर आए

मानवअधिकार र सामाजिक न्यायका लागि कार्यरत इन्सेकद्वारा "मानवका लागि मानवअधिकार, मानवअधिकारका लागि उपयुक्त संस्कृति" भन्ने नाराका साथ प्रकाशित प्राची द्वैमासिकको स्तरियतामा अर्को आयाम मानवअधिकार सामान्यज्ञानले थपेको छ। र, मानवअधिकारका ओझेल परेका धेरै कुरा प्रकाशन गरेकोमा प्रकाशन समूहलाई धन्यवाद मात्र त न्यून होला तर प्राचीका लागि सुनमा सुगन्ध थपिएको छ। प्राचीको ५२ औं अंकले अत्यन्तै समसामयिक विषयवस्तु समेटेको छ। सुबोधराज प्याकुल, कुन्दन अर्याल, राम कोइराला, शान्ता थपलिया, प्रकाश ज्ञवालीलगायत्का सम्पूर्ण लेख-रचना अत्यन्तै राम्रा छन्। मध्यपृष्ठको छाप्राभित्रका पीडाको सम्झना र समस्याको कसिलो प्रहारले प्राचीलाई अझ स्तरीय बनाएको छ। भविष्यमा पनि यस्तै देख्न र पढ्न पाइयोस्। प्राचीलाई धन्यवादका साथै शुभकामना।

– **राजु पोखरेल**, माईस्थान गाविस-५ चेरु, महोत्तरी

मानवअधिकारको बौद्धिक खुराक

इन्सेकद्वारा प्रकाशित प्राचीको ५३ औं अंक ०६१ मध्य माघमा केही ढिला प्राप्त भयो। एउटा अंक पढिसकेपछि अर्को अंक कहिले निस्केलाजस्तो भइरहन्छ। प्राचीका प्रत्येक अंक बौद्धिक खुराकयुक्त छन्, त्यसमा पनि मानवअधिकारको सवालमा। प्राचीको शुरु पृष्ठमा नै संकटको घेरामा अभिव्यक्ति स्वतन्त्रता शीर्षक र माथिल्लो भागमा आफ्ना अधिकारका लागि संघर्ष गरिरहेका पत्रकारहरुको फोटोले अधिकार दवाउन र मिच्न खोज्नेहरुप्रति खवरदारी गरेझैं लाग्यो। पत्रकारहरु पनि मानवअधिकार रक्षक नै हुन्। स्वतन्त्र र निष्पक्ष न्यायका पक्षपाती पत्रकारहरुलाई मुलुकमा वढ्दै गएको सशस्त्र द्वन्द्वले गम्भीर असर पुऱ्याएको छ। सुराकी र सफाया गर्ने नाममा भएको पत्रकारको हत्याप्रति पुनः एकपल्ट विरोध जनाउनै पर्छ। समाजको ऐना मानिने प्रेसलाई सीमित शक्तिले आफ्नो नियन्त्रणमा लिन खोज्नु अत्यन्तै आपत्तिजनक छ। प्रजातन्त्र आएको बखत प्रेस स्वतन्त्र रहँदैन भने, अरु व्यवस्था र अवस्थामा प्रेस स्वतन्त्र, निष्पक्ष र इमान्दारी रहने अवस्था नै आउँदैन। राज्यले प्रेसलाई चौथो अंगको रुपमा मानेको छ। यसलाई सकारात्मक सहयोग गर्दा अवश्य पनि भोलिको लागि राम्रो हुन्छ। प्राचीको ५३ औं अंकमा सुबोधराज प्याकुरेलले भनेझैं हिंसा मच्याउनेहरु सवैमा सहिष्णुता र संवेदना सकिएको छ। पत्रकारलाई मानसिक दवाव दिइएको छ। प्रकाश ज्ञवालीको अभिव्यक्ति स्वतन्त्रताको हननले उब्जाएको प्रश्न अत्यन्तै समसामयिक र वर्तमान अवस्थाको चित्रण गरिएको पाइयो। द्वन्द्वका कारणले जनजीवनमा निकै असर परेको छ। धेरै ठाउँमा खाद्य संकट छ। मानवअधिकार सामान्य ज्ञानको लागि शिव खकुरेललाई धन्यवाद तथा आगामी दिनमा निरन्तरता होस्। प्राचीमा सामग्री वढाउने सुझाव र महिना दिनमै हेर्ने इच्छा व्यक्त गर्दछु।

– **भुमराज तिवारी**, अध्यक्ष, रिलेक जिल्ला शाखा, नुवाकोट

बढ्ता भइसक्यो, वार्ता गरौं न

प्राचीको ५३ औं विसौनीमा बसियो। कार्टून हेर्नासाथ यो मन तुलबुलियो। यता द्वन्द्वले प्रेसलाई बन्द पार्न लाग्यो। बहिराहरुले गहिरा कुरा बुझ्दैनन्। के देश नागा नाचे मैदान हुनै लागेको होइन र? नत्र खोई स्वतन्त्रता? अहिले कलम चलाउन पनि छेउभित्ता हेर्नुपर्छ। शब्दहरु पच्छन् कि पच्दैनन् भन्दै फेर्नुपर्छ। कहिले त सत्य कुरा केर्नुपर्छ। साँढेको जुधाई, बाच्छाको मिचाई यही हो। अझै कतिञ्जेल जनतालाई जालझेल गरेर जेलमा राख्ने? द्वन्द्वका दुवै बाटाहरु एकै दोबाटोमा मिल्नुपर्छ। नाफा र घाटाको लेखाजोखा गर्न छाड्नुपर्छ। अझै कतिञ्जेल जनतालाई भकुर्ने? उसवेला वोली चल्थ्यो, यसवेला गोली चल्छ। युवा पुस्ता रोजगारीको निहुँमा विदेशिन वाध्य छ। यहाँ वसे तारो बनिनुपर्छ। के गर्ने? यसले देशको आर्थिकस्तरलाई त उकासेको छ होला तर देशको आत्मनिर्भरतामा भने अंकुश लगाउँदैछ। जवसम्म प्रजातन्त्र खँदिलो र टिकाउ हुँदैन, तबसम्म देश यसरी नै छचल्किन्छ। कुरो यही हो। द्वन्द्वलाई निकास दिन मानवअधिकारकर्मीहरु र पत्रकारहरुले ठूलो भूमिका खेलेका छन्। समस्या समाधानको एउटै उपाय वार्ता हो। बढ्ता भइसक्यो। वार्ता हुनुपर्यो।

– **दिनेश केसी 'रवि'** खोपाचागू-८, दोलखा

सामयिक

विगतका विसंगतिको जोखिम

सुबोधराज प्याकुरेल

कुनै पनि कार्यक्रमको परिकल्पना गर्दा दुई प्रमुख बुंदामा चारवटा तत्वको बारेमा पूर्वानुमान गरिन्छ। पहिलो, शक्ति तथा त्यससँगै रहने कमजोरीका पक्षहरु। दोश्रो, अवसर तथा त्यससँगै रहने जोखिमका पक्षहरु। त्यस्तै, परिकल्पना गरिएका उद्देश्य र त्यसलाई पूरा गर्न चलिने रणनीति पनि आपसमा सामञ्जस्यपूर्ण हुनुपर्छ।

यतिबेला मुलुक अप्ठेरोमा छ। नेपाल अधिराज्यको संविधानले परिकल्पना गरेको आधारभूत संरचनाको सुदृढीकरण गर्न स्थापित अंगहरु प्रतिनिधिसभा र निर्वाचित स्थानीय निकाय छैन। छ महिने अध्यादेशको भरमा, वर्षौंदेखि सुशासनका प्रयास र प्रयोग भइरहेको छ।

०४६ को जनआन्दोलनको सफलताले मुलुकलाई जन-परिचालन, जन-संलग्नता, जन-नेतृत्व र जनताको स्वामित्वको शक्ति दिएको थियो। तर, देश चलाउनेले पार्टी जनतावाटै जन्मिन्छ भन्ने विर्सिए। जनताको नियन्त्रणमा बस्नका लागि औपचारिक थलोमा जनताका औपचारिक स्वरहरु निरन्तर घन्किरहने प्रबन्ध गर्नुपर्छ भन्ने पनि विर्सिए। र, अन्त्यमा केही लाख पार्टी सदस्यहरुको नियन्त्रित प्रजातन्त्रको शैलीमा चल्ने पार्टीहरुले आफूलाई निरन्तर खुल्ला, उदात्त पार्दै सांगठनिक प्रजातान्त्रिकरण गर्ने दिशामा समयानकूल रुपान्तरण गर्न सकेनन्। यिनै हुन्, तिनका कमजोरीका पक्ष।

सिंगो मुलुक र विश्व समुदायबाट प्राप्त विश्वास र सहयोगको अवसर थियो। तर, त्यो अवसरलाई जनताको सट्टा पार्टी, पार्टीको सट्टा नेता, नेताको सट्टा सासद र सांसदको सट्टा मन्त्री प्रधानमन्त्रीको लागि हो भन्ने भ्रम पनि बलशाली रह्यो। यो जोखिमले अहिले जितेको छ। कहिलेकाहिँ एकले उनान्सयलाई जिल्छ भन्थे। हो रहेछ।

यो अप्ठेरो बेला हो। हामीले संकटकाल भनेर बुझेका छौं। यतिबेला मुलुकको संकटले सबैलाई पिरोलेको छ- शासकलाई पनि र शाषितलाई पनि। तर, यस्तो कठिनाईको बेलाले नयाँ उपाय र आत्ममन्थनको अवसर पनि दिन्छ। समस्याग्रस्त बेलामा शक्ति - कमजोरी र अवसर - जोखिम (SW/OT) को सिद्धान्त उल्टिन्छ। कमजोरी - शक्ति र जोखिम - अवसर (WS/TO) को क्रमागत स्थापित हुन्छ। अहिले हामी धेरै कमजोरीले गाजिएका छौं। ती कमजोरी हटाउन शक्तिका आधार पहिल्याउनुपर्छ। फेरी शक्ति नगुमोस् भनेर त्यसलाई चिन्नुपर्छ र निरन्तर शक्तिको समीप र त्यसको नियन्त्रणमा रहने संरचनागत आधार पनि तयार गर्नुपर्छ। अहिलेको कमजोरीको यथार्थ विश्लेषण गर्ने क्रममा नै ०४६ मा पाइसकेको शक्ति कहा र कसरी गुम्यो भन्ने कुराको चेतना खुल्नेछ। शक्ति के हो ? जनताको विश्वास। र, त्यो विश्वासका कारण पाइने समर्थन नै शक्ति हो।

अहिले देशको मानवअधिकार र संवैधानिक प्रजातन्त्र जोखिममा परेको छ। तर, जनताको एजेण्डामा, जनताको नियन्त्रणमा चल्ने प्रतिबद्धता भइदिएको भए यो जोखिमपूर्ण अवस्थामा मुलुक पुग्ने थिएन भन्ने कुराको व्यवहारिक शिक्षा मिल्ने अवसर पनि यही हो।

हामीले बारम्बार भन्यौं- कृपया छिटो छरितो र पारदर्शी ढंगले काम गर्नुस्। जनताको बीचमा व्यापक बहस चलाएर मात्र फैसला गर्नुस्। प्रजातन्त्रले खुल्ला समाज, स्वतन्त्र सञ्चार, विश्वस्तरको पहुँच र चेतनशील नागरिक समाज दिएको छ। यी सबै तपाईं शासकहरुका लागि अवसर हो। आलोचना पनि अवसर हो। तर, अपेक्षा भएकाहरुकैको आलोचना गरिन्छ भन्नेसम्म पनि हेक्का रहेन। जनताले आफ्नो तन्त्र दैनन्दिन व्यवहारका कार्यालयमा र काममा खोज्छ भन्ने पनि हेक्का रहेन। कानुनको शासनको खिल्ली उडाइयो। संसदभित्र गरिएका र जनताले थाहा नपाउने अनि जनतालाई नसोधे पनि हुने सहमतिहरु कार्यान्वयन गरिएन। कार्यान्वयन नगर्दा, ढांट्दा पनि हुने भयो किनभने दबाव दिने जनतालाई विश्वासमा लिने कामै भएन। सांसद जनताका प्रतिनिधि हुन्, बारेम हुन्, सिग सम्पभु जनता होइनन् भन्ने चैतै फिरेन। यिनै विगतका विसंगतिको जोखिममा हामी छौं, र आउने दिनमा त्यसलाई हटाउने अवसर मिलेको छ।

र अन्त्यमा, हाम्रो संविधानमा लेखिएका निर्देशक सिद्धान्तको व्यवहारिक, वस्तुनिष्ठ प्रयोग गर्ने र त्यसकै सफलता असफलताका आधारमा सरकारको मूल्याकन हुने प्रबन्ध नगरुञ्जेल देश यसैगरी र यस्तै जोखिममा रहनेछ।

यो अप्ठेरो बेला हो। हामीले संकटकाल भनेर बुझेका छौं। यतिबेला मुलुकको संकटले सबैलाई पिरोलेको छ- शासकलाई पनि र शाषितलाई पनि। तर, यस्तो कठिनाईको बेलाले नयाँ उपाय र आत्ममन्थनको अवसर पनि दिन्छ।

अवतरण

आजको मानवअधिकार अभियान

कुन्दन अर्याल

विश्वभरि नै मानवअधिकार अभियान जति अग्रगतिका साथ अघि बढिरहेको छ, त्यति नै चलाखीपूर्वक मानवअधिकारको हनन पनि हुँदै आएको छ। तर आजको विश्वमा मानवअधिकारको प्रत्याभूति मात्र होइन, उल्लंघन वा हननको उपचारका लागि पनि हामी विद्यमान अन्तर्राष्ट्रिय कानुनहरूको मद्दत लिन सक्दछौं। शर्त एउटै छ, मानवअधिकारको उल्लंघनलाई -उजागर गरी उपचार प्राप्त गर्न हामी सचेत, सुसूचित र दक्ष हुनैपर्छ। मानवअधिकार अभियान खोक्रो नारावाजी र प्रोपगण्डावाट होइन, सत्य-तथ्यको उत्खननवाट मात्र सफलतासाथ अघि वढ्न सक्दछ। वस्तुनिष्ठ ढंगले सत्य-तथ्य पत्ता लगाउने सीपका साथ अघि बढेको मानवअधिकार अभियानले मात्र जनतालाई सामाजिक न्याय दिलाउनसक्छ।

सत्य-तथ्यको उत्खनन, संकलन र अभिलेखन, उल्लंघनको उपचार विधिका मेरुदण्ड हुन्। यिनै आधारहरूमा उभिएर हामी आजको विश्वमा संयुक्त राष्ट्रसंघीय प्रणालीअन्तर्गत मानवअधिकार उल्लंघनको उपचार खोज्न सक्दछौं। आजको विश्वमा मानवअधिकारको संरक्षण र सम्वर्द्धनका निम्ति राज्यलाई बाँध्ने राष्ट्रसंघीय सन्धिहरुको अवस्थाको अनुगमन मानवअधिकार अभियानको अभिन्न अंग हो। नेपालमा पनि त्यस्ता सन्धिहरुप्रति राज्यले पूरा गर्नुपर्ने दायित्वहरुको अवस्था कस्तो छ भन्ने विषयमा निगरानी हुन थालेको छ। देशभरका मानवअधिकार कार्यकर्ताहरुले सन्धि अनुगमनका निम्ति आवश्यक सीप र दक्षताको विकास गर्नु आवश्यक छ।

दुई-दुईवटा महायुद्धपश्चात् जारी गरिएको वडापत्रले गरेको हो, संयुक्त राष्ट्रसंघको स्थापना। अनि त्यसपछि मात्र शुरु भएको हो, मानवीय गरिमाको सम्मान नगरी सामाजिक न्याय र शान्तिसहितको विश्वको परिकल्पना गर्न सकिँदैन भन्ने नयाँ युग। आधारभूत मानवीय आवश्यकता-हरूको प्रत्याभूतिविना सामाजिक न्याय असम्भव छ भन्ने अहम् महत्वको अवधारणालाई समेटेपछि मात्र जारी गरिएको हो, मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्र।

मानवअधिकार अभियानमा संलग्न हामीले अव मानवअधिकारको परिभाषाको प्रचार-प्रसार गरेर मात्र पुग्दैन। मानवअधिकारहरुको प्रष्ट परिभाषा सन् १९४८ मा जारी गरिएको यसको विश्वव्यापी घोषणापत्रले प्रस्तुत गरेको छ। तर, संयुक्त राष्ट्रसंघीय प्रणालीमा मानवअधिकारको परिभाषा मात्र छैन। यही प्रणालीअन्तर्गत मानवअधिकारहरुको सम्मान, वहाली, संरक्षण र सम्वर्द्धन गर्नुपर्ने राज्यको दायित्वको समेत सुस्पष्ट प्रावधान रहेको छ।

मानवअधिकारको विश्वव्यापी घोषणा-पत्रले राजनीतिक दर्शनहरूका वादविवादभन्दा माथि उठेर सर्वमान्य नैसर्गिक मानवीय शर्तका रूपमा मानवअधिकारको परिभाषा प्रस्तुत गरेको छ। नागरिक तथा राजनीतिक अधिकार अनि आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, सवै मानवअधिकारका वारेमा घोषणापत्रले सुस्पष्ट परिभाषा प्रस्तुत गरेका छन्। मानवअधिकार जो विश्वव्यापी छन्। मानवअधिकार जो अविभाज्य छन्। आर्थिक अधिकारलाई राज्यले क्रमशः गच्छेअनुसार पूरा गर्दै लैजाने अधिकारका रूपमा व्याख्या गर्न सक्दछ। तर, राज्य इमान्दार भने हुनैपर्छ। उल्लेखनीय कुरा के पनि छ भने, एकथरी अधिकारले मात्र मानवअधिकारको वहाली भएको मान्न सकिँदैन। मानिस यस्तो प्राणी हो, जसलाई गाँस, वास र कपासले मात्र पुग्दैन। मानिसलाई कथा, निवन्ध, कविता लेख्न र गीत गाउन पनि मन लाग्छ। वादविवाद गर्न पनि मन लाग्छ। मानवअधिकार राज्यले प्रदान गरेर पाइने वा पाइएको होइन। यी त मानिसमा अन्तर्निहीत अधिकारहरू हुन्। राज्यले यी अधिकारहरूको व्यवस्थापन मात्र गर्ने हो।

मानवअधिकारको विश्वव्यापी घोषणा-पत्रले यस्तो सार्वकालिक दार्शनिक आधारलाई अवश्य अघि सारेको छ। तर गीता, कुरान वा वाइवलजस्तो यो घोषणापत्र मानवअधिकारको नैतिक दस्तावेजका रूपमा मात्र रही आएको छ। समयक्रममा विश्व मानवअधिकार अभियानले घोषणापत्रका अवधारणाहरूलाई व्यवहारमा लागू गराउने अन्तर्राष्ट्रिय सन्धिहरूको आवश्यकता महसुस गऱ्यो। तर, त्यस्तो आवश्यकताले अठार वर्षपछि मात्र मूर्तता पाउन सक्यो। सन् १९६६ मा अन्तर्राष्ट्रिय कानुनका रूपमा नागरिक तथा राजनीतिक अनि आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्वन्धी प्रतिज्ञापत्रहरू एकै दिन जारी गरिए। त्यसको दश वर्ष यतादेखि विश्वमा ती दुवै प्रतिज्ञापत्रहरूका अतिरिक्त झण्डै सयवटा मानवअधिकार सन्धिहरू क्रियाशील छन्।

तर, राष्ट्रसंघीय प्रणालीका अनेकन् सन्धिहरूमध्ये पनि दुई जुम्ल्याहा– नागरिक तथा राजनीतिक अधिकारहरूसम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूसम्वन्धी प्रतिज्ञापत्रका अतिरिक्त महिला अधिकार, यातनाविरुद्धको अधिकार, बालअधिकार र जातीय भेदभावविरुद्धको अधिकार गरी कूल ६ किसिमका अधिकारहरूसँग सम्वन्धित सन्धिहरूलाई विशेष महत्व प्रदान गरिएको छ। मानिसका अन्तर्निहीत र नैसर्गिकलगायत् भेदभावविरुद्धका अधिकारहरूको वहाली गराउने कानुनी संयन्त्रहरूका रूपमा रहेका यी महासन्धिहरूको व्यवहारिक स्थितिका सम्वन्धमा अनुमोदन गर्ने राष्ट्रहरूले आवधिक प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था रहेको छ। तर, यी अन्तर्राष्ट्रिय कानुन घरेलु कानुनसरह हुने कानुनी प्रावधान रहेको नेपालमा पनि हामीले मानवअधिकारका सम्वन्धमा राष्ट्रसंघीय उपचार विधिको प्रभावकारी उपयोग गर्न सकेका छैनौं।

मानवअधिकारकर्मीले अवको समयमा मानवअधिकार उल्लंघनको उपचार उपलव्ध अन्तर्राष्ट्रिय कानुनहरूका सहायताले गर्न सक्नुपर्दछ। त्यसका निम्ति चाहिन्छ, अन्तर्राष्ट्रिय प्रावधानसम्वन्धी ज्ञान र उल्लंघनलाई प्रमाणित गर्नसक्ने प्रमाण जुटाउने सीप। वस्तुनिष्ठ एवम् तथ्यपूर्ण प्रमाणविना पनि मानवअधिकार अभियानमा अघि वढ्ने उद्देश्य असान्दर्भिक नठहर्ला। तर, खोक्रो नारावाजी र प्रोपगण्डामा अल्मलिएको त्यस्तो अवस्थामा सामाजिक न्याय प्राप्तिको प्रयास जटिलतामा अल्मलिन पुग्छ।

मानवअधिकारका सम्वन्धमा संयुक्त राष्ट्रसंघले अघि सारेका सिद्धान्तहरुप्रति सहमति जनाउने सवालमा छयालीस सालपछिको नेपाल कुनै समस्या देखिँदैन। वर्तमान विश्वमा नेपाल महत्वपूर्ण र अधिकतम राष्ट्रसंघीय मानवअधिकार-हरुको अनुमोदन गर्ने राष्ट्रहरुकै पंक्तिमा पर्दछ। तर, सैद्धान्तिक सहमति वा प्रतिवद्धतालाई व्यवहारमा उतार्ने विषयमा भने नेपालको राज्यपक्ष अत्यन्त कमजोर देखिँदै आएको छ। मानवअधिकार संस्थाहरुले यो कुरा उठाउँदै आएका छन्।

प्रजातन्त्र पुनर्स्थापनापछि नेपालमा मानवअधिकारको सम्मान गर्ने सवालमा राज्यको सैद्धान्तिक विमति रहेको छैन। तर, व्यवहारमा हेर्ने हो भने त्यसपछिका दिनहरूमा झन्-झन् नयाँ-नयाँ किसिमले मानवअधिकारको उल्लंघन हुँदै गरेको देखिन्छ। यस्तो अवस्थामा हामीले मानवअधिकार उल्लंघनका घटनाहरूका सम्वन्धमा वस्तुनिष्ठ अभिलेख तयार गर्न सकेनौं भने मानवअधिकार अभियान कुइरोको काग हुन पुग्नेछ।

●

शाही कदम

"मानवअधिकारको सम्मान र संरक्षणमा राज्यका सबै अंगहरु विशेषरूपमा सतर्क र सजग रहनुपर्छ ।"

– श्री ५ ज्ञानेन्द्र

श्री ५ ज्ञानेन्द्रवाट ०६१ माघ १९ गते शेरबहादुर देउवाको नेतृत्वमा बनेको सरकार विघटन गरी आफ्नै अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुनेगरी देशको शासनसत्ता आफ्नो हातमा लिइयो। ०५९ असोज २० गते जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई "असक्षम" घोषित गरी बरखास्त गरिएको दुई वर्ष चार महिना बित्दा-नबित्दै चालिएको यो कदमपश्चात् राष्ट्रिय राजनीतिले नयाँ मोड लिएको छ। संयोग नै भनौं, दुवै पटकका कदममा बरखास्त गरिने प्रधानमन्त्री भने शेरबहादुर देउवा नै रहनुभयो।

राजावाट ०६१ माघ १९ गते विहान १०:०० बजे सार्वजनिक घोषणामा आगामी ३ वर्षभित्र देशमा शान्ति सुव्यवस्था मिलाई प्रभावकारी सुधारहरु गरेर बहुदलीय प्रजातन्त्रलाई पुन: सक्रिय तुल्याउन नयाँ मन्त्रिपरिषद् प्राथमिकताका साथ लाग्ने उल्लेख गरिएको थियो। "नेपाल र नेपालीको हितका लागि दिगो शान्तिको पुन:स्थापना तथा सार्थक प्रजातन्त्रको अभ्यासबाहेक हाम्रो अरु कुनै स्वार्थ छैन। राजसंस्था सस्तो लोकप्रियताबाट होइन, नेपाल राष्ट्र र नेपाली जनताको सर्वोत्तम हित र निरन्तर उन्नतिबाट मात्रै निर्देशित रहन्छ। जनताको प्रभावकारी सुधारहरुको चाहनालाई सबैले सम्मान गर्नैपर्छ भन्ने हामीलाई लाग्छ। कसैलाई पनि आफ्नो असहमति व्यक्त गर्न, निराशा प्रदर्शन गर्न हतियार उठाउने वाध्यता महसुस गर्नु नपरोस्। जनताको शान्ति नखल्बलाइकन प्रभावकारी ढंगमा असहमति प्रदर्शन गर्ने अवसरको सुनिश्चितता होस् भन्ने हाम्रो चाहना छ।" घोषणामा भनिएको छ, "स्वतन्त्र सञ्चार क्षेत्र प्रजातन्त्रको चेतना

देउवादेखि देउवासम्म

जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई ०५९ असोज २० गते राजाद्वारा असक्षम भनी बरखास्त गरिएको थियो। त्यसको ५ दिनपछि पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीमा नियुक्त गरियो। लोकेन्द्रबहादुरको नेतृत्वमा गठित सो सरकार आठ महिनासम्म पनि टिक्न सकेन। त्यसबीच सरकार र माओवादी दुवै पक्षले ०५९ माघ १५ गते युद्धविराम गरी ०६० वैशाख १४ गते पहिलो र वैशाख २६ गते दोश्रो चरणको वार्ता गरेका थिए। लोकेन्द्रबहादुर चन्दले राजीनामा दिएपछि अर्का पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापालाई राजाबाट प्रधानमन्त्री नियुक्त गरियो। थापा प्रधानमन्त्री बनेपछि सरकार र माओवादीबीच ०६० साउन ३२ देखि भदौ ३ गतेसम्म तेश्रो चरणको वार्ता भयो। त्यसपछि भने वार्ता प्रकृया अगाडि बढ्न सकेन। माओवादीले ०६० भदौ १० गते एकपक्षीयरुपमा युद्धविराम, वार्ता र आचारसंहिताको औचित्य समाप्त भएको घोषणा गरेपछि वार्ता भंग भयो। थापा सरकारले एक वर्ष शासन गऱ्यो। थापाको राजीनामाको लगभग एकमहिनापछि तत्कालीन अवस्थामा सडक आन्दोलनरत दलहरुमध्येको नेपाली काँग्रेस (प्रजातान्त्रिक) का सभापति तथा अघिल्लोपटक "असक्षम" भएका शेरबहादुर देउवा प्रधानमन्त्रीमा नियुक्त गरिए। देउवा सरकारमा नेकपा (एमाले), राप्रपा र नेपाल सद्भावना पार्टीसमेत सामेल भई ०६१ असार २१ मा चारदलको संयुक्त सरकार बन्यो। ०६१ असोज ७ गते देउवा सरकारले औपचारिक रुपमा माओवादीलाई वार्ताको लागि आव्हान गऱ्यो तर त्यसको भोलिपल्टै माओवादी अध्यक्ष प्रचण्डले वार्ताका लागि सरकारको हैसियत र वैधता स्पष्ट गर्न ६ वटा प्रश्न सरकारका सामू तेर्स्याए। सरकारले पनि केही दिनपछि ती प्रश्नहरुको जवाफ सार्वजनिक गऱ्यो। सरकारले मंसिर १० गते माओवादीलाई पुस मसान्तसम्म वार्ता प्रकृयामा आउन आव्हान गऱ्यो। त्यसको पर्सीपल्ट, अर्थात् मंसिर १२ गते माओवादी अध्यक्ष प्रचण्डले एक विज्ञप्ति जारी गरी सरकारले त्यसकिसिमको अवधि तोक्नु षडयन्त्र भएको बताउँदै यथास्थितिमा वार्ता हुन सम्भव नरहेको स्पष्ट पारे। संयुक्त सरकार बनेको ७ महिना बित्दा-नबित्दै ०६१ माघ १९ गते राजाबाट सरकार विघटन गरी आफ्नै अध्यक्षतामा नयाँ मन्त्रिपरिषद् गठन गर्ने घोषणा गरियो। माघ २० गते श्री ५ को अध्यक्षतामा १० सदस्यीय मन्त्रिपरिषद्को गठन भयो।

वृद्धि गर्ने माध्यम हुन्। राष्ट्रिय हितको सम्वर्द्धनमा यसको विशेष भूमिका रहन्छ। शासनशैलीसँगै जीवनपद्धतिलाई नै प्रजातान्त्रिक मूल्य र आदर्शवाट प्रेरित बनाउन सञ्चारमाध्यमले सशक्त योगदान दिनेछन् भन्ने हामीले विश्वास लिएका छौं। यसै कुरालाई मनन गरेर बहुदलीय प्रजातन्त्रमा निष्ठा राख्ने सबैले आ-आफ्नो कर्तव्य पालन गर्नेछन् र सबै देशवासीहरुको साझा प्रयासवाट जनताको चाहना र देशको आवश्यकता पूरा हुनेछ भन्ने हामीबाट पूर्ण विश्वास लिएका छौं।"

देउवा सरकार विघटन गरी राजाद्वारा शासनसत्ता आफूमा लिएलगत्तै नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा (१) बमोजिम अधिराज्यभर लागू हुनेगरी संकटकालीन अवस्थाको आदेश जारी गरिएको छ र संविधानको भाग ३, मौलिक हक अन्तर्गत रहेका विभिन्न धारा/उपधाराहरु निलम्बन गरिएका छन्।

"मानव जातिले धर्म मान्न, बोल्न, लेख्न पाउनुपर्छ तथा डर र अभाववाट मुक्ति पाउनु पर्छ भन्ने सर्वसाधारण जनताको इच्छा छ। त्यसैले, मानिसले अत्याचार र दमनलाई पन्छाउने अरु बाटा नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो भन्ने नठानुन्।" मानवअधिकारको विश्वव्यापी घोषणापत्रको प्रस्तावना बोल्छ। कसैलाई पनि आफ्नो असहमति व्यक्त गर्न, निराशा प्रदर्शन गर्न हतियार उठाउने वाध्यता महसुस गर्नु नपरोस्। जनताको शान्ति नखल्बलाइकन प्रभावकारी ढंगमा असहमति प्रदर्शन गर्ने अवसरको सुनिश्चितता होस् भन्ने हाम्रो चाहना छ।" उस्तै लाग्ने यी वाक्य भने शाही घोषणाका हुन्। तर शाही घोषणा लगत्तै लागू गरिएको संकटकालले भविष्यमा मानवअधिकार वहाल गरिने उल्लेख गर्दै कतिपय मौलिक हकको निलम्बन गरिएको छ।

शाही घोषणालगत्तै अन्तर्राष्ट्रिय समुदायले आ-आफ्नो धारणा सार्वजनिक गरेका छन्। अहिले नेपालका घटनाक्रममाथि विश्वव्यापी ध्यानाकर्षण व्यक्त भएको छ। मित्रराष्ट्र चीनको विदेश मन्त्रालयका प्रवक्ता कोङ क्वानले नेपालको राजनीतिक घटनाका सम्बन्धमा विभिन्न पक्षले टिप्पणी गरेको र आफ्नो पक्ष प्रकट गरेको स्थितिलाई आफूले ध्यानमा राखेको बताउँदै राजनीतिक समस्याको समाधान नेपाली जनताबाटै हुने विचार व्यक्त गर्नुभएको छ। यसअघि चीनले राजाको

प्रजातन्त्रप्रति प्रतिबद्धता

प्यारा देशवासीहरु,

आज हामी श्री ५ त्रिभुवन जयन्ती तथा ५५ औं राष्ट्रिय प्रजातन्त्र दिवस मनाउँदैछौं। आजको यस ऐतिहासिक दिनमा प्रजातन्त्रका प्रवर्तक प्रात: स्मरणीय जिज्यू बुबाज्यू स्वर्गीय श्री ५ त्रिभुवन तथा प्रजातन्त्रका लागि आफ्नो जीवन उत्सर्ग गर्ने सबै वीर शहीदहरुप्रति हामी श्रद्धाञ्जली अर्पण गर्न चाहन्छौं।

प्रजातन्त्रमा राष्ट्र र जनताको हितमा राजनीति समर्पित हुनैपर्दछ। जहाँ सुनीति हुन्छ, त्यहाँ सुशासन हुन्छ, जहाँ सुशासन हुन्छ, त्यहाँ सार्थक प्रजातन्त्र हुन्छ। प्रजातान्त्रिक मूल्य र मान्यताविपरीतको राजनीतिले जनतामा निराशा र अन्यौल बढ्दै गएर प्रजातन्त्रप्रति नै वितृष्णा फैलिन थालेको सबैले महसुस गरेकै हो। एकातिर आतंकवादको आक्रमण र अर्कोतिर जनताबाट विमुख राजनीतिले देशमा अस्थिरता बढाउँदै लगी प्रजातन्त्रको भविष्य नै जोखिममा पऱ्यो। यस्तो दुरावस्थाबाट देश र बहुदलीय प्रजातन्त्रलाई सुरक्षित तुल्याउन हामीले कदम चाल्नुपरेको तथ्य देशवासीहरुलाई स्पष्ट भइसकेको छ। वास्तवमा २१ औं शताब्दी भन्नु नै बहुदलीय प्रजातन्त्रको शताब्दी हो। देशमा शान्तिसुरक्षा कायम गरी निष्पक्ष निर्वाचन सम्पन्न गरेर बहुदलीय प्रजातन्त्रलाई सक्रिय र सबल बनाउन प्रजातन्त्रमा निष्ठा राख्ने सबै व्यक्ति, राजनीतिक दल, बौद्धिक समुदाय र नागरिक समाजको कर्तव्य हो।

अन्तमा, राष्ट्रिय प्रजातन्त्र दिवसले सबै नेपालीलाई प्रजातन्त्रको संरक्षण र सम्बर्द्धनमा दत्तचित्त भई मानव सभ्यताको यो उत्कृष्ट शासन व्यवस्थालाई सार्थक बनाउन प्रेरणा देओस्- यही हाम्रो कामना छ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्। जय नेपाल !

(५५ औं प्रजातन्त्र दिवसका अवसरमा राजावाट देशवासीका नाममा बक्सेको सन्देश)

मानवअधिकार संरक्षणमा ध्यानाकर्षण

राष्ट्रिय मानव अधिकार आयोगले देशको परिवर्तित परिस्थिति र संकटकाल लागू भएको सन्दर्भमा मानवअधिकारको संरक्षणको विषयमा आफ्नो ध्यानाकर्षण भएको जनाएको छ। आयोगका का.म. सचिव केशरप्रसाद पौड्यालद्वारा ०६१ माघ २१ गते जारी पेस विज्ञप्तिमा संयुक्त राष्ट्रसंघको सदस्य र मानवअधिकारसम्बन्धी सबै प्रमुख सन्धिसम्झौताहरुको पक्षराष्ट्रको नाताले मानवअधिकारहरुको संरक्षण गर्ने नेपालको दायित्वप्रति पनी उल्लेख गर्दै जस्तोसुकै अवस्थामा पनि नेपाल अधिराज्यको संविधान २०४७ को मूल मर्मअनुसार संकटकालको अवस्थामा समेत बहुदलीय प्रजातन्त्र र मानवअधिकारको संरक्षणको दायित्वप्रति सचेत रहन आग्रह गरिएको छ। संविधानप्रदत्त शान्तिपूर्ण राजनीतिक क्रियाकलापमा संलग्न हुन पाउने हकको उपभोग गर्नसक्ने अवस्था सृजना गर्न तथा मानवअधिकारकर्मीहरुको सुरक्षाप्रति सजग रहनसमेत आयोगले सरकारसमक्ष अनुरोध गरेको छ। देशलाई लामो समयसम्म सञ्चारविहीन अवस्थामा राख्दा जनताको न्यूनतम अधिकारहरुको उपभोगमा प्रतिकूल प्रभाव परिरहेको स्थितितर्फ ध्यानाकर्षण गराउँदै कुनै पनि निर्णय गर्दा मानवअधिकारका स्थापित मान्यताहरुको सम्मान गर्न समेत आयोगले श्री ५ को सरकारसमक्ष अनुरोध गरेको छ।

कदमलाई नेपालको "आन्तरिक मामिला" बताएको थियो।

त्यसैगरी पाकिस्तानी प्रधानमन्त्री सौकत अजिजले नेपालमा विकसित राजनीतिक घटनाक्रम यहाँको आन्तरिक मामिला भएको बताउँदै आफ्नो देश कुनै पनि राष्ट्रको आन्तरिक मामिलामा अहस्तक्षेपको सिद्धान्तमा रहेको धारणा व्यक्त गर्नुभएको छ। पाकिस्तानी विदेश मन्त्रालयका तर्फबाट पाकिस्तानी दुतावासद्वारा जारी अर्को एक विज्ञप्तिमा पनि नेपालको घटनालाई आन्तरिक मामिला उल्लेख गर्दै पाकिस्तानले नेपाललाई सक्दो सहयोग गर्ने वचनबद्धता व्यक्त गरिएको छ। भारतले विगतदेखि नै बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको समर्थन गरेको उल्लेख गर्दै नयाँ राजनीतिक विकासले राजसंस्था र मूल प्रवाहका राजनीतिक दलहरुलाई सोझो द्वन्द्वमा ल्याएको र यसबाट केवल प्रजातन्त्रलाई मात्र नभई राजसंस्थालाई पनि कम आँक्ने पक्षलाई फाइदा पुग्ने बताएको छ।

संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले गम्भीर ध्यानाकर्षण भएको जनाउँदै, प्रजातान्त्रिक स्वतन्त्रता र संस्थाहरुको यथाशीघ्र पुनर्स्थापनातर्फ कदम चाल्नुपर्ने आवश्यकता औंल्याउनु भएको छ। राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त लुइस आर्बरले मानवअधिकारप्रतिका मौलिक मान्यताप्रति श्री ५ बाट देखाइबक्सेको प्रतिबद्धताको पालना हुने अपेक्षा गरेको बताउँदै प्रजातन्त्रले नै मानवअधिकारको रक्षा र प्रबर्द्धनमा उपयुक्त वातावरण सृजना गर्ने धारणा व्यक्त गर्नुभएको छ। त्यसैगरी राष्ट्रसंघीय मानवअधिकार विशेषज्ञहरुले नेपाली नागरिक, उनीहरुका प्रतिनिधिहरु तथा मानवअधिकार रक्षकहरु, पत्रकारहरु, कानुन व्यवसायीहरु र राजनीतिक नेताहरुको रक्षातर्फ कदम चालिनुपर्ने धारणा व्यक्त गर्नुभएको छ। ब्रिटेनका विदेशमन्त्री डग्लस अलेक्जेण्डरले नेपालमा अस्थिरताको खतरा बढ्ने उल्लेख गर्दै ब्रिटिश सरकारले आफ्नो सुरक्षा तथा विकास सहायतामा यो कदमको प्रभाव आँकलन गर्ने बताउनु भएको छ। अमेरिकाले आफू शान्तिपूर्ण, उन्नत र प्रजातान्त्रिक नेपालको पक्षमा रहेको उल्लेख गरेको छ भने जापान सरकारले नेपालमा छिट्टै प्रजातन्त्र र संवैधानिक राजतन्त्रमा आधारित शान्ति र स्थिरताको अपेक्षा गरेको छ।

युरोपेली युनियनले समझदारी र प्रजातान्त्रिक जगमा आधारित समाधान नै नेपालको वर्तमान द्वन्द्व अन्त्य गर्ने स्वीकार्य र दिगो बाटो भएको बताएको छ। अन्तर्राष्ट्रिय मानवअधिकार संस्था एमनेष्टी इन्टरनेशनल, ह्यमन राइट्स वाचलगायत्ले मानवअधिकार रक्षकहरु, राजनीतिक कार्यकर्ता तथा मानव अधिकार आयोगका पदाधिकारीहरु द्वन्द्वरत पक्षहरुको निशाना नबनून् भन्ने चासो व्यक्त गर्दै

मानवअधिकारप्रति सचेत हुन निर्देशन

प्रधानसेनापति प्यारजंग थापाले संकटकालको अवस्थामा सुरक्षाकर्मीहरुलाई असीमित अधिकार प्राप्त हुन्छ भन्ने भ्रम उत्पन्न हुन नदिई अन्तर्राष्ट्रिय कानुन, जेनेभा महासन्धि तथा मानवअधिकारको सम्मान तथा संरक्षण गर्ने सबै सुरक्षाकर्मीलाई सचेत हुन निर्देशन जारी गर्नुपर्ने बताउनु भएको छ। शाही घोषणापछि शाही नेपाली सेनालाइ थप जिम्मेवारी प्राप्त भएका सन्दर्भमा सबै पृतनापति तथा निर्देशकहरुलाई ०६१ माघ २१ गते निर्देशन दिंदै थापाले उक्त कुरा बताउनु भएको हो। उहाले सुरक्षा कारवाहीका सिलसिलामा परिचालित सबै सुरक्षाकर्मीहरुले स्थानीय जनतासंग नम्रतापूर्वक सैनिक मर्यादाअनुरुपको शिष्टता प्रदर्शन गर्नाका साथै जनतासंग सरोकार राख्ने विषयहरुमा सेवा प्रदान गर्ने समयमा समेत राम्रो व्यवहार गरेको यकिन गर्नुपर्नेमा जोड दिनुभयो। वर्तमान परिस्थितिमा सर्वसाधारण नागरिक तथा नागरिक समाजको ध्यान शाही नेपाली सेनामा केन्द्रित हुने भएकाले सबै तहका पति तथा स्टाफहरुले आफ्नो स्वच्छ छवि प्रतिबिम्ब हुनेगरी नमूनालायक व्यवहार प्रदर्शन गर्नुपर्ने प्रधानसेनापति थापाले बताउनुभयो।

(रासस)

राजाको अध्यक्षतामा गठित मन्त्रिपरिषदका सदस्यहरू

१. डा. तुलसी गिरी, उपाध्यक्ष
२. किर्तिनिधि बिष्ट, उपाध्यक्ष
३. रमेशनाथ पाण्डे
४. राधाकृष्ण मैनाली
५ कृष्णराज थकाली
६. बृद्धिराज बज्राचार्य
७. श्रीमति दुर्गा श्रेष्ठ
८. टंक ढकाल
९. दानबहादुर शाही
१०. खड्गबहादुर जीसी
११. रामनारायण सिंह
१२. मधुकरशमशेर जबरा

बहुदलीय प्रजातान्त्रिक परिपाटी अनुभूत गराउन आग्रह गरेका छन्।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्रीले शाही घोषणामा मानवअधिकारको सम्मान र संरक्षणमा राज्यका सबै अंग विशेषरुपमा सतर्क र सजग रहनुपर्ने उल्लेख भएको र यस्तो बेला सुरक्षा व्यवस्था सुदृढ तुल्याउनु चुनौति बनेको बताउनुभएको छ। त्यसैगरी विभिन्न १४ वटा मानवअधिकार संस्थाहरुले ०६१ माघ २१ गते एक विज्ञप्ति जारी गरी विद्यमान गम्भीर परिस्थितिमा मानवअधिकारको स्थिति खस्कँदै गएका कारण संयुक्त राष्ट्रलगायत् अन्य मानवअधिकार संस्थाहरुलाई नेपालको मानवअधिकारको स्थिति अनुगमन कार्य सक्रियताका साथ अगाडि बढाउन अनुरोध गरेका छन्। उनीहरुले यस गम्भीर परिस्थितिमा प्रजातन्त्र तथा मानवअधिकारका सर्वव्यापी सिद्धान्तहरुको तत्काल पुनर्बहाली तथा यसको सम्मानका लागि आवश्यक कदम चाल्न पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसमक्ष अपिल गरेका छन्।

शाही घोषणामा, सार्थक बहुदलीय प्रजातन्त्र नै जनताको प्रभावकारी शासन प्रणाली भएको स्पष्ट पारिएको छ। यस्तो स्पष्टतालाई राजाद्वारा ०६१ फागुन ७ गते प्रजातन्त्र दिवसका अवसरमा देशवासीका नाममा दिइएको सन्देशसम्म आइपुग्दा "मानव सभ्यताको उत्कृष्ट शासन व्यवस्था" का रुपमा स्वीकार गरिएको छ। सन्देशमा "२१ औं शताब्दी भन्नु नै बहुदलीय प्रजातन्त्रको शताब्दी" भएको उल्लेख गरिएको छ। प्रजातन्त्रको महत्वलाई सैद्धान्तिकरुपमा स्वीकार गरिनु आफैमा सकारात्मक छ, जसले व्यवहारिक प्रजातन्त्र र बहुदलीय शासन व्यवस्थाको अपरिहार्यता स्वीकार गरेको छ। सिद्धान्त र व्यवहारबीचको सामञ्जस्यताले नै अभिव्यक्तिको वजन बढाउने छ भन्ने कुरामा दुईमत हुन सक्दैन।

मौलिक अधिकार, प्रजातान्त्रिक प्रणाली र प्रेस स्वतन्त्रताको बहाली, गिरफ्तार राजनीतिकर्मी एवम् पत्रकार र मानवअधिकारकर्मीहरुको रिहाई, प्रेस सेन्सरसीपको अन्त्यलगायत्का कार्यबाट प्रजातन्त्र र मानवअधिकार बहालीको अनुभूति हुनसक्छ। यी सवाललाई अहिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायले प्रमुखताका साथ उठाइरहेका छन्। नेपालको राजनीतिक परिवर्तनसँगै विभिन्न राष्ट्रहरुले नेपालप्रति आ-आफ्ना रणनीतिहरु सार्वजनिक गर्दै आएका छन्। भावी दिनमा निर्णायक रणनीतिले कुन दिशा समात्ने हो भन्ने अझै स्पष्ट भइसकेको छैन।

अहिले श्री ५ कै अध्यक्षतामा गठित मन्त्रिपरिषद् कार्यरत छ। संकटकालीन अवस्थाको घोषणा गरिएको छ। देशको भावी राजनीतिले कुन मोड लिने हो हेर्न बाँकी नै छ। तर पनि जनताको आधारभूत अधिकारको रक्षा र सम्मान जुनसुकै अवस्थामा पनि अहरणीय विषयवस्तु हुन्। यसका लागि सम्बन्धित सबै पक्षको ध्यान जानु आवश्यक छ, जसले "नेपाल र नेपालीको हितका लागि दिगो शान्तिको पुन:स्थापना तथा सार्थक प्रजातन्त्रको अभ्यासबाहेक अरु कुनै स्वार्थ नभएको" अनुभूति दिन सकोस्, प्रजातन्त्र जीवनशैलीका रुपमा व्यवहारमा परिणत हुन सकोस्। मानवअधिकारलाई केन्द्रविन्दू बनाएर शासन व्यवस्था संचालन हुनसक्यो भने २१ औं शताब्दीले स्वीकार गर्न सक्नेछ। यसतर्फ गम्भीर हुन सकियो र कदमहरुलाई तदनुरुप परिलक्षित गर्न सकियो भने "जनताद्वारा जनताका लागि जनताको शासन" धरातलीय यथार्थ बन्नेछ।

● *प्रकाश ज्ञवाली*

राजाको अध्यक्षतामा गठित मन्त्रिपरिषदका सदस्यहरु

१. डा. तुलसी गिरी, उपाध्यक्ष
२. किर्तिनिधि विष्ट, उपाध्यक्ष
३. रमेशनाथ पाण्डे
४. राधाकृष्ण मैनाली
५. कृष्णराज थकाली
६. बुद्धिराज बज्राचार्य
७. श्रीमति दुर्गा श्रेष्ठ
८. टंक ढकाल
९. दानबहादुर शाही
१०. खड्गबहादुर जीसी
११. रामनारायण सिंह
१२. मधुकरशमशेर जबरा

बहुदलीय प्रजातान्त्रिक परिपाटी अनुभूत गराउन आग्रह गरेका छन्।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्रीले शाही घोषणामा मानवअधिकारको सम्मान र संरक्षणमा राज्यका सबै अंग विशेषरुपमा सतर्क र सजग रहनुपर्ने उल्लेख भएको र यस्तो बेला सुरक्षा व्यवस्था सुदृढ तुल्याउनु चुनौति बनेको बताउनुभएको छ। त्यसैगरी विभिन्न १४ वटा मानवअधिकार संस्थाहरुले ०६१ माघ २१ गते एक विज्ञप्ति जारी गरी विद्यमान गम्भीर परिस्थितिमा मानवअधिकारको स्थिति खस्कँदै गएका कारण संयुक्त राष्ट्रलगायत् अन्य मानवअधिकार संस्थाहरुलाई नेपालको मानवअधिकारको स्थिति अनुगमन कार्य सक्रियताका साथ अगाडि बढाउन अनुरोध गरेका छन्। उनीहरुले यस गम्भीर परिस्थितिमा प्रजातन्त्र तथा मानवअधिकारका सर्वव्यापी सिद्धान्तहरुको तत्काल पुनर्बहाली तथा यसको सम्मानका लागि आवश्यक कदम चाल्न पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसमक्ष अपिल गरेका छन्।

शाही घोषणामा, सार्थक बहुदलीय प्रजातन्त्र नै जनताको प्रभावकारी शासन प्रणाली भएको स्पष्ट पारिएको छ। यस्तो स्पष्टतालाई राजाद्वारा ०६१ फागुन ७ गते प्रजातन्त्र दिवसका अवसरमा देशवासीका नाममा दिइएको सन्देशसम्म आइपुग्दा "मानव सभ्यताको उत्कृष्ट शासन व्यवस्था" का रुपमा स्वीकार गरिएको छ। सन्देशमा "२१ औं शताब्दी भन्नु नै बहुदलीय प्रजातन्त्रको शताब्दी" भएको उल्लेख गरिएको छ। प्रजातन्त्रको महत्वलाई सैद्धान्तिकरुपमा स्वीकार गरिनु आफैमा सकारात्मक छ, जसले व्यवहारिक प्रजातन्त्र र बहुदलीय शासन व्यवस्थाको अपरिहार्यता स्वीकार गरेको छ। सिद्धान्त र व्यवहारबीचको सामञ्जस्यताले नै अभिव्यक्तिको वजन बढाउने छ भन्ने कुरामा दुईमत हुन सक्दैन।

मौलिक अधिकार, प्रजातान्त्रिक प्रणाली र प्रेस स्वतन्त्रताको बहाली, गिरफ्तार राजनीतिकर्मी एवम् पत्रकार र मानवअधिकारकर्मीहरुको रिहाई, प्रेस सेन्सरसीपको अन्त्यलगायत्का कार्यबाट प्रजातन्त्र र मानवअधिकार बहालीको अनुभूति हुनसक्छ। यी सवाललाई अहिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायले प्रमुखताका साथ उठाइरहेका छन्। नेपालको राजनीतिक परिवर्तनसँगै विभिन्न राष्ट्रहरुले नेपालप्रति आ-आफ्ना रणनीतिहरु सार्वजनिक गर्दै आएका छन्। भावी दिनमा निर्णायक रणनीतिले कुन दिशा समात्ने हो भन्ने अझै स्पष्ट भइसकेको छैन।

अहिले श्री ५ कै अध्यक्षतामा गठित मन्त्रिपरिषद् कार्यरत छ। संकटकालीन अवस्थाको घोषणा गरिएको छ। देशको भावी राजनीतिले कुन मोड लिने हो हेर्न बाँकी नै छ। तर पनि जनताको आधारभूत अधिकारको रक्षा र सम्मान जुनसुकै अवस्थामा पनि अहरणीय विषयवस्तु हुन्। यसका लागि सम्बन्धित सबै पक्षको ध्यान जानु आवश्यक छ, जसले "नेपाल र नेपालीको हितका लागि दिगो शान्तिको पुनःस्थापना तथा सार्थक प्रजातन्त्रको अभ्यासबाहेक अरु कुनै स्वार्थ नभएको" अनुभूति दिन सकोस्, प्रजातन्त्र जीवनशैलीका रुपमा व्यवहारमा परिणत हुन सकोस्। मानवअधिकारलाई केन्द्रविन्दू बनाएर शासन व्यवस्था संचालन हुनसक्यो भने २१ औं शताब्दीले स्वीकार गर्न सक्नेछ। यसतर्फ गम्भीर हुन सकियो र कदमहरुलाई तदनुरुप परिलक्षित गर्न सकियो भने "जनताद्वारा जनताका लागि जनताको शासन" धरातलीय यथार्थ बन्नेछ।

● *प्रकाश ज्ञवाली*

श्री ५ को

प्यारा देशबासीहरु,

१. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहवाट प्रारम्भ गरिवक्सेको एकीकरण अभियानवाट निर्माण भएको नेपाल अधिराज्यमा लोकसम्मतिको आधारमा शासन व्यवस्था चलाउन हाम्रा पूर्वजहरुवाट ऐतिहासिक महत्वका क्रान्तिकारी पाइलाहरु चालिवक्सेर देश र जनतालाई उज्ज्वल भविष्यप्रति आलोकित गरिबक्सेको सर्वविदितै छ। नेपालको एकीकरण, प्रजातान्त्रिकरण र आधुनिकीकरणको प्रत्येक मोडमा नेपाली जनता र राजा दुवै मिलेर निर्णायक भूमिका खेलेको इतिहास स्वयम् साक्षी छ।

२. आज जनचाहनाबमोजिम देश र जनताका लागि शान्ति पुन:स्थापना गरी बहुदलीय प्रजातन्त्रको रक्षाका लागि फेरि एकपटक ऐतिहासिक निर्णयको घडीमा हामी आइपुगेका छौं। हत्या, हिंसा र विध्वंसले देशलाई विनाशको भिरालोमा पुऱ्याउँदा पनि, देश र जनताको नाममा राजनीति गर्नेहरुले देश र जनताको हितप्रति आँखा चिम्लिन छाडेनन्। सत्ताको लागि हानाथाप, सत्ता पाएपछि राज्य संयन्त्रको दुरुपयोग तथा देश र जनताको मूल्यमा व्यक्तिगत वा समूहगत स्वार्थ पूरा गर्ने प्रतिस्पर्धाले परिस्थिति निरन्तर बिग्रने क्रम चली नै रह्यो। राजनीतिको नाममा कानुनी राज्यको सर्वमान्य मर्यादा पनि भंग गर्ने प्रयासहरु भए। बहुदलीय प्रजातन्त्रको सार्थक अभ्यासद्वारा हाम्रा प्यारा जनताले सामाजिक, राजनीति[illegible] एवम् आर्थिक न्याय पाउन् भन्ने हाम्रो चाहनाले मूर्त रुप लिन सकेन। जनहितमा निर्माण गरिएका विकासका पूर्वाधारहरुसमेत ध्वस्त पार्नेजस्ता देश र जनविरोधी अपराधहरु निरन्तर बढ्दै गए। आतंकवाद विरुद्ध सम्पूर्ण प्रजातान्त्रिक शक्तिहरु संगठित रुपमा प्रस्तुत हुनुपर्नेमा सत्ताको हानाथापमा लागेर सोझा कार्यकर्ताहरुलाई जनहितका लागि बनेका सुविधाहरु ध्वस्त पार्न उक्साउनुमा नै नेताहरुले राजनीतिको नाम दिन थाले। यसरी निरन्तर बिग्रँदै गएको अवस्थामा आतंककारी गतिविधिमा पूर्णविराम लगाएर शान्ति सुरक्षाको पुन:स्थापनाद्वारा जनचाहना पूरा गर्ने संकल्प लिनुपरेको छ।

संकटकालीन अवस्था घोषणा

श्री ५ बाट नेपालको सार्वभौमसत्ता, अखण्डता एवम् सुरक्षामा गम्भीर संकट उत्पन्न हुन गएकाले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ को उपधारा (१) बमोजिम नेपाल अधिराज्यभर तत्काल लागू हुनेगरी संकटकालीन अवस्थाको आदेश जारी गरिएको छ। उक्त उपधारामा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विशृंखलताको कारणले गम्भीर संकट उत्पन्न भएमा श्री ५ बाट नेपाल अधिराज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सकिबक्सनेछ भन्ने उल्लेख छ। सोही धाराको उपधारा (८) बमोजिम नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ को उपधारा (२) को खण्ड (क), (ख) र (घ), धारा १३ को उपधारा (१) र धारा १५, १६, १७, २२ र २३ (बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हकबाहेक) निलम्बन गरिबक्सेको श्री ५ महाराजाधिराजका संवाद सचिवालयद्वारा ०६१ माघ १९ गते जारी विज्ञप्तिमा जनाइएको छ।

निलम्बित धाराको व्यवस्था

धारा १२: स्वतन्त्रताको हक

उपधारा (२) को खण्ड (क) विचार र अभिव्यक्तिको स्वतन्त्रा (ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता (घ) अधिराज्यभर आवतजावत र वसोबास गर्ने स्वतन्त्रता।

धारा १३: छापाखाना र पत्रपत्रिकासम्बन्धी हक

उपधारा (१) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूर्वप्रतिबन्ध लगाइनेछैन। तर, नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरुका बीचको सुसम्बन्ध खलल पर्ने वा राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन।

धारा १५: निवारक नजरबन्द विरुद्धको हक

उपधारा (१) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र

घोषणा

प्यारा देशवासीहरु,

३. प्रजातन्त्र र प्रगति एकअर्काको परिपूरक हुन्। तर नेपालको विगत केही वर्षको तीतो अनुभवले यसलाई असंगति साबित गर्न चेष्टा गऱ्यो। सत्ताको लागि केन्द्रीत राजनीतिमा नै अलमल्याएर बहुदलीय प्रजातन्त्रलाई अवमूल्यन गरियो। सरकार टिकाउने र फाल्ने होडमा संसदमा बिकनिहरु भित्र्याइयो। कुनै पनि प्रतिनिधिसभालाई आफ्नो अवधि पूरा गर्न दिइएन। प्रजातान्त्रिक प्रक्रिया बेथितीको निरन्तरताले अवरुद्ध हुन थाल्यो। जनताको आशा भंग गर्ने, भरोसा भत्काउने र प्रजातन्त्रमा नै वितृष्णा फलाउने क्रम बढ्दै गयो। चुनाव गराउन नसकेपछि कसैप्रति पनि उत्तरदायी हुन नपर्ने अप्रजातान्त्रिक सरकारको अभ्यास शुरु गर्ने तारतम्य मिलाउन खोजियो। जनप्रतिनिधिहरुको शून्यता सृजना गर्न सबै दलहरु लिखितरुपमा एकजुट भए, तर यो शून्यता हटाउन मिलेर काम गर्न भने सहमत भएनन्। राजनीतिक दलहरुको संलग्नता र सहमतिमा भएको जनप्रतिनिधित्व बिनाका शासन व्यवस्थाको चाँजोपाँजो जनचाहना तथा बहुदलीय प्रजातन्त्रको मर्यादा अनुकूल थिएन। त्यसैले शीघ्रातिशीघ्र जनप्रतिनिधित्व प्रणालीलाई क्रियाशील तुल्याउने उद्देश्यले प्रजातन्त्रमा निष्ठा राख्ने सबैलाई हामीबाट आव्हान गरेका थियौं। आम जनता, जेठा नागरिकहरु, नागरिक समाजका प्रतिनिधिहरु तथा राजनीतिक दलका नेताहरुलाई पटक-पटक भेटेर जनमत बुझ्ने र जनचाहना तथा देशको आवश्यकता सम्झाउने प्रयास पनि गरिएकै हो। नेपाल र नेपाली जनताले भोग्नु परिरहेको अशान्ति र ध्वंसात्मक गतिविधिको अन्त्य गरी देशलाई शान्तिपूर्ण अवस्थामा फर्काउन अब ढिलो गर्नु हुँदैन भन्ने नेपाली जनता र नेपालको हितैषीहरुको एकमात्र चाहना भएको तथ्य पनि सम्झाइएकै हो। शान्ति सुरक्षा कायम गरी आमचुनाव गराउन विभिन्न राजनीतिक दलहरुका नेताहरुलाई कार्यकारिणी अधिकारसहित मन्त्रिपरिषद गठन गर्ने अवसरहरु पनि पटक-पटक दिइएकै हो। तर परिस्थितिमा सुधार आउन सकेन। मिलेर सरकार नचलाउने, सत्ताबाहिर जानेबित्तिकै सरकारको विरोधमा उत्रन सक्रामक रंगले राष्ट्रिय राजनीतिलाई सिकिस्त बनायो। प्रजातन्त्रसमक्ष आतंकवादले तेर्साएको एकदलीय निरंकशताको चुनौतीलाई निस्तेज तुल्याउने गम्भीर प्रयास हुन सकेन। राष्ट्रिय सुरक्षाका विषयमा हल्का टिप्पणी गर्ने बानी हटेन। देश र जनताको सुरक्षाका लागि रातदिन क्रियाशील रहने सुरक्षा निकायहरुका कर्तव्यनिष्ठ अधिकारी तथा जवानहरुको देशभक्तिको सत्प्रयासमा बल पुऱ्याउने जिम्मेवारपन राजनीतिक दलहरुमा देखिएन। देश र जनताविरुद्ध चलिरहेको विनाशको दुष्कर्मलाई सदाको लागि अन्त्य गर्न बहुदलीय प्रजातन्त्रवादीहरुबीच देशहितको बिन्दुमा निष्ठापूर्ण एकता कायम हुन सकेन। दलहरुले जनचाहनाअनुसार राष्ट्रिय प्राथमिकता ठम्याउन पनि सकेनन्।

व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिनेछैन।

उपधारा (२) निवारक नजरबन्द राख्ने अधिकारीले कानुनबिपरीत वा बदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानुनद्वारा तोकिएबमोजिम क्षतिपूर्ति पाउनेछ।

धारा १६: सूचनाको हक

प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ। तर, यस धारामा लेखिएको कुनै पनि कुराले कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाइएको मानिनेछैन।

धारा १७: सम्पत्तिको हक

उपधारा (१) सबै नागरिकलाई प्रचलित कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ।

उपधारा (२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सृजना गर्नेछैन।

उपधारा (३) सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सृजना गर्दा दिनुपर्ने क्षतिपूर्ति, त्यसको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारित गरिएबमोजिम हुनेछ।

धारा २२: गोपनियताको हक

कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनियता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ।

धारा २३: संवैधानिक उपचारको हक (बन्दी प्रत्यक्षीकरणबाहेक)

यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ८८ मा लेखिएको तरिकाअनुसार कारबाही चलाउन पाउने हक सुरक्षित गरिएको छ।

श्री ५ बाट जारी थप आदेशहरू

राजाबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ को उपधारा (७) बमोजिम विभिन्न आदेश जारी गरिएको। श्री ५ महाराजाधिराजका संवाद सचिवालयद्वारा ०६१ माघ २५ गते प्रकाशित सूचनाअनुसार नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता र शान्ति सुरक्षामा खलल नपर्ने तथा वर्तमान संकटकालीन अवस्थालाई प्रतिकूल असर नहुनेगरी नेपाल अधिराज्यभित्र आवतजावत गर्न, सम्पत्तिको बेचबिखन गर्न, बसोबास गर्न पाइनेछ। आवश्यक परेमा स्थानीय प्रशासनले सो काम कारवाही गर्न रोक लगाउने वा पूर्वस्वीकृति लिनपर्ने व्यवस्था लागू गर्नसक्ने पनि आदेशमा उल्लेख छ।

आदेशअनुसार सरकारलाई आवश्यक परेको खण्डमा क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी वा तोकिएको अधिकारीले मुआब्जा, क्षतिपूर्ति दिई कसैको चलअचल सम्पत्ति निश्चित समयको लागि वा स्थायीरुपमा हक हस्तान्तरण गरी लिनसक्नेछ।

नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता र शान्ति सुरक्षामा खलल नपर्ने तथा वर्तमान संकटकालीन अवस्थालाई प्रतिकूल असर नहुनेगरी गोष्ठी, सभा सम्मेलन वा अन्तरक्रिया कार्यक्रमहरु तोकिएको स्थानमा क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी वा तोकिएका अधिकारीका अनिवार्यरुपले पूर्वस्वीकृति लिएर सञ्चालन गर्न सकिने व्यवस्था पनि आदेशमा गरिएको छ।

आदेशअनुसार सरकारले आफ्नो मातहतका कर्मचारीहरुलाई संकटकालीन अवस्थाको अवधिभर काज खटाउन, सरुवा वा पदस्थापन गर्न, कायम मुकायम मुकरर गर्न वा रिक्त पदमा अस्थायी नियुक्ति गर्न सक्नेछ।

श्री ५ को सरकारको सचिवालय, मन्त्रालय वा सोअन्तर्गतका विभाग तथा अन्य कार्यालय वा सरकारको स्वामित्व रहेको संस्थाका कर्मचारीले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा शान्ति सुरक्षामा आँच आउने वा राजनीतिकरुपले प्रेरित कुनै किसिमको संघसंस्था खोल्न वा सोसिसकेमा संघसंस्थाबाट यस्ता क्रियाकलाप गर्न लगाइने पनि आदेशमा उल्लेख छ।

आदेशअनुसार, देशमा शान्ति सुरक्षा कायम गर्न खटिएका सुरक्षा निकायहरुको मनोबलमा प्रतिकूल असर पर्नेगरी उनीहरुको काम कारवाहीलाई लिएर प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सार्वजनिक टिका-टिप्पणी गर्न पाइनेछैन।

संकटकालीन अवस्थामा नेपाल अधिराज्यको शान्ति सुरक्षा कायम गर्न खटिएका सुरक्षाकर्मी, सुरक्षा अधिकारी वा तोकिएका अधिकारीले आवश्यक ठानेमा टेलिफोन, रेडियो, फ्याक्स, टेलिभिजन, ईमेललगायतका विद्युतीय सञ्चारका साधनहरुबाट प्रचारप्रसार गर्न गराउन रोक लगाउने, यस्ता साधन र प्रक्रियामा अनुगमन गर्नेजस्ता कार्यहरुसमेत गर्न सक्नेछ।

सूचनाअनुसार, माथि उल्लेखित कुराहरुका विपरीत कार्य गर्ने, आदेशको पालना नगर्ने, असहयोग गर्ने व्यक्तिलाई स्थानीय प्रशासनले तुरुन्त नजरबन्दमा राखी कारवाही गर्न/गराउन सक्नेछ। साथै, आदेशमा लेखिएकोमा आदेशबमोजिम र अरुमा प्रचलित कानुनबमोजिम हुने पनि संवाद सचिवालयद्वारा प्रकाशित सूचनामा उल्लेख छ।

४. नेपाली जनताले इतिहासमा यस्तो आतंक, सास्ती र शोषण कहिल्यै भोग्नुपरेको थिएन। अपराधीहरुबाट नै दण्डित हुनुपर्ने, आफ्नो वैध सम्पत्ति अपराधीहरुले कब्जा गर्दा पनि, निर्दोष बालबालिका, महिला र बृद्धहरुको निर्मम हत्या गर्दा पनि जनताको नाममा सत्तामा पुगेकाहरुबाट संरक्षण पाउन नसक्ने, जनताको प्रतिनिधित्व गर्छु भन्ने दलहरु जनताको पक्षमा नउभिने दुरावस्था कुनै पनि प्रजातन्त्रले कहिल्यै पनि भोग्नुपरेको थिएन। नेपाली जनताको चाहना र राष्ट्रहितलाई बेवास्ता गरी प्रायोजित भीडलाई अघि सारेर व्यक्ति वा झुन्डको दुराग्रहलाई राष्ट्रिय एजेन्डा बनाउन सकिँदैन। देश र जनताको भविष्यप्रतिको दायित्वबोधले धेरैपटक घच्घच्यायो। परिस्थिति एउटा यस्तो नाजुक मोडमा आइपुग्यो, जब देश र जनताको हितमा जनभावनाबमोजिम निर्णय लिन हामी वाध्य हुनैपर्‍यो।

प्यारा देशवासीहरु,

५. राजा र जनताबीचको घनिष्ट सम्बन्ध नै नेपालको स्वतन्त्रता, राष्ट्रिय एकता र निर्वाध सार्वभौमसत्ताको मुख्य कवच हो। देश र जनताको हितमा सदा समर्पित रहने राजसंस्था र देशभक्तिको संस्कार भएका जनता नै नेपाल अधिराज्यको इतिहासको गौरवमय अतीत हो, यही नै वर्तमान र भविष्य पनि हो। यही गौरवमय परम्पराको निरन्तरतामा लोकसम्मतिअनुसार चल्नु नै राजसंस्थाको अपरिवर्तनीय प्रतिबद्धता रहँदै आएको छ। अधिनायकवाद वा निरंकुशता शाहवंशीय राजतन्त्रात्मक संस्कारकै असंगति हुन्। सामाजिक न्यायमा हामी विश्वास गर्छौं। संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र नै सबै नेपालीको अटल विश्वास तथा अपरिवर्तनीय प्रतिबद्धता भएको तथ्यसँग हामीले आफूलाई आत्मसात गरेका छौं। शक्तिको केन्द्रीकरण प्रजातान्त्रिक मूल्यविपरीत हो भन्ने हाम्रो ठहर छ। माथिल्लो तहदेखि तल्लो तहसम्म निर्वाचित जनप्रतिनिधिहरुका

निकायहरुलाई शक्ति विकेन्द्रीकरणको सिद्धान्तअनुसार राज्य संचालनको सच्चा हकदार बनाएरमात्रै प्रजातन्त्रको सार्थक अभ्यास गन सकिन्छ भन्ने हामीलाई लाग्छ। कुन पनि नेपालीले दःखकष्ट भोग्न नपरोस्, सबैले सामाजिक, आर्थिक र राजनीतिक न्याय निर्वाधरुपमा पाउन् भन्ने हाम्रो चाहना छ। शासन सञ्चालनमा आफ्नो चाहनाको पूर्ण मान्यता तथा आफ्नो हितको पूर्ण सरक्षण भएको अनुभूति जनताले सधैं गर्न पाउनैपर्छ भन्ने हाम्रो अडान छ। सबै देशभक्त प्रजातन्त्रवादीहरुको संयुक्त निक्योल, समझदारी र दरदृष्टिबाट नेपाल अधिराज्यलाई परिपक्व प्रजातन्त्र र लोककल्याणकारी समाज निर्माणको फराकिलो राजमार्गमा उन्मुख गराउने हाम्रो चाहना छ। प्रजातन्त्रवादीहरुबीच राष्ट्रिय हितको मूल नीतिमा द्वन्द्व हुनै सक्दैन भन्ने हाम्रो ठहर छ।

६. नेपाल र नेपालीको हितका लागि दिगो शान्तिको पुनःस्थापना तथा सार्थक प्रजातन्त्रको अभ्यासबाहेक हाम्रो अरु कुनै स्वार्थ छैन। राजसंस्था संस्था लोकप्रियताबाट होइन, नेपाल राष्ट्र र नेपाली जनताको सर्वोत्तम हित र निरन्तर उन्नतिबाट मात्रै निर्देशित रहन्छ। जनताको प्रभावकारी सुधारहरुको चाहनालाई सबैले सम्मान गर्नैपर्छ भन्ने हामीलाई लाग्छ। कसैलाई पनि आफ्नो असहमति व्यक्त गर्न, निराशा प्रदर्शन गर्न हतियार उठाउने बाध्यता महसुस गर्न नपरोस्। जनताका शान्त नखल्बलाइकन प्रभावकारी ढंगमा असहमति प्रदर्शन गर्ने अवसरको सुनिश्चितता होस् भन्ने हाम्रो चाहना छ। प्रजातन्त्रको निष्ठापूर्ण अभ्यास, सार्थक बजारमुखी अर्थतन्त्र, सुशासन, पारदर्शिता र भ्रष्टाचारमुक्त विधिको शासन नै जनताको स्पष्ट चाहना हो। प्रजातन्त्रको माध्यमबाट जनतालाई सुखी बनाउन्, युवा पुस्तालाई उज्ज्वल भविष्यप्रति आश्वस्त तुल्याउनु र नेपाललाई विश्व समुदायमा सम्मानपूर्ण स्थान दिलाउनु नै हाम्रो एकमात्र चाहना हो। हाम्रा सबै भाषा, सबै जाति, सबै संस्कृतिको समान उन्नतिबाट नै नेपाल अधिराज्यको विशिष्ट चाहना कायम

सरकारका कार्यक्रम

श्री ५ को अध्यक्षतामा २० गते बुधवार मन्त्रिपरिषद्को बैठक बसेको थियो। उक्त बैठकबाट पारित २१ बुंदे कार्यक्रम प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले माघ २२ गते शुक्रवार सार्वजनिक गरेको हो।

१. अधिकार दुरुपयोग गरेर, तस्करी वा राजस्व छलीमा संलग्न भएर वा अनियमित ठेक्कापट्टा र कमिसनमा संलग्न भएर कानुनविपरीत जम्मा गरेको धन सम्पत्ति जफत गर्ने कानुनी व्यवस्थासहितको विशेष कार्यक्रम बनाई मुलुकमा व्याप्त भ्रष्टाचारको तत्काल थलोमै छानबिन गरी नाजायत ढंगबाट आर्जित सम्पत्ति कानुनबमोजिम राष्ट्रियकरण गरी दोषीउपर कडा कारवाही गरिनेछ। यसका लागि प्रथम चरणमा अधिकार सम्पन्न शाही आयोग १५ दिनभित्र गठन गरिनेछ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अधिकार, स्रोत, साधन सम्पन्न तुल्याई दक्ष एवम् निष्पक्ष संरचनामा परिणत गरी क्रियाशील तुल्याइनेछ।

२. सरकारको तर्फबाट आम नेपाली जनतालाई पुऱ्याउनुपर्ने सेवा-सुविधा पारदर्शी ढंगले निर्धारित समयभित्र उपलब्ध गराउने व्यवस्था मिलाई त्यसको सुपरीवेक्षण र अनुगमनका निमित्त प्रभावकारी संयन्त्र पन्ध्र दिनभित्र निर्माण गरिनेछ। ढिलासुस्ती, पक्षपात, नातावाद, कृपावाद र सर्वसाधारणबाट पैसा नलिई काम नगर्ने भन्ने जनताको धेरै वर्षदेखिको दुःखेसो र गुनासो तत्काल निराकरण गर्न प्रभावकारी दण्ड सजायको व्यवस्था गरिनेछ।

३. सुकुम्बासी, भूमिहीन किसान र मुक्त कमैयाको बाँस-बासको व्यवस्था गर्न भूमि बैंकको व्यवस्था गरी न्यायोचित ढंगबाट भूमि वितरण गरिनेछ।

४. गरिबी निवारणका लागि राष्ट्रिय आय वृद्धि गर्नु अनिवार्य भएकाले देश सुहाउँदो आधुनिक एवम् वैज्ञानिक कृषि-प्रणाली, व्यापकरुपमा साना तथा ठूला सिंचाई आयोजना, भौगोलिक सम्भाव्यताका आधारमा बागवानी र विशेष नगदेबाली, पशुपंछी पालन आदिको योजनाबद्ध कार्यक्रम १ महिनाभित्र लागू गरिनेछ।

५. घरेलु उद्योगको प्रवर्द्धन र विकासमा राज्यले विशेष टेवा पुऱ्याउनुका साथै अन्य उद्योग, कलकारखानाको स्थापना, विकास एवम् विस्तारका निमित्त जलस्रोतको अधिकतम उपयोग गरी जलविद्युतको विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। साथै, आन्तरिक र बाह्य आर्थिक स्रोत जुटाई विभिन्न सम्भाव्य जलविद्युत परियोजनाहरु प्राथमिकता अनुसार संचालन गरिनेछ।

६. पर्यटन उद्योगको वृहत्तर सम्भावना रहेकाले राष्ट्रिय आम्दानी वृद्धि गर्न, धार्मिक, पर्यटनलाई प्रवर्द्धन गर्न, साना-ठूला होटल, व्यवसाय, रिसोर्ट, पर्यटकीयस्थल, पर्यटन उद्यम आदिलाई सरकारले आवश्यक सहयोग र सुविधा प्रदान गर्न अविलम्ब गुरुयोजना तयार गरी कार्यान्वयन गर्नेछ। साथै, सुरक्षित पर्यटन व्यवसायका निमित्त पर्यटकीय सुरक्षा प्रहरीको आवश्यक जनशक्ति तयार गरिनेछ।

७. सरकारी विद्यालयहरुमा माध्यमिकस्तरसम्मको पठनपाठन गर्ने अपांग, पिछडिएका तथा दलित समुदायका छात्रछात्राहरुलाई निःशुल्क पाठ्यपुस्तकहरु उपलब्ध गराउनुका साथै छात्रवृत्तिको समेत व्यवस्था गरी निःशुल्क शिक्षा उपलब्ध गराइनेछ। साथै, निजी क्षेत्रका विद्यालय, महाविद्यालयहरुले पिछडिएको वर्ग, दलित, अल्पसंख्यक तथा अपांगहरुलाई निश्चित प्रतिशतको संख्यामा निःशुल्क पठनपाठन गराउनुपर्नेछ।

८. राष्ट्रवादी जनशक्तिको उत्पादन र रोजगारीमूलक शिक्षा प्रदान गर्न शैक्षिक पाठ्यक्रममा सुधार गरिनेछ। सबै स्तरका छात्रछात्रालाई पाठ्यपुस्तक एवम् शैक्षिक सामग्री सुपथ मूल्यमा सुलभ तरिकाले उपलब्ध गराइनेछ।

९. परिचयपत्रवाहक प्रत्येक विद्यार्थीलाई सार्वजनिक यातायातका साधनमा यात्रा गर्दा र सरकारी अस्पतालमा स्वास्थ्य उपचार गराउँदा सहुलियतको व्यवस्था गरिनेछ।

१०. राजधानी तथा ठूला शहर एवम् शहर उन्मुख क्षेत्रमा गरिब र धनीको विभेद हटाउन घरघडेरी एवम् कम्पाण्डको लागि जग्गाको निश्चित मापदण्ड तोक्नुका साथै भूकम्प निरोधक सरकारी नापनक्शा अनुसार मात्र घर निर्माण गर्न पाउने कानुनी व्यवस्था

रहन्छ, सुदृढ हुन्छ।

७. सार्वभौमसत्तानिहित नेपाली जनताको चाहनावमोजिम देशमा सकेसम्म शान्ति सुरक्षा कायम गरी २०६१ सालभित्र प्रतिनिधिसभाको निर्वाचन प्रारम्भ गर्ने दायित्व निर्वाहको गम्भीर प्रयास हुन सकेन, मतदाताहरु र दलहरुलाई निर्वाचनमा सहभागी हुन तयार पारेर कानुनी, व्यवस्थापकीय, प्राविधिक तयारीमा जुट्नुपर्नेमा चुनावको शाब्दिक रट लगाएर, मौखिक तत्परता र आतुरता देखाउनमा नै समय खेर फालियो। राष्ट्रियता, राष्ट्रिय एकता र सार्वभौमिकता बचाउन, देशमा शान्ति सुरक्षा कायम राख्न, देशलाई कुनै कारणवाट पनि बिग्रँदो स्थितिबाट बचाउने जिम्मेवारी पनि हामीमा भएकाले नेपाल अधिराज्यको संवैधानिक रीतिथिती र हामीबाट प्रयोग भइआएको राजकीय सत्ताको प्रयोग गरिवक्सी नेपाल अधिराज्यको संविधान २०४७ को मर्म र भावनाअनुरुप संविधानको धारा २७ को उपधारा (३) लाई समेत विचार गरी देशमा शान्ति सुरक्षाको पुन:स्थापना तथा प्रजातान्त्रिक व्यवस्थालाई शीघ्र क्रियाशील तुल्याउने जनताको चाहना पूरा गर्न हामीबाट वर्तमान मन्त्रिपरिषद् आजैबाट विघटन गरिवक्सेका छौं। अब गठन हुने मन्त्रिपरिषद् हाम्रै अध्यक्षतामा हुनेछ। आगामी ३ वर्षभित्र देशमा शान्ति सुव्यवस्था मिलाई प्रभावकारी सुधारहरु गरेर बहुदलीय प्रजातन्त्रलाई पुन: सक्रिय तुल्याउन अब गठन हुने मन्त्रिपरिषद् प्राथमिकताका साथ लाग्नेछ।

प्यारा देशवासीहरु,

८. सार्थक बहुदलीय प्रजातन्त्र नै जनताको प्रभावकारी शासन प्रणाली हो। सफल प्रजातन्त्र नै सक्कली जनवाद हो। यस्तो जनहितकारी, परिपक्व एवम् सुसंस्कृत र सभ्य व्यवस्थालाई खल्वलाएर, निर्दोष जनतालाई आतंकित तुल्याएर, जनतालाई त्रसित पारी जवर्जस्ती चन्दा संकलन गरेर, असहमत हुनेहरुको निर्मम हत्या गरेर, विद्यार्थीहरुलाई अपहरण तथा गुरुहरुलाई पाशविक व्यवहार गरेर, सीधा जनतालाई झूठो आश्वासन र सपना बाँडेर, जनताको हितमा बनेका विकास योजनाहरु ध्वस्त पारेर चलाइएको देश र जनताविरोधी अपराधहरु अब बन्द हुनैपर्छ। अब यस्ता देश र जनताविरोधी अपराधहरुलाई कानुनबमोजिम कडा कारवाही गरिनेछ। हाम्रा सुरक्षाकर्मीहरुलाई देश र जनताको हितमा अझै बढी सशक्त भई आतंकवाद समाप्त गरी शान्ति सुरक्षा पुन:स्थापना गर्न खटाइएको छ। मानवअधिकारको सम्मान र संरक्षणमा राज्यका सबै अंगहरु विशेषरुपमा सतर्क र सजग रहनुपर्छ। तर राज्य र आतंककारीलाई एउटै तराजुमा तौलिनु न्यायोचित हुँदैन। प्रजातन्त्रमा विश्वास गर्ने सबै शान्तिप्रेमी नेपाली जनताले शान्ति सुरक्षा कायम गर्ने कार्यमा सुरक्षाकर्मीहरुलाई साथ दिएका छन् र दिने नै छन्।

९. बाटो विराएर देश र जनताविरुद्ध हतियार उठाएका, शान्ति र प्रजातन्त्रविरुद्ध आपराधिक कार्यमा संलग्न रहेकाहरुलाई हतियार बुझाएर शान्तिपूर्वक राष्ट्रिय राजनीतिको मूलप्रवाहमा समाहित हुन हामी आव्हान गर्छौं। देशभक्तिको मिलनबिन्दुमा अविलम्ब गरिनेछ।

११. बढ्दो जनसंख्या, घटदो समथर जमिन, खानेपानी बिजुली, ग्यास, टेलिफोन आदिको सुविधालाई दृष्टिगत गरी स्थानीय निकाय एवम् निजी क्षेत्र र सरकारको समेत सहभागितामा अपार्टमेन्ट प्रणालीको विकास गरी उत्पादनशील जमिन उपरको अतिक्रम घटाउँदै लगिनेछ।

१२. वार्षिक वृद्धिको गतिलाई तीव्रता दिन र यातायात व्यवस्थालाई अझ सुगम बनाउन पूर्व-पश्चिम विद्युतीय रेलमार्गको निर्माण दीर्घकालीन योजनाको रुपमा गरिनेछ। साथै, सम्भाव्य स्थानहरुमा छोटामार्ग, सुरुङमार्ग, जलमार्ग र रज्जुमार्ग (रोपवे) को समेत विकास र विस्तार गर्ने कार्यको थालनी गरिनेछ।

१३. विकेन्द्रीकरणको सिद्धान्तअनुसार स्थानीय निकायहरुलाई अधिकतम स्वायत्तता प्रदान गर्ने उद्देश्यले क्रमिक रुपले राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक एवम् अर्थन्यायिक अधिकारहरु केन्द्रबाट गाउँसम्म विकेन्द्रित गरिनेछ।

१४. बेरोजगारीको समस्या समाधान गर्न स्वदेशमा अवसरहरुको खोजी गर्नुका साथै वैदेशिक रोजगारीका अवसरहरु पहिल्याएर आवश्यक तालिम र ऋण सुविधा उपलब्ध गराई रोजगारीको व्यवस्था अविलम्ब मिलाइनेछ।

१५. आतंकवाट पीडित तथा बाटो बिराएर गएका तर स्वेच्छाले फर्केका र फर्कन चाहनेहरुका लागि आवश्यक तालिम दिई स्वदेश वा विदेशमा रोजगारीको व्यवस्था अविलम्ब मिलाइनेछ।

१६. तराई क्षेत्रमा फैलिएर बहने नदीहरुमा तलवन्ध तलाई नियन्त्रण गर्ने विशेष कार्यक्रम ल्याइनेछ। यसबाट थालाथाल विकास, बाढी नियन्त्रण र सिंचाइको विकास हुनुका साथै नदी नियन्त्रणबाट प्राप्त हुने अतिरिक्त जमिन भूमिहीनहरुको पुन:स्थापना र विकासमा लगाइनेछ।

१७. कर्णाली अञ्चलको समग्र विकासको लागि विशेष 'कर्णाली विकास कार्यक्रम' अविलम्ब ल्याइनेछ। सुर्खेत-जुम्ला सडक २०६२ साल फागुण महिनाभित्रै सम्पन्न गर्नुका साथै कर्णाली अञ्चलका अरु जिल्ला सदरमुकामहरु जोड्ने सडक निर्माणको कार्य थालिनेछ। कृषि, स्वास्थ्य, शिक्षालगा क्षेत्रहरुमा यति स्थानीय जनतालाई आत्मनिर्भर बनाउन विशेष कार्यक्रमहरु सञ्चालन गरिने छन्।

१८. शासकीय सुधार, सार्वजनिक क्षेत्र व्यवस्थापन, गरीबी न्यूनीकरण सहयोग लगायतका कार्यक्रमहरुमा गरिएका सुधारप्रतिका प्रतिबद्धताहरु समयमै पूरा गरिनेछन्। द्विपक्षीय दातृ राष्ट्र एवम् संस्थाहरु र बहुपक्षीय दातृ संस्थाहरुको सहयोगबाट सञ्चालित परियोजनाहरुको अनुगमनको विशेष व्यवस्था मिलाइनेछ। द्विपक्षीय एवम् बहुपक्षीय दातृ राष्ट्र एवम् संस्थाहरुसगको सम्बन्धलाई अझ प्रगाढ बनाई गरिबी न्यूनीकरणका कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी तुल्याइनेछ।

१९. राज्य संचालनका संरचनाहरुमा महिला, दलित र जनजातिको उचित प्रतिनिधित्व गराउन निजामती सेवामा निश्चित अवधिका लागि सकारात्मक विभेदको नीति अवलम्बन गरिनेछ।

२०. निजी क्षेत्रको विकासका लागि नीतिगत सुधार र प्रवर्द्धनका कार्यक्रमहरु अविलम्ब ल्याइनेछ। भौतिक आधारशिला निर्माणका लागि लगानी गर्न उत्प्रेरित गर्ने गरी सरल करप्रणाली व्यवस्था मिलाउनुका साथै विभिन्न सहुलियतहरु प्रदान गर्ने व्यवस्थाहरु गरिनेछन्।

२१. विकास कार्यक्रमहरु जनताले नै रोज्ने र जनताले नै कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ। यसका लागि ठेकापट्टाको साटो उपभोक्तामार्फत् विकास कार्यक्रमहरु कार्यान्वयन गर्नमा विशेष जोड दिइनेछ।

आफ्नो विचार मुखरित गर्न, आकांक्षा पूरा गर्न तथा देश र जनताको हितमा योगदान दिनसक्ने अवसरको सुनिश्चितता नै बहुदलीय प्रजातन्त्रको विशेषता हो। यो मौकाको उपयोग गरी राष्ट्रिय राजनीतिको मूल प्रवाहमा आउनेहरुका लागि राज्यका तर्फवाट सबै नागरिकसरह अवसर र अधिकार विना भेदभाव प्राप्त हुने आश्वासन दिन चाहन्छौं। देश र जनताविरुद्ध आतंककारी गतिविधि कायमै राखेमा जनताले सहने छैनन्, कानुनले छाड्ने छैन।

प्यारा देशवासीहरु,

१०. आतंकवाद विरुद्ध नेपालको संकल्पलाई सराहना गर्दै उदारतापूर्वक साथ दिइरहेका मित्रराष्ट्रहरु, विकास प्रयासहरुलाई अगाडि बढाइराख्न सहयोग गरिरहेका अन्तर्राष्ट्रिय दातृ तथा वित्तीय संस्थाहरुलाई हामी धन्यवाद दिन चाहन्छौं। भौगोलिक रुपमा परिभाषित हुनै नसक्ने आतंकवादको जोखिमलाई आज विश्व प्रजातन्त्रले समेत भोग्नुपरेको छ। वास्तवमा सानो देश जति सुरक्षित रहन्छ, जति स्थायित्व अनुभव गर्छ, जति सम्पन्न हुन्छ, त्यति नै त्यस क्षेत्र र स्वयम् विश्वको सुरक्षा, स्थायित्व र सम्पन्नता सुनिश्चित हुन्छ भन्ने अनुभूति विश्व समुदायले गरी नै सकेको छ। यसै अनुकूल नेपाल आफ्नो हितमा र विश्व प्रजातन्त्रको हितमा आतंकवादलाई निस्तेज तुल्याउन कटिवद्ध भएको छ। नेपाल आफ्नो लागि शान्ति चाहन्छ, छिमेकीहरु र दक्षिण एसियाको लागि शान्ति चाहन्छ, विश्व शान्तिमा टड्कारो भइसकेको जोखिम हटाउन शान्ति चाहन्छ।

११. यसै क्रममा, बहुदलीय प्रजतन्त्रमा हाम्रो प्रतिबद्धता अपरिवर्तनीय रहेको तथा आर्थिक र संस्थागत सुधारहरु जारी रहने, सार्वजनिक खर्चको उपयोग तथा सार्वजनिक सेवा प्रणालीमा सुधारका प्रयासहरु अझै प्रभावकारी ढंगमा कायमै राखिने, बैंकिङ अनुशासन पुनर्बहाली गरिने, गरिवी न्यूनीकरणसम्वन्धी रणनीति तथा भ्रष्टाचारविरुद्ध प्रभावकारी कदम चालिने कुरा पनि उल्लेख गर्न चाहन्छौं। दिगो विकास अव नेपालको

राष्ट्रिय एजेन्डा भएको छ। अव जनताको सुरक्षा र प्रजातन्त्रको भविष्यलाई जोखिममा पार्न दिइने छैन। नेपाल विरुद्ध वा मित्रराष्ट्र विरुद्ध आतंकवादलाई नेपाली माटोमा आश्रय दिइने छैन। मित्रराष्ट्रहरुसँग वास्तविक र व्यावहारिक रुपमा आपसी हितका लागि सकारात्मक सम्वन्धमा जोड दिइनेछ।

१२. निरन्तर झांगिदै गएको भ्रष्टाचारले राजनीति र प्रशासनलाई दूषित बनाएको मात्र होइन, प्रगतितर्फ अग्रसर हुनुपर्ने देशको पाइला पनि अवरुद्ध पारेको छ। भ्रष्टाचार हाम्रो समाजका लागि धमिरा सिद्ध भइसकेको छ। परिणामस्वरुप कानुनमा आम जनताको विश्वास धरमराउन थालेको छ। यसले जनताको चाहना र सुशासनको प्रमुख आवश्यकता पूरा गर्न न्यायको सिद्धान्त उल्लंघन नहुने गरी भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी कदम अविलम्व चालिनेछ।

१३. प्रजातन्त्र जीवनशैली वनोस्, राजनीति प्रजातान्त्रिक मूल्य र मान्यतावमोजिम चलुन्, सवैले सवै क्षेत्रमा प्रजातान्त्रिक विचार पद्धतिलाई इमानदारीपूर्वक अनुशरण गरुन्, देश र जनताको हितले मात्रै सवैलाई सधैं निर्देशित गरोस् भन्ने नै हाम्रो चाहना हो। शान्तिपूर्ण वातावरणमा प्रजातान्त्रिक मूल्यहरुलाई जीवन्त तुल्याएर एक उन्नतिशील एवम् विश्व समुदायमा सम्मानित नेपाल नै सवै नेपालीहरुको भविष्यको परिकल्पना हो। मानवअधिकारको सम्मान र रक्षाले प्रजातान्त्रिक मूल्यको संरक्षण तथा प्रवर्द्धन गर्नेमात्र होइन, २१ औं शताब्दी सुहाउँदो जीवन प्रणाली र सभ्यताको पनि विकास हुन्छ भन्ने हाम्रो विश्वास छ।

प्यारा देशवासीहरु,

१४. हामीवाट गरिवक्सेको निर्णयवाट जंगी, निजामती र कुनै पनि राष्ट्रसेवकले आफ्नो जिम्मेवारी, काम र कर्तव्यवाट विचलित हुन वा अलमलिनु पर्दैन। आज नेपाल र नेपालीको भविष्यको लागि सर्वप्रथम हामी आफैंले कम्मर कसी अघि बढ्नुपरेको छ। स्वतन्त्र सञ्चार क्षेत्र प्रजातन्त्रको चेतना बृद्धि गर्ने माध्यम हुन्। राष्ट्रिय हितको सम्वर्द्धनमा यसको विशेष भूमिका रहन्छ। शासनशैलीसँगै जीवनपद्धतिलाई नै प्रजातान्त्रिक मूल्य र आदर्शबाट प्रेरित बनाउन सञ्चारमाध्यमले सशक्त योगदान दिनेछन् भन्ने हामीले विश्वास लिएका छौं। यसै कुरालाई मनन गरेर बहुदलीय प्रजातन्त्रमा निष्ठा राख्ने सवैले आ-आफ्नो कर्तव्य पालन गर्नेछन् र सबै देशवासीहरुको साझा प्रयासबाट जनताको चाहना र देशको आवश्यकता पूरा हुनेछ भन्ने हामीबाट पूर्ण विश्वास लिएका छौं।

१५. आज देशले स्पष्ट अठोट गरेको छ। यस अनुकूल निर्णय पनि भएको छ। अशान्ति, असुरक्षा र द्वन्द्वग्रस्त अवस्थालाई बिसाएर देशले प्रजातन्त्र र प्रगतिको पक्षमा अग्रसर हुन पाइला सारेको छ। देश आतंकवादको चपेटामा परेको बेलामा सम्पूर्ण शान्ति तथा प्रजातन्त्रप्रेमी जनता एक हुनैपर्छ। यसैले अव हामी सामूहिक विवेकबाट प्रभावित हौं, राष्ट्रिय दृष्टिकोणबाट परिचालित हौं। देश र जनताको शान्ति सुरक्षामा खलल पार्ने, प्रजातन्त्रलाई सार्थक बनाउने प्रयासमा छेकवार हाल्ने दुष्प्रयासलाई देश र जनताले सहने छैनन्। तर उदारताको नाममा हामीले हाम्रो जीवनपद्धतिको उच्चतम पक्ष अनुशासनलाई कहिले पनि विर्सनु हुँदैन। एक्काइशौं शताब्दीको विचारपद्धति पनि यही नै हो। नेपालप्रति न्याय गर्न नसक्ने, जनताको सामूहिक विवेकमा विश्वास गर्न नसक्ने र शान्तिको पक्ष लिन नसक्नेलाई मातृभूमिको भार लाग्छ भन्ने कुरा हामी फेरि दोहोऱ्याउन चाहन्छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन्।

जय नेपाल !

माओवादी हिंसात्मक आन्दोलनलाई फर्केर हेर्दा

सुरेश आचार्य

मुलुकमा ५५ औं प्रजातन्त्र दिवस पनि सकियो। प्रजातन्त्र ल्याउनका लागि शुरु गरिएको १९९७ सालको आन्दोलनका साक्षीहरु अब धेरै जीवित छैनन्। जो जीवित छन्, उनीहरुले प्रजातन्त्रको अनेक रुप र अभ्यासलाई प्रत्यक्ष अनुभव गर्न पाएका छन्। नेपालको राजनीतिमा हरेक १० वर्षको अन्तरमा कुनै न कुनै खालका परिवर्तन हुँदै आएका छन्। राजनीतिलाई निरन्तर अभ्यास गर्नेभन्दा बढी प्रयोग गर्ने प्रवृत्तिले निरन्तरता पाएको छ। र परिणाम, मुलुकमा राजनीतिक अस्थीरता बढ्दै गएको छ।

१९९७ सालपछि ००७ सालमा आएको प्रजातन्त्रले ५५ वर्ष पूरा गऱ्यो। तर आधा शताब्दीभन्दा लामो अभ्यासले अझै पनि प्रजातन्त्रलाई संस्थागत गर्न सकेको छैन। ०१७ सालको शाही कदमले प्रजातन्त्रलाई ३० वर्षका लागि पछाडि धकेल्यो। तर पनि ३० वर्षपछि आएको प्रजातन्त्रको १५ वर्षे अभ्यासमा प्रजातन्त्रलाई संस्थागत गर्न र पार्टी र व्यक्तिको स्वार्थका लागि मुलुकलाई प्रयोगशाला बन्न नदिन कोही सचेत हुन सकेन।

०४७ सालको संविधानका आधारमा दुईवटा स्थानीय र तीनवटा संसदीय चुनाव भए। तर राजनीतिक दलहरुको खिचातानीकै कारण विगत दुई वर्षभन्दा लामो समयदेखि न निर्वाचित संसद बाँकी छ, न त निर्वाचित स्थानीय निकाय नै। पछिल्ला दुई वर्षका अवधिमा राजाबाट तीनवटा सरकार बनाइए र तेस्रो सरकार राजाबाट आफै हटाइयो र अहिले मुलुकमा राजाको प्रत्यक्ष शासन शुरु भएको छ। यो सरकार तीन वर्षसम्म चलाइने र यो अवधिमा राजाबाट सबै निकायका चुनाव गराएर जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने प्रतिबद्धता जनतासमक्ष व्यक्त भएको छ।

राजनीति यो मोडसम्म आइपुग्नमा राजनीतिक दलहरु धेरै हदसम्म जिम्मेवार छन्। यो अवधिमा नेपाली राजनीतिका प्रमुख मानिएका सबै दल सत्तामा पुगे र देश बनाउने प्रतिबद्धता दोहोऱ्याउन छाडेनन्। तर उनीहरुको कार्यशैली राजनीतिक दल र व्यक्तिगत स्वार्थ पूरा गर्नमा केन्द्रित रह्यो। दोस्रो संसदीय चुनावपछि सरकारमा जानु भनेको व्यक्ति र पार्टीका लागि पैसा कमाउने र चुनाव जित्ने भन्ने दुई प्रमुख एजेण्डा बन्न थाले। पछिल्लो दुई वर्षको अवधिमा जननिर्वाचित सरकार हुन नसक्दा यस अवधिका सरकार कोप्रति बफादार भए भनेर सिधै भन्न सक्ने अवस्था रहेन।

मुलुकको यो राजनीतिक अवस्था ल्याउन संसदीय दलहरु जति जिम्मेवार रहे, उनीहरुलाई असफल र नालायक बनाउन माओवादीले चलाएको हिंसात्मक आन्दोलनले त्यो भन्दा धेरै काम गऱ्यो। माओवादीले शुरु गरेको हिंसाको राजनीतिका प्रारम्भिक दिनमा संसदीय राजनीतिप्रति वितृष्णा फैलाउन चाहनेहरुले उनीहरुलाई निकै पुठ दिए। तर यतिबेला माओवादी हिंसा संसदीय व्यवस्थाको नामै सुन्न नचाहने र संसदीय व्यवस्थाको विकल्पै नदेख्ने दुवैथरीका लागि घाँडो सावित भएको छ।

नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास झण्डै ६५ वर्ष पुरानो छ। अहिंसात्मक रुपमा शुरु भएको राणाविरोधी आन्दोलन १० वर्षसम्म निरन्तर चलिरह्यो। राणाको चंगुलमा परेका राजा त्रिभुवनसमेत जनताको आन्दोलनमा सहभागी हुनुपर्ने अवस्था आयो। १० वर्षको कठोर संघर्ष अगाडिका दिनमा पनि धेरै नेपाली सपूतले विभिन्न तरिकाबाट राणाविरोधी अभियान शुरु गरिसकेका थिए। मकैको खेती लेखेर सुब्बा कृष्णलालले हुन्, वा राणा प्रधानमन्त्रीलाई जनताका थोत्रा लुगा पठाएर कृष्णप्रसाद कोइरालाले, उहाँहरुको अभियान राणाको आँखामा बिझाउने खालकै थियो। तर, चार सपूत दशरथ चन्द, गंगालाल, धर्मभक्त र शुक्रराजले जीवन बलिदान गरेको १९९७ सालपछिका वर्षमा प्रजातन्त्रको लागि चलेको आन्दोलनको दीयो निभ्न पाएन। ००७ सालमा शुरु भएको निर्णायक आन्दोलनले चार महिनामा नै सफलता पायो। धेरै सपूतले ठूलो दुःख झेले। तर कम मानिसको जीवन आहुति भयो।

०१७ सालमा राजा महेन्द्रबाट सैनिक बलमा चालिएको कदमले प्रजातन्त्रलाई आफ्नो गोरेटोमा हिड्नबाट रोक्यो। अर्थात् ००७ सालमा आएको प्रजातन्त्र ०१७ सालमा अपहरणमा पऱ्यो। राजाको यो कदमपछि दलहरुमा फेरि हिंसाको राजनीतिको सोच नआएको होइन। केही होनाहार युवाहरुले हिंसात्मक

मुलुकको यो राजनीतिक अवस्था ल्याउन संसदीय दलहरु जति जिम्मेवार रहे, उनीहरुलाई असफल र नालायक बनाउन माओवादीले चलाएको हिंसात्मक आन्दोलनले त्यो भन्दा धेरै काम गऱ्यो । माओवादीले शुरु गरेको हिंसाको राजनीतिका प्रारम्भिक दिनमा संसदीय राजनीतिप्रति वितृष्णा फैलाउन चाहनेहरुले उनीहरुलाई निकै पुठ दिए ।

आन्दोलनका क्रममा फेरि जीवन गुमाए। तर, राजनीतिक आन्दोलनको स्वरुप परिवर्तन हुँदै गयो र अन्ततः अहिंसात्मक राजनीतिक आन्दोलनले नै मुलुकमा फेरि प्रजातन्त्र बहाली गराएयो।

यो बीचमा राजनीतिक दलले हतियार उठाएर हिंसाको राजनीतिबाट समाधान खोज्ने प्रयास नगरेका होइनन्। ०१७ सालमा प्रतिबन्धित भएपछि त्यसबेलाको सत्तासीन पार्टी नेपाली कांग्रेसले ००७ सालमा बिसाएको हतियारलाई फेरि उठायो। ओखलढुंगाको टिम्बुरबोटेमा नराम्रो क्षति व्यहोरेपछि कांग्रेसको हिंसात्मक राजनीति मत्थर भयो। ०२९ सालमा भारतका नक्सलवादीहरुबाट प्रभावित भएर नेपाली कम्युनिष्टहरुले व्यक्ति हत्याको राजनीति शुरु गरे। उनीहरुको आक्रमण सत्तासीनहरुप्रति लक्षित थिएन, सत्तासीनहरुलाई आतंकित गर्ने नाममा जाली, फटाहा र जमिन्दारको अभियोगमा निहत्था नागरिकको ज्यान लिइयो। उल्का जसरी झुलुक्क देखा परेको यो हिंसात्मक आन्दोलनपछि यसका नेताहरु पक्रिए र लामो कारावासको सजायपछि, पञ्चायतको अन्तिम कालतिर छुटे। यही आन्दोलनको नेतृत्व गरेर लामो समय जेल जीवन बिताउनु भएका मोहनचन्द्र अधिकारी नेपाली नेल्सन मण्डेलाका रुपमा चिनिनुभयो। त्यही आन्दोलनका अर्का नेता राधाकृष्ण मैनाली ०४६ सालको जनआन्दोलन चलाउने प्रमुख नेताहरुमध्ये हुनुहुन्थ्यो। उहां राजासंगको वार्ता र सम्झौतामा वाममोर्चाको तर्फबाट सहभागी हुनुहुन्थ्यो। कम्युनिष्ट आन्दोलनका यी दुई स्थापित नेतामध्ये मैनाली वर्तमान सरकारका मन्त्री हुनुहुन्छ भने अधिकारी पार्टी क्रियाकलापमा सक्रिय हुनुहुन्न।

०४६ सालमा प्रजातन्त्र पुनर्बहाली हुँदा अब नेपालमा राजनीतिक प्रयोगका दिन समाप्त भएको आशा धेरैले गरेका थिए। जनआन्दोलनले पुनर्बहाल गरेको बहुदलीय संसदीय प्रजातन्त्रले सबै राजनीतिक विचारलाई निकास दिनेछ भन्ने विश्वास उनीहरुलाई भएको थियो। तर, त्यसबेलाको उपलब्धीलाई कम आंक्ने तत्वले जनतामा गएर उसको विश्वास जित्ने जनमतको राजनीतिलाई पाँच वर्षकै अवधिमा तिलाञ्जली दिए र बन्दुकको नालबाट मात्र सत्ता प्राप्त हुन्छ भन्ने मान्यतालाई आफ्नो मूल मन्त्र बनाए।

कतिपयलाई माओवादीलाई हतियार उठाउने अवस्थामा पुऱ्याउने संसदवादी दलहरु नै हुन् भन्ने नलागेको छैन। संसदवादी दलले सत्तामा जानेबित्तिकै गरेको दमन माओवादीलाई हिंसाको बाटोमा लाग्न चाँडै प्रेरित गर्ने कारक बन्योहोला। तर, ०४७ सालको प्रजातान्त्रिक अधिकार बहाल गर्ने संविधानलाई अपूरो दस्तावेज ठान्ने उनीहरुको सोच अन्ततः हिंसाको राजनीतिमा ढिलो-चाँडो आउने नै थियो। उनीहरुले पहिलो चुनावलाई प्रयोग पनि गरे र संसदलाई बहुदलीय संसदीय व्यवस्थाको भण्डाफोर गर्ने माध्यम बनाए। जनताको मत जितेर उनीहरुले चाहेको गणतन्त्र (?) ल्याउनु संसदीय अभ्यासबाट सजिलो छैन भन्ने बुझेर नै उनीहरु खुला राजनीतिक अवस्थाको उपयोग गर्दै हिंसाको राजनीतिमा फाल हालेका हुन्।

माओवादीको हिंसात्मक राजनीतिले मुलुकलाई आर्थिकरुपमा बर्बादीको दिशातिर धकेलेको छ। साथै, मुलुकमा अनन्त कालसम्मका लागि प्रतिशोधको राजनीतिको बीजारोपणसमेत गरेको छ। माओवादीले आज निरपराध र निहत्था जनताको हत्याका भर जति उपलब्धी भयो भनेर व्याख्या गरेका छन्, भोलि उनीहरु जनताको शान्तिपूर्ण राजनीतिमा फर्कदा त्यसको एक-एक मूल्य चुकाउनु नपर्ला भन्न सकिंदैन। राज्यले उनीहरुलाई दण्डहीनताका आधारमा सफाई पनि देला, तर बाबु गुमाएको छोराले, पति गुमाएकी विधवाले सोध्ने प्रश्नको उत्तर दिनु उनीहरुका लागि निश्चय पनि सजिलो हुनेछैन। माओवादी बनेर हतियार बोकेका कारण जो-जति मारिएका छन्, त्यसमा निहत्था जनताले दिनुपर्ने कुनै जवाफ रहँदैन।

प्रतिशोधको राजनीतिको संभावना दण्डमुक्तिको सजायले मात्र समाप्त गर्दैन भन्ने कुरा अहिलेको राजनीतिक घटनाक्रमसंग पनि जोडिएर आउनसक्छ। पञ्चायतको समाप्तिसंगै त्यसबेला भएका राजनीतिक क्रूरता र त्यसबेलाका अरु अपराधका लागि कानुनी कारवाही गर्न र दण्डहीनताको संस्कृति अन्त्य गर्नका लागि मल्लिक आयोग बनेको थियो। त्यस आयोगले कारवाहीको अगसूचीमा राखेकाहरु फेरि सत्तासीन भए। जिम्मेवार ओहदामा देखा पर्न थाले। त्यसैले, प्रजातान्त्रिक राजनीतिमा आउने अवको पुस्ताले दण्डहीनताको संस्कृतिलाई पक्कै पनि निरन्तरता दिनेछैन।

माओवादी हिंसाको राजनीति शुरु भएको ९ वर्ष पूरा भएको छ। दीर्घकालीन जनयुद्धका नाममा शुरु भएको यो हिंसाको राजनीतिको अन्त्यका लागि राजा आफैंबाट मुलुकको सम्पूर्ण बागडोर हातमा लिइएको छ। राजाबाट कदम चालिनुअघिको अवस्थामा कम्तीमा ११ हजार १ सय ५ जना नेपालीले ज्यान गुमाएका छन्। ०५८ सालमा सरकार र माओवादीबीच वार्ता हुँदाको अवस्थामा १८ सय मानिसको ज्यान गएको थियो। त्यसपछिको पछिल्लो तीन वर्षमा मर्ने र मारिनेको संख्या नौ हजार नाघेको छ। माओवादीले वार्ताको शान्तिपूर्ण बाटो त्यागेपछि मुलुक संकटकालको चपेटामा फस्यो। संकटकालका बेला झण्डै तीन दोब्बर माओवादी मारिए। माओवादी त्यो बेला कमजोर भएको आभाष भयो। त्यसै अवधिमा उनीहरुले सातसयभन्दा बढी नागरिक र सुरक्षाकर्मीको हत्या गरे। तर जब संकटकाल हट्यो, माओवादीले निहत्था नागरिकलाई मार्ने र सुरक्षाकर्मीलाई लुकेर मार्ने अभियानलाई तीव्र बनाए। माओवादीहरु दोस्रोपटक वार्तामा आउंदा पहिलो वार्ताको बेलासम्ममा भन्दा चार गुणा बढी माओवादी मारिइसकेका थिए। यसै अवधिमा माओवादीले तीन गुणा बढी नागरिक र सुरक्षाकर्मीको हत्या गरे।

जुन-जुन बेला वार्ता भंग भएका छन्, सरकार र माओवादी दुवै पक्षबाट मार्ने र मर्ने संख्या निकै बढेको छ। अहिलेसम्म मरेका वा मारिएकाको कुल संख्याको झण्डै आधाआधी मानिस सन् २००२ को अवधिमा मारिएका छन्। यो वर्ष सुरक्षाकर्मीले झण्डै ३३ सय जनालाई

मार्‍यो भने माओवादीले नागरिक र सुरक्षाकर्मी गरेर साढे तेह्र सयको ज्यान लिए। भर्खरै सकिएको सन् २००४ को अवधि दोस्रो सबैभन्दा बढी हत्या भएको वर्षमा पर्छ। यो अवधिमा सुरक्षाकर्मीले झण्डै साढे चौध सय जनालाई मारेका छन्। माओवादीले पनि ९ सय जनालाई मारेका छन्। संकटकालपछिका अवधिमा जसरी माओवादी हतियारधारी मारिने क्रम बढेको छ, माओवादीले पनि किरियामा बसेकादेखि सुरक्षा निकायको जागीर छाडेर बसेकासमेतको हत्या गर्दै आएका छन्। राजनीतिकर्मीको हत्यामा पनि खासै कमी आएको छैन।

माओवादी हिंसाले मुलुकलाई आक्रान्त पार्दै गएपछि उनीहरुलाई शान्तिपूर्ण राजनीतिमा ल्याउने प्रयास पटक-पटक भए। माओवादी समस्या समाधान उच्च आयोगको संयोजकका रुपमा शेरबहादुर देउवाले वार्ताका लागि सम्पर्क गर्नुभएको थियो। प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले बनाउनुभएको यो समिति कांग्रेसको आन्तरिक विग्रहले गर्दा खासै काम नगरी प्रतिवेदन बुझाउनुतिर लाग्यो। किनभने, प्रधानमन्त्रीबाट भट्टराईलाई पार्टीले नै हटन बाध्य गर्‍यो र गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुनु भएपछि आन्तरिक द्वन्द्वमा परेर समितिले काम गरेन।

योभन्दा अघि एमाले सरकारमा भएका बेला प्रेमसिंह धामीलाई संयोजक बनाएर एमालेले समाधानका उपाय खोज्ने कोशिश गरेको थियो। तर उसको प्रतिवेदन कार्यान्वयन नहुँदै एमाले सत्ताच्युत भयो। माओवादीले आफ्ना कार्यकर्तामाथि आक्रमण बढाएपछि एमालेले फेरि आन्तरिक प्रयोजनका लागि झलनाथ खनाललाई संयोजक बनाएर यसबारेमा अध्ययन गर्‍यो। समितिले एमाले पार्टीले अपनाउनु पर्ने रणनीतिका बारेमा मात्र होइन, सरकारले अवलम्बन गर्नुपर्ने नीति समेत बनाएर सुझाव दियो। तर पटक-पटक सरकार परिवर्तन भइरहनाले कसैका प्रतिवेदनतिर कुनै सरकारको ध्यान गएन।

दोस्रोपटक प्रधानमन्त्री भएका शेरबहादुर देउवाले पद तथा गोपनियताको शपथ नलिँदै माओवादीसँग पहिलोपटक युद्धविराम गराउनुभयो। वार्ताका प्रक्रिया शुरु भए। गणतन्त्रको मागलाई स्थगन गरेर माओवादीले संविधानसभाको चुनावलाई आफ्नो अन्तिम अडानका रुपमा प्रस्तुत गर्‍यो। सरकारका वार्ता प्रतिनिधिले यसबारे बहस शुरु गर्न नपाउँदै दाङ र अर्घाखाँचीमा आक्रमण गरेर माओवादीले एकतर्फीरुपमा युद्धविराम भंग गरे। त्यसबेला सरकारले हतारिएर संविधानसभामा जान नसकिने प्रतिक्रिया नजनाएको थिएन। तर, दोस्रो वार्तामा आउँदा माओवादी आफैंले पहिलो वार्ता रणनीतिक मात्र थियो भनेर सरकार मात्र त्यसबेला कमजोर रुपमा प्रस्तुत भएको र पर्याप्त गृहकार्य गर्न असफल भएको भन्ने अनुमानको खण्डन गरे।

देउवा सरकारलाई ०५८ असोजमा अक्षम भनेर अपदस्थ गरिएपछि बनेको लोकेन्द्रबहादुर चन्दको सरकारसँग दुईपटक माओवादीको वार्ता भयो। आठ महिनामा नै विदा भएपछि बनेको सूर्यबहादुर थापाको सरकारसग फेरि एक चरणको वार्ता भयो। वार्तामा पार्टीका शीर्षस्थ नेताहरु नै सहभागी भए। उक्त वार्तालाई कार्यनीतिक भनियो। प्रमुख राजनीतिक दलहरुलाई पाखा पारेर बनाइएको सरकारसँग राजनीतिक समाधान खोज्न निकै लचिलो ढंगमा प्रस्तुत हुन माओवादी तयार भए। हदैसम्मको लचकताको कुरा सरकार र माओवादीले पटक-पटक दोहोऱ्याइरहे। तर, समस्या जहाँको तहीँ अल्झियो। माओवादीहरु अत्यधिक लचकताका साथ प्रस्तुत हुँदा पनि संविधानसभाबाट पछाडि हटेनन्। हापुरेमा पुगेर युद्धविराम भंग भयो। दोश्रोपटक पनि माओवादीले नै युद्धविराम भंगको घोषणा गरे।

औपचारिक र अनौपचारिक वार्ता गरिसक्नुभएका शेरबहादुर देउवासँग तेस्रोपटक औपचारिक वार्तामा आउन माओवादी तयार भएनन्। वार्ताका लागि अनौपचारिकरुपमा देउवाले माओवादी नेता कृष्णबहादुर महरासँग कुराकानी त गर्नुभयो। तर त्यसको महिना दिन नहुँदै माओवादीले सरकारसँग वार्ता नगर्ने अडान सार्वजनिक गर्‍यो। त्यपछि वार्ताका लागि सरकारले समिति बनाउनु वा वार्ताका लागि औपचारिक आह्वान गर्नुको औचित्य समाप्त भइसकेको थियो। तैपनि सरकार औपचारिकता पूरा गर्नेतिर लागि रह्यो।

देउवा सरकारसँग वार्ता नगर्ने अडान राख्दा माओवादीले राजासँग प्रत्यक्ष वार्ता गर्ने बताए। "कार्यकारी अधिकार दिइएको" सरकार हुँदाहुँदै संवैधानिक राजाबाट हतियारधारी विद्रोहीसँग वार्ता गर्नु एउटा असंभव प्रस्ताव थियो। तैपनि उनीहरुले यो रट लगाउन छाडेनन्। तर, जब राजाबाट आफ्नै अध्यक्षतामा सरकार गठन गर्ने घोषणा भयो, माओवादी नेतृत्वले वार्ताको संभावनालाई ठाडै इन्कार गरेको छ। उनीहरुको यो प्रवृत्तिले मुलुकलाई फेरि हिंसाको कठोर बाटोतिर धकेलेको प्रतीत भएको छ।

मानिस माओवादीका नाममा मरेका हुन् वा सुरक्षाकर्मी वा कुनै राजनीतिक दलका कार्यकर्ता भएका नाममा, ती सबै नेपालीको मृत्यु हो। आफ्नै दाजुभाइ र दिदीबहिनीलाई मारेर कसैले जितिरहेको छैन। नेपाली छोराछोरीको विनाश मात्र भएको छ। हत्याको राजनीतिले मुलुकको विकासका संरचनालाई ध्वस्त बनाएको छ। मुलुकको प्रजातान्त्रिक राजनीतिक प्रक्रियालाई अवरुद्ध बनाएको छ। विदेशी चलखेललाई ठाउँ दिएको छ। राजा र जनताबीच अविश्वासको खाडल बढाएको छ। "हामी नेपाली, हाम्रो नेपाल" भन्ने भावनामाथि प्रहार गरेको छ। दुनियाँमा भएका हिंसालाई अन्त्य गर्न विदेशमा खटिँदै आएका वीर नेपाली सेना आफ्नै दाजुभाइ-दिदीबहिनी विरुद्ध जाइलाग्नु पर्ने अवस्था आएको छ। आफ्नो देशको शान्तिका लागि अरु मुलुकलाई गुहार्नुपर्ने अवस्था आएको छ। यो अवस्थाको अन्त्यबिना नेपालको हित हुने संभावना छैन। सदाका लागि हिंसाको अन्त्य हुने राजनीति रोजौं, प्रजातान्त्रिक शासन पद्धतिलाई जीवनको अभिन्न अंग बनाउने सत्प्रयासमा आजैदेखि लागौं। नेपालको सुखद भविष्य सोच्ने, सन्ततिको हित सोच्ने सबैले यो इमान्दार प्रयासमा बिनाछलकपट लाग्ने बेला आएको छ। ●

मानवीय संवेदनामा परेको असर

प्रेक्षा ओझा

विगत ९ वर्षदेखि भइरहेको सशस्त्र द्वन्द्वका कारण देश अहिले त्रासदीपूर्ण वातावरणमा छ। शान्त देशका रुपमा विश्वमै परिचित नेपालमा हत्या-हिंसा यसरी फैलिएला भन्ने शायदै कसै नेपालीले सोचेको थिए होला। आज बालबालिकाका लागि समेत हत्या-हिंसा कुनै नौलो कुरा रहेन। दिनहूँ मान्छे मर्ने र मार्ने समाचारहरु सामान्य भइसकेका छन्।

यो ९ वर्षको दौरानमा के-कति धनजनको क्षति भयो र यसले के-कस्तो परिणाम ल्यायो अनि भविष्यमा यसको कस्तो असर पर्नसक्छ सहजै अनुमान लगाउन सकिन्छ। यस युद्धको अन्तिम परिणाम युद्ध निम्त्याउनेहरुकै लागि पनि कस्तो हुन्छ भन्ने कुरामा द्वन्द्वरत पक्षहरु स्वयम् चिन्तित हुनुपर्ने अवस्था आएको छ। हत्या-हिंसाले मात्रै देश परिवर्तन हने भए यो ९ वर्षमा सायद उनीहरुले जनताको विश्वास प्राप्त गरिसक्ने होलान्। तर, आज माओवादीहरुले नै हामीमाथि जनताको विश्वास कतिको छ भनेर गम्भिरतापूर्वक सोच्ने वेला आइसकेको छ भने सरकारले पनि शान्ति स्थापनाका लागि के-कतिसम्म लचकता अपनाउन् पर्दछ भन्नेतर्फ ध्यान दिन जरुरी भएको छ। शान्तिका लागि प्रयास नभएका होइनन्। तर सहमति भने भएन। समझदारीमा जाने र समानताका कराहरु पहिल्याउनेतर्फ दुवै लक्षित देखिएनन्। दवै पक्ष दुईतिर फर्केर कुरा गरेपछि सहमति कसरी वन्छ ? त्यसकारण हालको अवस्थामा दुवैले सहमतिको विन्दु पहिल्याउन जरुरी छ।

दोस्रो युद्धविराम भंग भएपछि माओवादीहरु व्यक्ति हत्यामा वढि केन्द्रित भएका छन्। मानिसलाई विभत्स तरिकाले मार्ने प्रवृत्ति माओवादीहरुमा वढि देखियो। माओवादीवाट गैरन्यायिक हत्याका घटनाहरु भए भने सुरक्षा निकायवाट पनि मानिसलाई शंकाको आधारमा पक्रने र वेपत्ता पारिने क्रम वढ्यो। हाल केही महिनायता मानिसलाई पक्राउ गर्ने र गैरन्यायिक हत्या गर्ने प्रवृत्ति वढेको छ। शंकाको आधारमा पक्रने र आवश्यक खोजविन गर्ने आधारहरु हुँदाहुँदै पनि त्यसको खोजविन नै नगरी लगेर हत्या गर्ने र मुठभेडमा मारिएको जानकारी दिने प्रचलन वढि देखिएको कुरा राष्ट्रिय मानव अधिकार आयोगलगायत् विभिन्न मानवअधिकार संघसंस्थाहरुले गरेका अनुसन्धानले देखाएका छन्।

निरंकुशताको विरोध गर्नेहरुले नै निरंकुशताको प्रदर्शन गरेका छन्। माओवादी पीडित संघका अध्यक्ष गणेश चिलुवालको निर्ममतापूर्वक गरिएको हत्याले यो कुरा साबित गरेको छ। त्यसैगरी रेडियो नेपालका दैलेखस्थित सम्वाददाता डेकेन्द्रराज थापाको पनि अपहरणपश्चात् विभत्स हत्या भयो। यस्ता अनेकौं घटनाहरु भएका छन्। आफ्नो आलोचना र विरोध सुन्न नसक्नेले आफूलाई कसरी प्रजातान्त्रिक पद्धतिमा ढाल्न सक्लान् ? भनाई र गराईमा यसरी नै भिन्नता हुने गर्दछ। नेपालमा जुनसुकै राजनीतिक विचारधारा अंगालेकाहरुले पनि यो कुरालाई व्यवहारमा देखाएका छन्। त्यसैले आज देशको यो दुर्दशा भएको हो जसको परिणाम निर्दोष जनताले भोगिरहेका छन्।

जनयुद्धको शुरुवातदेखि आजसम्म हत्या-हिंसाका रुपहरु परिवर्तन हुँदै आएका छन्। सामान्यवाट चरम रुप धारण गरेको हिंसाले आम मानिसको आर्थिकदेखि सामाजिक अनि सांस्कृतिक अधिकारमा समेत ठूलो धक्का पुऱ्याएको छ। सामाजिकरुपमा विखण्डनहरु देखा परेका छन्। आम मानिसको विस्थापित हुने क्रम बढ्दै गएको छ। केही समयअघि एकजना व्यक्तिलाई माओवादीको आरोपमा सुरक्षाकर्मीले पक्राउ गरी वेपत्ता पारेकोमा

जसलाई दुःख परेको हुन्छ, त्यसैले मात्र दुःखको अनुभूति गर्नसक्छ । आजको युद्धले असंख्य नागरिकहरुमा दीर्घकालीन असर परेको छ । सहजै अनुमान गर्न सकिन्छ, 'जनयुद्ध'बाट प्रत्यक्ष र अप्रत्यक्षरुपमा असर परेका बालबालिकामा बदला र डरत्रासको भावना बढेको छ । घर धान्ने मूली नै नरहेपछि उनीहरुले कठिन श्रम गर्न बाध्य हुनु परेको छ । शिक्षा, स्वास्थ्यको अधिकारबाट पनि वञ्चित हुनुपर्ने अवस्था सृजना भएको छ । उनीहरुको बालापनको हरण भएको छ । देशको भविष्यका रुपमा रहेका यी कर्णधारहरुले सभ्य समाजको निर्माणमा कसरी योगदान पुऱ्याउन सक्लान् ?

उनकी पत्नीले राजधानीमा आत्महत्या गरिन्। यस्ता परिणामहरु बाहिर आउन थालेका छन्। यो द्वन्द्वले निम्त्याएको विभत्स परिणाम हो।

हत्या-हिंसाको प्रकृति हेर्ने हो भने राज्य पक्षकै हाराहारीमा गैरराज्यतर्फबाट पनि चरम ज्यादति भएको छ। गैरराज्य पक्षबाट सुराकी गरेको आरोपमा र राज्य पक्षबाट आतंककारीको नाममा मन्छेलाई चेपुवामा पारी मारिएको छ। मान्छेलाई पशुजस्तो व्यवहार गरी यातना दिइएको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्रले अघि सारेको मानवीय गरिमाको मान्यतालाई पूर्णतः लत्याइएको छ। विमति राख्ने सबैलाई यातनापूर्ण र अमानवीय तौरतरिकाले जीवनको अधिकारबाट विमुख गर्ने कुरामा माओवादीहरु राज्य पक्षभन्दा अगाडि देखिएका छन्। अर्कोतर्फ धम्क्याउने, घर छोड्न लगाउने, चन्दा उठाउने, घरमा आएर जबर्जस्ती खाना पकाउन लगाउनेजस्ता दुःख दिने कामहरु राज्यबाट भन्दा बढि माओवादी पक्षबाट भएको छ। यस्ता क्रियाकलापका कारण मानवीय सम्मानमा गम्भीर ठेस पुगेको छ, मान्छेको मानसिक सन्तुलनमा समेत गम्भीर नकारात्मक असर परिरहेको स्थिति छ।

माओवादी समस्या र राजनीतिक अस्थिरताका कारण देश अहिले संकटकालीन अवस्थामा छ। वर्तमान संविधानको मौलिक हकअन्तर्गत व्यवस्था गरिएका धेरै जसो अधिकारहरु निलम्बनमा परेका छन्। सञ्चार माध्यमहरुमा प्रतिबन्ध लगाइएका छन्। विभिन्न मानवअधिकार संघसंस्थाहरुले खुल्लारूपमा आफ्ना क्रियाकलापहरुलाई अगाडि बढाउन पाएका छैनन।

जसलाई दुःख परेको हुन्छ, त्यसैले मात्र दुःखको अनुभूति गर्नसक्छ। आजको युद्धले असंख्य नागरिकहरुमा दीर्घकालीन असर परेको छ। सहजै अनुमान गर्न सकिन्छ, 'जनयुद्ध' बाट प्रत्यक्ष र अप्रत्यक्षरुपमा असर परेका बालबालिकामा बदला र डरत्रासको भावना बढेको छ। घर धान्ने मूली नै नरहेपछि उनीहरुले कठिन श्रम गर्न बाध्य हुनु परेको छ। शिक्षा, स्वास्थ्यको अधिकारबाट पनि वञ्चित हुनुपर्ने अवस्था सृजना भएको छ। उनीहरुको बालापनको हरण भएको छ। देशको भविष्यका रुपमा रहेका यी कर्णधारहरुले सभ्य समाजको निर्माणमा कसरी योगदान पुऱ्याउन सक्लान् ?

हामी कल्पना गर्न सक्छौं- 'जनयुद्ध'का क्रममा मारिने हजारौं व्यक्तिका परिवारहरुका सम्बन्धमा। हाम्रोजस्तो अशिक्षित र निरक्षरहरुको बाहुल्यता रहेको देशमा आश्रित महिलाहरु कस्तो स्थितिमा बाँचिरहेका छन् ? पति वा छोराप्रति आश्रित हुनुपर्ने हाम्रो सामाजिक बनावट छ। जोप्रति आश्रित हुने हो ऊ नै नरहेपछि त्यस परिवारको स्थिति अत्यन्त नाजुक र दयनीय बन्न पुगेको छ। यस्तो अवस्थामा, महिला भएकै कारण उनीहरुले कति भेदभावको शिकार हुनु परेको छ ? सहजै लेखाजोखा गर्न सकिन्छ।

माओवादी 'जनयुद्ध' शुरु भएपछि मानवअधिकार उल्लंघनका घटनाक्रमहरु क्रमशः बढ्दै गएका छन्। मानवअधिकार उल्लंघनका घटनाहरु हामी सामान्यतः तथ्याङ्कमा हेर्ने गर्छौं। के-कति मानवअधिकार उल्लंघनका घटना भए, कति मारिए, कति घाइते भए, आदि। तर ती घटनाहरु कसरी भए, मान्छेलाई कसरी मारियो, कसरी यातना दिइयो, मानवीय गरिमालाई कतिसम्म लत्याइयो, भन्नेतर्फ पनि ध्यान दिनु जरुरी छ। यसबीच मान्छेलाई विभत्स तरिकाले मारिएको छ। यातना र कष्टको त कुरै नगरौं।

मानिसलाई गैरन्यायिकरुपमा मार्ने कार्यले मानिसको सम्मानितरुपमा बाँच्न पाउने अधिकारको व्यापक उल्लंघन गरेको छ। यस्ता कार्यको नेपालमा मात्र नभई, अन्तराष्ट्रियस्तरबाट नै विरोध भइरहेको छ। विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरुले द्वन्द्वरत दुवै पक्षले अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना नगरेको तथ्य औंल्याउँदै यसको पालनाका लागि दबाब दिंदै आएका छन्। भर्खरै लण्डनस्थित मानवअधिकार संस्था एमनेष्टी इन्टरनेशनलले एक प्रतिवेदन सार्वजनिक गर्दै नेपालमा गैरन्यायिक हत्या बढेको उल्लेख गरेको छ।

यसैगरी नेपालको मानवअधिकार स्थितिका सम्बन्धमा बुझ्न आउनु भएकी राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त लुइस आर्बरले माओवादीहरुले आफ्नो उद्देश्यका लागि अपनाएका तरिकाहरु आधारभूत मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनविपरीत भएको बताउनुभयो। नेपालमा मानिसलाई गैरन्यायिकरुपमा मार्ने प्रवृत्ति रहिरहेमा अन्तर्राष्ट्रिय मञ्चमा शान्ति स्थापना कार्यमा सेनाको संलग्नतामाथि नै प्रश्न उठ्नसक्ने चेतावनी पनि उहाँले दिनुभएको थियो।

माओवादी समस्या र राजनीतिक अस्थिरताका कारण देश अहिले संकटकालीन अवस्थामा छ। वर्तमान संविधानको मौलिक हकअन्तर्गत व्यवस्था गरिएका धेरै जसो अधिकारहरु निलम्बनमा परेका छन। सञ्चार माध्यमहरुमा प्रतिबन्ध लगाइएका छन्। विभिन्न मानवअधिकार संघसंस्थाहरुले खुल्लारुपमा आफ्ना क्रियाकलापहरुलाई अगाडि बढाउन पाएका छैनन। यस्तो अवस्थामा सबैले बुझ्नुपर्ने कुरा भनेको जबसम्म देशमा शान्ति स्थापना हुनसक्दैन तबसम्म मानवअधिकार बहाल हुन सक्दैन। र मानवअधिकार बहाल नहुञ्जेल प्रजातन्त्रको कुनै अस्तित्व रहदैन। त्यसकारण राज्य चलाउनेहरुले प्रजातन्त्र र मानवअधिकार प्रत्याभूतिका लागि नेपालमा देखिएको माओवादी समस्याको शान्तिपूर्ण निकास खोज्नु अत्यन्त आवश्यक हुन्छ।

मानवअधिकार उल्लंघनले शान्तिको सम्भावनालाई पछाडि धकेल्छ

लुइस आर्बर
संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त

सन् १९९८ मा स्थापना भएदेखि नै राष्ट्रिय मानव अधिकार आयोगसँग मानवअधिकारका लागि राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयले निकट सम्बद्धता राख्दै आएको छ। नेपाल सरकार र उच्चायुक्तको कार्यालयबीच हालै भएको समझदारीपत्रले निकट सम्बद्धतामा नयाँ आयाम थपेको छ। आयोगलाई प्राविधिक सहयोग प्रदान गर्ने उच्चायुक्तको कार्यालयले मानवअधिकारको संरक्षणमा नयाँ र प्रतिबद्ध सम्भावनाको ढोका खोलेको छ। यसैअन्तर्गत आयोगलाई पाँच क्षेत्रमा कार्यालय विस्तार गर्न पनि सहयोग गर्नेछ।

सहमतिअनुसार, आयोगको काममा सहयोग गर्न ठूलो संख्यामा अन्तर्राष्ट्रिय सल्लाहकारहरु अहिले हामीसँग छन्। आयोगको क्षमता विकास गर्न उनीहरुले महत्वपूर्ण भूमिका खेल्दै आएका छन्। छोटो समयमै संवैधानिक निकायको रुपमा मानवअधिकारको संरक्षण र प्रबर्द्धन गर्ने आफ्नो अनुपम भूमिकालाई बृद्धि गर्न आयोग सफल भएको छ। आयोगको यो अनुकरणीय भूमिकाको निरन्तरताका लागि सरकार, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायको सहयोग आवश्यक छ। नेपालमा रहेको निरन्तर गहिरिँदो द्वन्द्वबाट संकटमा परेको मानवअधिकारलाई सम्बोधन गर्ने प्रमुख निकायका रुपमा आयोगलाई अन्तर्राष्ट्रिय समुदायले मान्यता दिएको छ।

आयोगका आयुक्तहरुको कार्यकाल आगामी मे महिनामा सकिँदैछ। आयुक्तहरुको कार्यकाल सकिएपछि पनि आयोगको स्वायत्तता तथा प्रभावकारिता र यसको काममा प्रतिकूल प्रभाव पर्नु हुँदैन भन्ने पक्ष महत्वपूर्ण छ। म यसमा जोड दिइरहन चाहन्न। युद्धरत दुवै पक्षबाट गम्भीर र योजनाबद्ध ढंगबाट मानवअधिकार उल्लंघन भइरहेको र द्वन्द्वको छायाँमा परेको नेपालजस्तो देशमा आयोगको भूमिका झन् महत्वपूर्ण छैदैछ।

राज्यका विभिन्न अंगबीच समन्वय कायम गर्ने क्रममा होस् वा जनतालाई सुरक्षाको प्रत्याभूति गर्ने कुरामा होस्, सरकारले अन्तर्राष्ट्रिय मानवतावादी र मानवअधिकार कानुनको पूर्णतः पालना गर्नुपर्छ। माओवादी विद्रोहीले पनि "कानुनी शून्यता" मा आफ्ना गतिविधि संचालन गर्नुहुँदैन। माओवादी पनि अन्तर्राष्ट्रिय कानुनको पालना गर्ने सन्दर्भमा राज्यजत्तिकै वाध्यकारी छन्। यी वाध्यकारी व्यवस्थाका बावजुद पनि नेपाली जनता बेपत्ता, हत्या, अपहरण र यातनाका शिकार भएका छन्। आफ्नो महत्वपूर्ण कार्य सम्पादन गर्ने क्रममा मानवअधिकार रक्षकलाई समेत निरुत्साहित गरिएको छ। बालबालिकालाई विद्रोहीले जबर्जस्ती सैनिकमा भर्ति गरिरहेका छन्। सैनिकमा भर्ति गर्नुभन्दा अरु क्रूर उपायहरु अपनाउँदा उनीहरुको बाल्यावस्थामा घात गर्छ। राजनीतिक छनौट र नैतिक जटिलता बुझ्न नसक्ने बालबालिकालाई अस्पष्ट र शंकास्पद उद्देश्य प्राप्ति गर्ने शंकास्पद माध्यमका रुपमा प्रयोग गरिनु हुँदैन। जबर्जस्त राजतनीतिक एजेण्डाको नाममा उनीहरुलाई विद्रोहमा लगाउँदा त्यसबाट कुनै उपलब्धी हासिल हुँदैन।

छोटकरीमा भन्नुपर्दा, सामाजिक एकतालाई भत्काउने प्रतिस्पर्धामा द्वन्द्व देखा परिरहेको छ। हामीले धेरै मुलुकमा देखेका छौं, अन्यायले हिंसालाई मलजल गरेको छ। र, हिंसाले अझ ठूलो हिंसा निम्त्याउन सहयोग पुऱ्याएको छ। एक पुस्ताको अन्त्य अर्को पुस्ताका लागि पनि रोदनको विषय बन्छ। नेपालजस्तो आधा जनसंख्या १८ वर्षमुनिका रहेको मुलुकमा यो झन् यथार्थ कुरा हो। हिंसा र ध्वंस रोक्न केही गर्नुपर्छ भन्ने यही आशा र विश्वासले आज हामीलाई एक ठाउँमा ल्याएको छ। धेरै निर्दोषको ज्यान लिने यो नौ वर्ष लामो द्वन्द्वलाई कसरी रोक्न सकिन्छ भन्ने साझा उद्देश्यले हामी एक ठाउँमा आइपुगेका छौं। योजनाबद्ध र गम्भीर मानवअधिकार दुरुपयोग अन्त्य गर्न र नेपालमा रहेको दण्डविहीनताको अवस्थालाई समाप्त गर्न तत्काल उपाय अवलम्बन गरिनुपर्छ।

विशेषगरी सशस्त्र द्वन्द्वमा मानवअधिकार रक्षक हुनु सजिलो कार्य होइन। यस्तो बेलामा राजनीतिक र सैन्य नेतृत्व गम्भीर मानवअधिकार उल्लंघनका घटनालाई उठाएर विवादमा पर्न मन पराउँछन्। अर्को पक्षले गरेका अपराध औंल्याउनु सजिलो छ तर आफ्नो असफलताको कठोर र इमान्दार विश्लेषण गर्न गाह्रो छ। त्यसमा पनि अन्तर्राष्ट्रिय

सामाजिक एकतालाई भत्काउने प्रतिस्पर्धामा द्वन्द्व देखा परिरहेको छ। हामीले धेरै मुलुकमा देखेका छौं, अन्यायले हिंसालाई मलजल गरेको छ। र, हिंसाले अझ ठूलो हिंसा निम्त्याउन सहयोग पुऱ्याएको छ।

मानवअधिकार कानुन पालना गराउनुपर्ने प्राथमिक दायित्व लिएकाहरुका लागि यो झन् अप्ठ्यारो कार्य हो। आफ्नो नियन्त्रणमा रहेकावाटै मानवअधिकार उल्लंघन हुँदा उल्लंघनकर्तालाई कारवाही गर्नु आवश्यक छ। आजभन्दा भोलि उनीहरुले आफ्नो जिम्मेवारी वहन नगरेमा छुटकारा पाउने छैनन् भन्ने कुरा बुझ्दै जानेछन्।

मानवअधिकार क्षेत्रमा लागेयता मैले मानवअधिकारलाई उपमा अलंकारको रुपमा प्रयोग गर्ने तर व्यवहारमा कार्यान्वयन नगर्ने धेरै अवस्थाको मुकाविला गरेकी छु। जे भए पनि हामी सबै मानवअधिकारको रक्षा र सम्मानका लागि तयार नै छौं, खाली व्यवहार र वास्तविकतामा मानव मूल्य र सुरक्षाप्रति घृणा प्रदर्शन गरिरहेका छौं। नेपाल यो तहमा प्रवेश गरिसकेको छैन भन्ने मेरो मान्यता हो।

यस्ता मानवताविरुद्ध हुने अपराध रोक्ने एक महत्वपूर्ण कदमका रुपमा राष्ट्रिय मानव अधिकार आयोगले तयार गरेको मानवअधिकार सम्झौता हो। यसका लागि म आयोगको प्रशंसासमेत गर्न चाहन्छु। यो सम्झौताको मुख्य कुरा नै नेपालको सशस्त्र द्वन्द्ववाट प्रभावित निर्दोष नागरिकको पहिचान गर्नु हो। यो सम्झौताले मानवअधिकार उल्लंघन रोकिनुपर्छ भन्नेमा जोड दिन्छ। यदि युद्ध अपरिहार्य हो भने पनि अन्तर्राष्ट्रिय कानुनले निर्धारित गरेका आधारभूत नियमभित्र रहेर युद्ध गरिनुपर्छ भन्नेमा यसको जोड हो।

मानवअधिकार सम्झौतामा सहमति जनाउनु कुनै अप्ठ्यारो कुरा होइन। यो द्वन्द्वरत पक्षहरु पहिले नै बाध्य भएको अन्तर्राष्ट्रिय मानवतावादी कानुनप्रति थप कानुनी बाध्यता रहोस् भन्ने मात्रै हो। यी बाध्यताका पछाडि एउटा कारण छ। आधारभूत मानवअधिकार र अन्तर्राष्ट्रिय मानवतावादी कानुनको पालनाविनै गरिएको युद्धले निर्दोपलाई अकल्पनीय वेदनामात्र दिने होइन, यसले युद्धवाट प्रभावित समाजका सदस्यलाई दीर्घकालीन र नकारात्मक असर पनि पार्दछ।

आयोगले मानवअधिकार सम्झौता प्रस्तावित गरेको यो पहिलोपल्ट होइन। गत वर्ष मार्चमा यो प्रस्ताव अस्वीकृत भएको थियो। त्यसयतामात्र थप १ हजार ६ सय नेपालीले ज्यान गुमाएका छन्। र, त्यसयता कुनै पक्षले रणनीतिक फाइदा प्राप्त गरेका छैनन्। गत वर्ष मार्च यताको एकमात्र ठोस परिणाम भनेको शान्ति वार्ताको सम्भावना कम हुँदै जानु र प्रत्येकको जीवन थप खतरामा पर्दै जानुमात्र हो। मानवअधिकार सम्झौताले शान्तिका लागि एक विशिष्ट आधार प्रदान गर्छ। यसलाई नेपालले अमर्यादाका लागि खरीद गर्न सक्दैन। म फेरि पनि भन्छु, मानवअधिकार सम्झौता युद्धरत कुनै पनि पक्षले हस्ताक्षर गर्न अप्ठ्यारो मान्ने दस्तावेज होइन। यसले मानवअधिकारको अनुगमन, अनुसन्धान र प्रतिवेदन तयार गर्ने आयोगको वैधानिक अधिकारलाई सुनिश्चितता प्रदान गर्छ।

आजसम्म आयोगले आफ्नो कार्य प्रभावकारीरुपमा सम्पादन गर्न आवश्यक सहयोग सम्वद्ध पक्षवाट पाउन सकेको छैन। वन्दीगृह वा वन्दीहरु राखिएका हरेक स्थानमा विना पूर्वजानकारी र विना अवरोध निरीक्षण र अनुगमन गर्न पाउने अधिकार नपाएको सन्दर्भमा यो सत्य साबित भएको छ। विश्वमा हाम्रा कार्यालयले गरेको अनुभवले के देखाएको छ भने मानवअधिकार अनुगमनले मानवअधिकारको दुरुपयोग रोक्न सहयोग पुऱ्याउँछ। यदि आयोगलाई विना अवरोध वन्दीगृह र व्यारेकमा मानवअधिकार अनुगमनका लागि जान दिएको भए मानवअधिकारको अवस्थामा महत्वपूर्ण सुधार आउने थियो भन्नेमा सन्देह छैन। खासगरी बेपत्ता पार्ने, पक्राउ गर्ने, गैरकानुनी थुनामा राख्ने, यातना दिने र अन्यखाले गम्भीर मानवअधिकार दुरुपयोग रोक्न यसले महत्वपूर्ण सहयोग गर्ने थियो।

मानवअधिकार दुरुपयोग रोकेमा यसले शान्ति वार्ताका लागि जग हाल्ने काम गर्छ। मानवअधिकारले द्वन्द्वको कुनै एक वा अर्को पक्षको समर्थन गर्दैन, तटस्थ र विश्वव्यापी छ। यसको मुख्य उद्देश्य सबैको सुरक्षा र सम्मानको रक्षा गर्नु हो। एक अर्काको सम्मान गरेर यसले शान्तिमार्फत् समस्या समाधान गर्न कोशिस गर्छ। युद्धरत दुवै पक्षवाट भएको मानवअधिकार उल्लंघनले दोहोरो, ध्वंसात्मक लक्ष्य मात्र प्राप्त गर्छ र यसले शान्तिको सम्भावनालाई पछाडि धकेल्छ।

त्यसैले म मानवअधिकार आयोगको आव्हानको समर्थन गर्दै सम्पूर्ण नेपालीलाई वार्ताको टेवुलमा आएर समस्याको समाधान गर्न आग्रह गर्छु। यसका लागि सरकार र माओवादीलाई केही सुझाव दिन चाहन्छु। पहिलो, द्वन्द्वका दुवै पक्षलाई अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान गर्न र आधारभूत मानवअधिकारको पालना गर्ने औपचारिक प्रतिवद्धता व्यक्त गर्न आव्हान गर्दछु। दोश्रो, माओवादीलाई वालसैन्य भर्ति गर्ने कार्य तत्काल अन्त्य गर्न र वालवालिकालाई आफ्नो सैन्य लक्ष्य प्राप्तिका लागि प्रयोग नगर्न आव्हान गर्दछु। आयोगले तयार पारेको मानवअधिकार सम्झौतामा हस्ताक्षर गर्न र आफ्नो नियन्त्रणमा रहेका क्षेत्रमा गएर अनुगमन गर्ने पूर्णतः अनुमति दिन माओवादीलाई आव्हान गर्दछु। तेश्रो, सरकारलाई पनि मानवअधिकार सम्झौतामा हस्ताक्षर गर्न आग्रह गर्दछु। र, सन् २००४ मार्च २६ मा गरेको प्रतिवद्धता कार्यान्वयन गर्न आग्रह गर्दछु। अत्यन्त कठिन अवस्थामा पनि मानवअधिकार संरक्षणका लागि प्रभावकारी कार्य गरेकोमा आयोगका सदस्य र कर्मचारीलाई म धन्यवाद दिन चाहन्छु। एउटा स्वतन्त्र र प्रभावकारी राष्ट्रिय आयोग मेरो कार्यालयको सहयोग पाउने सूचीमा निरन्तर परिरहने विश्वास दिलाउँछु। त्यसैगरी, मानवअधिकारको संरक्षणमा काम गर्ने नागरिक समाज, गैरसरकारी संस्था, नेपाल वार एशोसिएसन र सञ्चारमाध्यमहरुका कार्यको पनि म प्रशंसा गर्दछु।

आयोगसहित थुप्रै सक्रिय र वलिया संस्था तथा नागरिक समाज रहेकाले नेपाल भाग्यमानी छ। ती संस्थाले आफ्नो प्रयत्न निरन्तर यस्तै साहसिक र महत्वपूर्ण कार्यमा लगाउनुपर्छ। अन्त्यमा, म प्रधानमन्त्रीलाई आयोगको काममा निरन्तर सहयोग गरेकोमा धन्यवाद दिन चाहन्छु। मेरो कार्यालय र वास्तवमै राष्ट्रसंघले सरकारका राष्ट्रिय साझेदारहरु, मानव अधिकार आयोग र नागरिक समाजलाई मानवअधिकारको पूर्णतः सम्मान गर्ने शान्ति र प्रजातान्त्रिक नेपाल वनाउने प्रयासमा निरन्तर सहयोग गर्नेछ। नेपालको भविष्य पनि यिनै प्रयासमा भर पर्दछ।

(०६१ माघ ११ गते राष्ट्रिय मानव अधिकार आयोगद्वारा आयोजित शान्ति सम्मेलनमा दिनुभएको मन्तव्य अनुवाद)

संकटकाल, प्रेस स्वतन्त्रता र न्यायपालिका

निर्मलमणि अधिकारी

सकटकाल र प्रेस स्वतन्त्रताबीच नाजुक सम्बन्ध रहिआएको हामी पाउंछौं। विश्वका जनसकै भभागमा लगाइने सकटकालले आफ्नो पहिलो निशाना प्रेस स्वतन्त्रतालाई नै बनाउने गरेको देखिन्छ। यद्यपि राज्य र सरकारका प्रकृति एवम् प्रवृत्तिअनुसार विभिन्न संकटकालका उद्देश्य र क्रियाकलाप भने फरक फरक स्वरूपमा देखिन्छन।

राज्य कल्याणकारी अवधारणा हो। राज्यको उत्पत्ति कसरी भयो भन्ने बारेमा अनेक मतहरू भए तापनि ती सबैले यसको मूल लक्ष्य प्रत्येक नागरिकको सर्वांगीण विकास एवम् कल्याण हो भन्नेमा मतैक्यता जनाएका छन्। वास्तवमा जनसमुदाय नहुने हो भने राज्य पनि हुंदैन। ढुंगा, माटो, भगोललाई मात्र राज्य मान्न सकिंदैन। राज्य सबैका साझा थलो हो, जहां विरोधी र समर्थक एउटै थलोमा रहन्छन्। अनेकतामा एकता खोज्दै 'बहुजन हिताय बहुजन सुखाय' भन्ने मान्यताका आधारमा राज्य सञ्चालित हुन्छ। त्यसो त राज्यभित्र अनेक द्वन्द्वहरू पनि हुन्छन्। द्वन्द्व व्यवस्थापन हुन नसक्नुको प्रतिफल दुःखद हुनेगर्छ। संकटकाल एउटा त्यस्तै अवस्था हो।

"सकटकाल" संज्ञाले नै बताउंछ– यो सामान्य अवस्था हुंदै होइन। जब राज्यभित्रको परिस्थिति सामान्य विधिले सम्हाल्न नसक्ने अवस्था आइपर्छ, तब सकटकालको घोषणा गरिन्छ। नागरिकहरूकै दीर्घकालीन हितका लागि केही समय दुःख खेप्ने अवधि हो, यो। बालबालिकालाई दादुराबाट बचाउन खोप दिंदाजस्तै सानो पीडाले भविष्यको लामो समयलाई सुखमय बनाउने अभिप्रायले सकटकाल लगाइने हो। तर ख्याल गर्नैपर्ने कुरा के छ भने यस अवधिमा प्रजातान्त्रिक देशका नागरिक अधिकारहरू खोसिएका हुंदैनन्, खोस्न मिल्दैन, केही समयका लागि निलम्बनमा पर्ने मात्र हुन्। संकटकालको अवधिमा पनि नागरिकलाई संरक्षण प्रदान गर्नु राज्यको दायित्व हो। राज्य आफ्नो दायित्वबाट संकटकालको बहानामा उम्कन कदापि मिल्दैन। संकटकालमा त नागरिकको संरक्षण गर्ने जिम्मेवारी सरकारको काधमा अझ बढी हुन्छ।

राज्यका दायित्व एवम् कर्तव्य पालना हुने सरकारमार्फत् हो। राज्य र सरकार फरक कुरा हुन्। सरकार राज्यको सञ्चालक हो। सरकारको प्रतिपक्षी हुनसक्छ, तर राज्यको प्रतिपक्ष वा विरोधी हुंदैन। सरकारले राज्य सञ्चालन गर्दा प्रतिपक्षसग प्रतिशोधको भावना लियो भने राज्यको सञ्चालकको कर्तव्यबाट च्युत भएको मान्नुपर्छ। सरकारमा बस्नेहरूले राज्यको सञ्चालकका हैसियतले आफ्ना प्रतिपक्षलाई पनि संरक्षण गर्नुपर्छ भन्ने तथ्य कदापि भुल्न मिल्दैन। राज्यभित्र हुने मतमतान्तर राज्यकै रक्षा, हित र विकासको लागि हुनुपर्छ। अझ सरकारमा बस्नेहरूले सर्वसाधारण जनतालाई पीडामा पारेका छन् भने त्यो त झन् अपराध नै हुन्छ। अपराध गर्ने छूट कसैलाई कहिल्यै पनि हुंदैन। सत्तासीनहरू पनि यसका अपवाद हुन सक्दैनन्। तर सरकारमा बस्नेहरूले आफ्नो स्वेच्छाचारितालाई न्यायोचित देखाउने कसरतमा सरकार र राज्यबीचको फरकलाई सकेसम्म सांघुरयाउन पयास गर्छन्। कतिपय अवस्थामा त उनीहरू सरकार स्वयम् नै राज्य हो भन्ने भ्रम पार्न समेत खोज्छन्।

संकटकालमा राज्य र सरकारबीचको फरक अझ सांघुरिने र धेरै हदसम्म राज्यका सबै शक्ति सरकारमा केन्द्रित हुने हुन्छ। यही मौका छोपेर प्रेसमार्फत् आउने वा आउनसक्ने विरोधी स्वरलाई निमिट्यान्न पार्ने सोच पनि कतिपय सत्तासीनहरूमा आउनसक्छ। कसैलाई हिजोका दिनमा खुला प्रेसले आफ्ना बारेमा प्रकाशन गरेका समाचारमाथिको अप्रशन्नता प्रकट गर्ने उपयुक्त अवसर संकटकाल नै हो भन्ने लाग्न पनि सक्छ। माथि नै भनेझैं, राज्य र सरकारको प्रकृति र प्रवृत्तिले संकटकालमा विचार र अभिव्यक्तिको स्वतन्त्रतामाथिको बाधा कति हदसम्म र कसरी हुने भन्ने निर्धारण हुन्छ।

विचार र अभिव्यक्ति स्वतन्त्रता मौलिक हकहरूमध्येको पनि आधारभूत हक हो। यसको अभावमा अरू सबै स्वतन्त्रताहरू निरर्थक बन्छन्। जनतालाई विचार र अभिव्यक्तिको स्वतन्त्रता छ भने मात्र जनतामा सार्वभौमसत्ता रहेको मानिनको सार्थकता हुन्छ। यस स्वतन्त्रताबिना जनता सार्वभौमसत्ता सम्पन्न बन्न सक्दैनन्। अनि, विचार र अभिव्यक्तिको स्वतन्त्रता संविधानमा लेखेर मात्र पर्दैन। यो शब्द भ्याकम मा क्रियाशील हुन नसक्ने भएकाले यसको वास्तविक प्रयोगका लागि सबैभन्दा सबै नागरिकले आफ्नो विचार र अभिव्यक्तिलाई स्वतन्त्र एवम् निष्पक्ष माध्यमबाट निर्बाध आदानप्रदान गर्न पाउनपर्छ। सूचनाको निर्बाध आदानप्रदानका लागि नै आवश्यक पर्ने हुन् सञ्चार माध्यमहरू। यसरी प्रेस

आयोग गठनको माग गर्दै सिंहदरबार अगाडि छरिएका पर्चा

गोरखा सदरमुकाममा अनशन

आन्दोलनबारे जानकारी दिन आयोजित एक पत्रकार सम्मेलन

काठमाडौंमा निकालिएको जुलुस

चितवनमा आयोजित कोणसभा

सदस्यहरुलाई सपथग्रहण गराउनुहुँदै आयोगका अध्यक्ष नयनबहादुर खत्री

आयोगका पदाधिकारीहरु : बायाँबाट क्रमशः सदस्य कपिल श्रेष्ठ, सदस्य इन्दिरा राणा, अध्यक्ष नयनबहादुर खत्री, सदस्य डा. गौरीशंकरलाल दास र सदस्य सुशील प्याकुरेल

शान्तिपूर्ण धर्नामा प्रहरी दमनको विरोध

आयोगका लागि आन्दोलन

वर्तमान राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहरूको पदावधि करिब ३ महिना मात्र बाँकी छ। आयोगको गठन मानवअधिकार आयोग ऐन, २०५३ बमोजिम ०५७ जेठ १३ गते भएको थियो। सदस्यहरूको कार्यकाल ५ वर्षको हुन्छ। ऐन लागू भएको ३ वर्षपछि मात्र राष्ट्रिय मानव अधिकार आयोग गठन भएको थियो। तर त्यो गठन सहजै भएको थिएन।

मानव अधिकार आयोग ऐन, २०५३ संसदबाट पारित भएको लामो समयसम्म पनि सरकारले आयोग गठनतर्फ कुनै ध्यान दिएन। आयोग गठनका लागि मानवअधिकारकर्मी, नागरिक समाजको तर्फबाट विभिन्न पहलहरू भए पनि तिनको कुनै सुनुवाई भएन। सरकारले स्वतःस्फूर्तरूपमा आयोग गठन गर्ने सम्भावना नदेखिएपछि ०५५ र ०५६ सालमा देशका विभिन्न भागमा मानवअधिकारकर्मीहरूले आयोग गठनको माग गर्दै [illegible]द्ध आन्दोलनहरू गरेका थिए। त्यसक्रममा कोणसभा, धर्ना, जुलुस, आमरण अनशनजस्ता दबाबमूलक कार्यक्रमहरू गरिए। त्यतिले मात्र नपुगेर, सर्वोच्च अदालतमा रिटसमेत दायर गरिएको थियो। सम्मानित सर्वोच्च अदालतले 'ऐनलाई विनाकारण अनन्तकालसम्म निश्क्रिय बनाई राख्नु उपयुक्त नहुने हुनाले' भन्ने वाक्यांश राखी आयोग गठन गर्नू, गराउनू भनी ०५६ साउन ३१ गते परमादेशसमेत जारी गरेको थियो। आयोग गठनका लागि भएको आन्दोलनका क्रममा मानवअधिकारकर्मी, नागरिक समाजका पदाधिकारीहरूले पटक-पटक प्रहरी गिरफ्तारीको सामना गर्नुपरेको थियो। आन्दोलनका बारेमा सबैलाई जानकारी गराउने उद्देश्यले समय-समयमा पत्रकार सम्मेलन पनि गर्ने गरिएको थियो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले यस विषयलाई महत्वका साथ आ-आफ्नोतर्फबाट समाचार तथा अन्य सामग्रीहरूको प्रकाशन-प्रशारण गरेका थिए।

नेपालको इतिहासमा पहिलो पटक गठन भएको राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूको पहिलो कार्यकालमा केही विवादहरूसमेत देखा परेता पनि मानवअधिकारको संरक्षण र सम्बर्द्धनका क्षेत्रमा आयोगको योगदान महत्वपूर्ण रह्यो। आन्तरिक संयन्त्रहरूको विकासका साथै देशका विभिन्न जिल्लामा भएको स्थलगत अनुगमनका कारण आयोगको थप सक्रियता महसुस गरियो। त्यतिमात्र नभई देशको मानवअधिकार स्थिति संकटग्रस्त रहेको अवस्थामा आयोगले लिएका अडान र मानवअधिकार समुदायसँग गरेको सहकार्य स्मरणीय छ।

आयोग गठनको माग गर्दै काठमाडौं नयाँ सडकमा धर्ना

बिमलचन्द्र शर्मा

आयोग गठनको माग गर्दै आयोजित जुलुस

प्रधानमन्त्री निवास अगाडि आयोग गठनको माग

शान्तिपूर्ण धर्नामा प्रहरी हस्तक्षेप

धर्नामा सहभागी मानवअधिकारकर्मीहरूलाई गिरफ्तार गरिदै

नेपालगञ्जका पत्रपत्रिका प्रकाशकहरुले अपनाउनुपर्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, बाँकेले ०६१ माघ २५ गतेदेखि जारी गरेको निर्देशिका

१. नेपालगञ्जबाट साविकदेखि नै विधिगत दर्ता भई प्रकाशनमा आएका पत्रपत्रिकाहरुले यस सूचनामा उल्लेखित बुँदाहरुको परीधिभित्र रही सूचना बुझेर गई अनिमात्र प्रकाशन शुरु गर्ने।

२. कुनै पनि पत्रपत्रिकाले मुलुकको सार्वभौमिकता, अखण्डता र शान्ति सुरक्षामा नकारात्मक असर पर्ने समाचारहरु प्रकाशित गर्न नहुने।

३. राजसंस्था र ०६१ माघ १९ गतेको शाही घोषणाविरुद्ध कुनै पनि आक्षेप लाग्ने गरी प्रकाशन गर्न नहुने।

४. माओवादी र तिनका भातृसंस्थाले गरेको बन्द आव्हान तथा माओवादीद्वारा भएको सुरक्षाफौजको एवम् सरकारी निकायको भौतिक एवम् मानवीय क्षतिबारेको समाचार प्रकाशित नगर्ने।

५. सुरक्षाफौजद्वारा गरिएको कारवाहीमा परी माओवादीतर्फ भएको क्षतिबारेमा उल्लेख गर्न सकिने तर भविष्यमा परी सर्वसाधारणको क्षतिबारे सरकारी प्रवक्ताले दिएको वक्तव्यमा उल्लेख भएको बाहेक अन्य अवस्थामा प्रकाशन नगर्ने।

६. माओवादी क्रियाकलापले गर्दा भएको सर्वसाधारणको क्षतिबारे प्रकाशन गर्न सकिने।

७. माओवादीको गतिविधि र चलखेलबारे प्रेसलाई कुनै पनि माध्यमबाट थाहा भएको कुरा सम्बन्धित सुरक्षा निकायबाट यकिन गर्न सकिने।

८. कुनै पनि सरकारी निकायबाट भएको अनियमिततावारे राम्रो परीक्षण गरी पाएसम्म सप्रमाण गल्ती, कमजोरी दर्शाउन हुने तर निराधार चरित्र हत्या र राष्ट्रसेवकलाई निरुत्साहित गर्ने उद्देश्यले प्रकाशन गर्न नहुने।

९. राजनीतिक एवम् त्यससँग सम्बन्धित संघसंस्थाका सूचनाहरु र गतिविधिहरु प्रकाशन नगर्ने तर सामाजिक, धार्मिक, आर्थिक संघसंस्थाका गतिविधि एवम् सूचना प्रकाशन गर्न सकिने।

१०. विदेशबाट नेपालबारे प्रकाशित र प्रशारण गरिएका माओवादी र अन्य राजनीतिक संघसंस्थासँग सम्बन्धित समाचार, लेख रचनालाई कोड गरी प्रकाशन नगर्ने साथै भारतीय भूमिको माओवादी गतिविधिबारेमा पनि समाचार प्रकाशन नगर्ने।

११. प्रकाशित पत्रपत्रिकाको अनुगमनका लागि अनिवार्यरुपमा एक प्रति निःशुल्क अनुगमन टोलीलाई उपलब्ध गराउनुपर्ने।

१२. सूचना तथा सञ्चार मन्त्रालयबाट भएका अन्य निर्देशनहरुलाई पालना गर्नुपर्ने।

स्वतन्त्रताको प्रत्याभूतिको तात्पर्य देशका जनसमदायले सूचना आदानप्रदान गर्न पाउने अधिकारको सम्मान एवम् प्रत्याभूति हो। प्रेस स्वतन्त्रता सर्सर्ती हेर्दा प्रेस जगतले उपभोग गरिरहेको स्वतन्त्रता जस्तो देखिए तापनि वास्तवमा यो सम्पूर्ण नागरिकको स्वतन्त्रता हो, जसको मूल आशय जनताको विचार र अभिव्यक्तिको स्वतन्त्रता कदापि कुण्ठित नहोस् भन्ने नै हो।

राज्यको वृहत्तर हितका लागि आवश्यक पर्दा नागरिक अधिकारहरू केही समयका लागि स्थगन गर्न सकिन्छ। यस क्रममा प्रेस स्वतन्त्रता पनि स्थगन हुनसक्छ। तर अन्ततोगत्वा तिनको अभिष्ट नागरिकहरूकै कल्याण गर्ने हुनुपर्छ। यस्तो हक स्थगन गर्दा विशेष सावधानी अपनाउन् वाञ्छनीय छ। सरकारमा बस्नेहरूले विचार र अभिव्यक्तिको स्वतन्त्रता संकटकालको अवधिभरका लागि स्थगन मात्र गरिने हो, खोस्न मिल्ने होइन भन्ने तथ्यलाई पटक्कै भुल्न पाउँदैनन।

अर्को पक्ष के हो भने संकटकाल भनेको कानुनविहीन काल होइन। यस अवधिमा नागरिक अधिकारहरू स्थगन गर्दा स्वेच्छाचारी ढंगले गर्न पाइँदैन। जसरी अधिकारको प्रत्याभूति कानुनद्वारा मात्र हुनसक्छ, त्यसरी नै अधिकार स्थगन पनि कानुनद्वारा मात्र गर्न सकिन्छ। कानुनी राजको अवधारणामा कुनै पनि कुरा कानुनी दायराभन्दा बाहिर पर्दैन। त्यसैले संकटकालमा प्रेस स्वतन्त्रता स्थगन गर्दा पनि सरकारले सर्वप्रथम त्यसको कानुनी आधार तय गर्नैपर्छ। कानुनी आधार तय नगरी प्रेस स्वतन्त्रतालाई छेकबार हालियो भने सरकारको त्यस्तो कदम गैरकानुनी वा स्वेच्छाचारी ठहर्छ।

वि.सं. ०६१ माघ १९ गते देशमा संकटकाल लागेपछि त्यसको प्रत्यक्ष असर प्रेस जगतमाथि पनि पऱ्यो। छापा माध्यमका लागि काम गर्ने पत्रकारहरू सेन्सरसीपको फन्दामा परे भने प्रशारण माध्यमका लागि काम गर्ने पत्रकारहरू त आफ्नो रोजी-रोटी गुमाउने अवस्थामै परे। नेपालभरि दर्ता भएका एफएम रेडियोको संख्या ५६ मध्ये ४६ बटा चालु अवस्थामा छन्। ती संस्थामा कार्यरत चार हजार पत्रकारमध्ये एक हजार दुई सय समाचार संकलन क्षेत्रमा कार्यरत रहेको आंकलन छ। सञ्चालनमा रहेका एफएमहरूले वार्षिक एक करोड रुपैयाँ रोयल्टी र तीन करोड रुपैयाँ भ्याट तिर्ने गरेको बताइन्छ भने एफएम प्रशारणमा कुल लगानी तीस करोड पुगिसकेको अनुमान छ। छापा माध्यमका क्षेत्रमा लगानीको आंकडा अरबौं रुपैयाँमा पुगिसकेको हुनुपर्छ। लामो समयसम्म प्रेस स्वतन्त्रता कुण्ठित रह्यो भने यत्रो लगानी डुब्ने कराम कुनै शंका छैन।

देशमा संकटकाल भएकाले हिजोजस्तै सम्पूर्ण स्वतन्त्रताको अवस्था पक्कै रहँदैन। तर माथि नै भनिएझैं

संकटकालमा प्रेस स्वतन्त्रता स्थगन गर्दा पनि सरकारले सर्वप्रथम त्यसको कानुनी आधार तय गर्नैपर्ने आवश्यकता पूरा गरियो कि गरिएन त ? यो पक्षलाई केही उदाहरणबाट हेर्न सकिन्छ।

दाङबाट प्रकाशन हुने युगबोध दैनिक ०३३ सालदेखि प्रकाशन आरम्भ भएको हो। शुरुमा पाक्षिक, साप्ताहिक हुँदै प्रजातन्त्र पुनर्स्थापनासँगै दैनिक प्रकाशन आरम्भ भएको युगबोध मोफसलबाट निस्केर पनि "क" वर्गमा पर्न सफल भएबाटै यसको लोकप्रियता अनुमान लगाउन सकिन्छ। देशको बदलिँदो परिस्थितिमा दाङका प्रमुख जिल्ला अधिकारी शिवप्रसाद नेपालको हस्ताक्षरयुक्त लिखित आदेशमा अर्को सूचना नपाएसम्म प्रकाशन नगर्ने आदेश दिइएको छ। संक्षिप्त पत्रमा उक्त आदेशको कानुनी आधार बारेमा केही उल्लेख गरिएको छैन। आफ्नो पत्रिका व्यक्तिगत रिसइबीका कारण बन्द गरिएको सम्पादक नारायणप्रसाद शर्माको दावी छ। भ्रष्टाचारसम्बन्धी एक समाचारलाई लिएर केही समयअघि प्रजिअले मौका मिल्नासाथ पत्रिका बन्द गराइदिने धम्की दिएको उहाँ स्मरण गर्नुहुन्छ।

दाङकै गाउँघर साप्ताहिकको कथा पनि योभन्दा फरक छैन। भर्खरै आफ्नो १० औं वार्षिकोत्सव मनाएको गाउँघर साप्ताहिकलाई पठाइएको पत्रको व्यहोरा पनि उही छ। युगबोध र गाउँघर दुवै पत्रिकामा काम गर्ने पत्रकार समूह एउटै रहेकाले गाउँघरलाई पनि युगबोधमा छापिएको समाचारकै कारण बन्द गराएको नारायणप्रसाद शर्मा दावी गर्नुहुन्छ।

माथिका दुई घटनामा त स्थानीय प्रशासनले औपचारिक पत्र दिने सोचसम्म देखायो। यद्यपि पत्रमा कुनै कानुनी आधार खुलाइएको छैन। कतिपय सन्दर्भमा त्यति समेत गरिएन। उदाहरणका लागि, मोफसलबाट निस्केर पनि "क" वर्गमा पर्न सफल अर्को पत्रिका धरानको ब्लास्ट दैनिकका सम्पादक केशव कार्कीले दिनुभएको जानकारी अनुसार, १९ गते सेना आएर पत्रिका कार्यालय बन्द गरी चाबी आफैंले लिएर गए। सो चाबी २५ गते प्रहरीले ल्याएर फिर्ता दिए। बीचको समयमा कुनै पूर्जी दिइएन, पत्रिका निकाल्न पाइएन। २५ गते चाबी दिएको र लिखित वा मौखिक कुनै आदेश नभएकाले २६ गते पत्रिका प्रकाशन गरियो। त्यसपछि सम्पादकलाई बोलाएर सेनाले धम्क्याए र कार्यालयमा ताला लगाई चाबी लिएर गए। त्यसैले २७ गते पत्रिका निकल्न सकेन। २७ गते बेलुका नै चाबी फिर्ता दिइयो र सेन्सर अनुसारमात्र प्रकाशन गर्न मौखिक आदेश दिइयो। त्यसपछि सेन्सर गराएर पत्रिका प्रकाशन भयो। सम्पादक कार्कीका अनुसार, दशैंअघि फुम्रे ब्यारेकका बारेमा बलात्कारसम्बन्धी समाचार प्रकाशन भएकाले त्यसैको इबी साँध्न बन्द गराइएको हो।

प्रेस स्वतन्त्रतामाथि स्वेच्छाचारी तरिकाले अंकुश लगाइएको अर्को उदाहरण गुल्मी जिल्लामा देख्न सकिन्छ। गुल्मीबाट नयाँ जनमत, साझा विचार, गुल्मी टाइम्स र रेसुंगा शिखर सन्देश साप्ताहिक पत्रिका नियमित प्रकाशन हुँदै आएका थिए। शाही घोषणाको भोलिपल्ट नै त्यहाँका प्रजिअ नेत्रप्रसाद शर्माले पत्रिका छाप्दै आएका दुई प्रेसलाई आफ्नो आदेशपछि मात्र छाप्न निर्देशन दिए। पत्रिकाका सम्पादकहरूलाई, त्यो पनि लिखित तवरले, आदेश दिनुपर्नेमा छापाखानावालाहरूलाई मौखिक आदेश दिइनुबाट कानुनी राजको उपहास भएको छर्लंग हुन्छ। प्रकाशनको वातावरण मिलाइदिन पटक-पटक प्रजिअ शर्मासँग सम्पादकहरूले आग्रह गर्दा उनले आफूलाई माथिबाट बन्द गर्न आदेश आएको, तर प्रकाशनको स्वीकृति दिन निर्देशन नआएको बताइयो। तर त्यस्तो "माथिको आदेश" पनि लिखितरूपमा प्रस्तुत गरिएन। यसबाट एकातिर "माथिको आदेश" आएकै पो होइन कि भन्ने आशंका उब्जन्छ भने अर्कोतिर त्यस्तो आदेश आएकै भए पनि मौखिकरूपमा मात्र आएको देखिएकाले कानुनी राजको मर्म उल्लंघन भएको देखिन्छ।

माथिका उदाहरणहरू केही प्रतिनिधिमूलक दृष्टान्त मात्र हुन्। यस्ता घटनाहरू देशैभरि उल्लेख्य मात्रामा भएका छन्, जसमा कानुनी आधार तय नगरी प्रेस स्वतन्त्रतालाई बाधा पुऱ्याइएको छ। उदाहरणका लागि, पोखरामा माघ १९ गते नै सेनाले एफएम तथा पत्रिकाका कार्यालयहरूमा ताला लगाई चाबी आफैंले लगेकोमा तीन दिनपश्चात् फिर्ता दिएका थिए। जसका कारण पोखराका एफएम र पत्रिकाहरू तीन दिनसम्म बन्द भए र पछि सेन्सरसहित प्रशारण प्रकाशन सुचारु भयो। सोही दिन नै पूर्वाञ्चलमा सप्तकोशी र कोशी एफएममा सेना प्रवेश गरी समाचार प्रशारण नगर्न मौखिक आदेश दिएका थिए। यी क्रियाकलापका कानुनी आधार हेर्दा, पत्रपत्रिकामाथिको सेन्सरसीप तथा एफएमलाई समाचार प्रशारणमा बन्देजसम्बन्धी औपचारिक सूचना भने सञ्चार मन्त्रालयले माघ २१ मा मात्र जारी गऱ्यो।

पत्रपत्रिकामाथि सेन्सरसीप लगाउँदा पनि त्यसका सीमाहरू स्पष्ट शब्दमा तोकेर निर्देशिका तयार गरी त्यहीअनुसार सेन्सरसीप लगाउनुपर्थ्यो। नेपालगञ्जमा स्थानीय पत्रपत्रिका प्रकाशन गर्दा प्रकाशकहरूले अपनाउनुपर्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, बाकेले ०६१ माघ २५ देखि जारी गरेको निर्देशिका यससम्बन्धी पहलको राम्रो उदाहरण हो। यसलाई राम्रो मानिएको किनभने सेन्सरसीप पनि अपरिभाषित आधारमा गरिएको खण्डमा त्यो स्वेच्छाचारी र कानुनी राजको मर्मविरुद्ध नै हुन्छ। लिखित निर्देशिकाका आधारमा गरिएमा सेन्सर प्रक्रियामा एकरूपता कायम हुने तथा सेन्सर गर्नेवालाको स्वेच्छाचारितामा केही हदसम्म भए पनि कमी आउने अवस्था रहन्छ।

संकटकाल लगाउनुको सैद्धान्तिक उद्देश्य सरकारमा बस्नेहरूलाई सत्ता शक्तिको दुरुपयोग गर्न सजिलो बनाउनु पटककै होइन। यस अवधिमा उनीहरू कानुनी राजको मान्यताप्रति अझ बढी संवेदनशील हुनुपर्ने देखिन्छ। त्यसैले संकटकालमा पनि आफ्ना गतिविधिहरू कानुनी दायराभित्रै छन् भन्नेमा उनीहरूले

जनसमुदायलाई विश्वास दिलाउनैपर्छ। यद्यपि सकटकालको अवधिमा विशेष परिस्थितिअनुरूपका विशेष कानुनहरू क्रियाशील हुनसक्छन्। सारमा, राज्य कुनै पनि अवस्थामा कानुनी राजको परीधिबाट बाहिर जान मिल्दैन। यसको संचालनको जिम्मेवारी पाएको सरकार र यसका निकायहरुले कानुनी राजका मान्यताहरुलाई व्यवहारमा उतार्नेतर्फ अझ बढी तदारुकता देखाउनुपर्ने हुन्छ।

संकटकालमा प्रेस स्वतन्त्रतामाथिको बाधालाई कम भन्दा कम पीडादायी बनाउन कार्यपालिकाबाहेक न्यायपालिकाको भूमिका पनि विवेच्य छ। प्रेस स्वतन्त्रता उद्भवको अमेरिकी र बेलायती पृष्ठभूमिमा मौलिक अन्तर रहेको छ। बेलायती सन्दर्भमा प्रेस जगतले निकै ठूलो संघर्ष गरेर मात्र स्वतन्त्र प्रेसको अवधारणा स्थापित भएको हो भने अमेरिकी सन्दर्भमा राज्य शुरुदेखि नै स्वतन्त्र प्रेसको अवधारणाप्रति प्रतिबद्ध थियो। यसका पछाडि ऐतिहासिक कारण पनि छ। संयुक्त राज्य अमेरिकाको जन्मका लागि भएको संघर्षमा प्रेसले गहकिलो योगदान पुऱ्याएको थियो। त्यसैले अमेरिकी संविधानको पहिलो संशोधन (सन् १७९१) मै प्रेस स्वतन्त्रताको पूर्ण प्रत्याभूति रहने अवस्था आयो। यसपछि अमेरिकी न्यायालयका अगाडि कसरी प्रेस स्वतन्त्रताको प्रत्याभूति दिने भन्ने समस्या आएन। वरु उसले संविधानले दिएको असीमित अधिकारलाई कसरी एउटा मर्यादित सीमाभित्र राख्ने भन्नेतर्फ चासो लिनुपऱ्यो।

बेलायतमा प्रेसले राजनीतिज्ञहरूसँग लडेर स्वतन्त्रता पाएको थियो। बेलायती सरकार तथा राजनीतिज्ञहरूले प्रेस जगतलाई नियन्त्रण गर्न खोज्ने, तर प्रेसले चाहिँ सरकारी स्वेच्छाचारिताविरुद्ध संघर्ष गर्ने, पृष्ठभूमिमा प्रेस स्वतन्त्रताको अवधारणा जन्मेको थियो। यसरी बेलायत आधुनिक प्रेस स्वतन्त्रताको अवधारणाको उद्गमस्थल बन्यो। पत्रकारहरू र जनताको संघर्षले प्रेस स्वतन्त्रता अवधारणागत तवरले स्थापित भइसकेपछि पनि त्यसलाई व्यवहारतः लागू गराउन केही थप समय लाग्यो। प्रेस स्वतन्त्रतामाथि लगाइने अंकुश फुकाल्न त्यहाँको न्यायपालिकाले योगदान गऱ्यो। तेस्रो विश्वका भनिने विकासोन्मुख देशहरूमा पुरानो बेलायती अवशेष अझैसम्म पनि रहेको पाइन्छ, जहाँ न्यायालयको निगरानी तथा अभिभावकत्व नभइकन प्रेस स्वतन्त्रताको प्रवर्द्धन हुन सक्दैन।

नेपाल अधिराज्यको संविधान २०४७ को प्रावधानको मर्म अमेरिकी संविधानसँग निकट छ तापनि नेपालमा प्रेस स्वतन्त्रताको व्यावहारिक प्रयोगको पृष्ठभूमि भने उहिलेको बेलायती सन्दर्भसँग निकट छ। नेपालमा प्रेस स्वतन्त्रताको संवैधानिक प्रत्याभूति व्यवहारमा आइपुग्दा धेरै नै खुम्चने गरेको छ। त्यसैले नेपाली न्यायपालिकाको अगाडि अमेरिकामाझैं प्रेस स्वतन्त्रतालाई असीमितबाट कसरी मर्यादित बनाउने भन्ने चुनौती छैन। यसले पहिलेको बेलायत तथा अहिलेका अनेक विकासोन्मुख देशहरूमाझैं सरकारले सीमित तुल्याएको वा तुल्याउन चाहने संवैधानिक प्रावधानलाई व्यवहारतः कसरी प्रत्याभूत गर्ने भन्नेमा चासो दिनुपर्ने अवस्था छ।

संकटकालमा सरकारद्वारा प्रेस स्वतन्त्रताका लागि तय गरिएको सीमा कानुनी राजको अवधारणाअनुसारको छ/छैन भनेर जाँच्ने निकाय सर्वोच्च अदालत नै हो। विचार र अभिव्यक्ति स्वतन्त्रतामाथिको बन्देजको मनसाय वृहत्तर हितका लागि क्षणिक स्थगन मात्र हो वा त्यसमा स्वतन्त्रतालाई नै निमिट्यान्न पार्ने दुराशय निहित छ भनेर जाँच्ने ल्याकत पनि सर्वोच्च अदालतबाहेक अरुमा हुने कुरै भएन। यस अतिरिक्त, सरकार आफैले तय गरेका प्रावधानलाई इमान्दारीपूर्वक पालना गर्ने वातावरण बनाइरहेको छ त भनेर पर्यवेक्षण गर्ने जिम्मेवारी पनि न्यायपालिकाकै काँधमा आउँछ। यो जिम्मेवारी पूरा गर्न कत्तिको खरो उत्रन्छ, हेर्न बाँकी नै छ। ●


श्री ५ को सरकार
गृह मन्त्रालय
कार्यालय : ५६०१३३
: ५६००२८
आवास : ५६००२९

जिल्ला प्रशासन कार्यालय
घोराही, दाङ

पत्र संख्या : मु ।२०६१/०६२
चलानी नं. : २५२१-२५२५

त्रिभुवननगर दाङ
मिति : ०६१।६।२२

प्रोष्य
अत्यन्त-जरुरी

विषय :

श्री गाउँघर साप्ताहिक पत्रिका
दाङ० त्रिभुवननगर ।

तहाँबाट 'गाउँघर साप्ताहिक' नाम पत्रिका प्रकाशन हुँदै आएकोमा वर्तमान स्थितिलाई ध्यानमा राखी यस कार्यालयको एक आदेश नपरेसम्म उपरोक्त पत्रिका प्रकाशनमा बन्देज लगाईएको व्यहोरा सूचित गरिन्छ ।

२६।६।२२
प्रमुख जिल्ला अधिकारी

महिलाविरुद्ध हिंसा

प्रभावकारी कानुनी व्यवस्था आवश्यक

जीवन्त वाग्ले

"महिला विरुद्धको हिंसा सार्वजनिक वा निजी जीवनमा लिंगको आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने संभावना हुन्छ, जसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दवाव र स्वेच्छाचारी रुपमा महिलाको स्वतन्त्रता बन्देज समेत पर्दछ।" संयुक्त राष्ट्रसंघको साधारण सभाद्वारा २० डिसेम्वर १९९३ मा पारित महिलाविरुद्धको हिंसा उन्मूलन गर्नेसम्वन्धी घोषणापत्रमा परिभाषित गरिएको छ।

महिलाको अस्तित्वलाई नोक्सान पुऱ्याउने नियतले गरिने र हुन जाने कुनै पनि शारीरिक तथा मानसिक यातना, दुर्व्यवहार र उत्पीडनलाई महिलाविरुद्ध हिंसा भन्ने गरिन्छ। आज महिलाविरुद्ध हिंसालाई हेर्ने दृष्टिकोणमा फराकिलोपना आउनुको पछाडि संयुक्त राष्ट्रसंघले, महिलाविरुद्ध हिंसा उन्मूलनसम्बन्धी सन् १९९३ मा जारी गरेको घोषणापत्रलाई मुख्य कारक मान्न सकिन्छ।

संयुक्त राष्ट्रसंघले उक्त घोषणापत्रमा दिएको महिलाविरुद्ध हिंसाको परिभाषा अनुसार, महिलाविरुद्ध हिंसा भन्नाले राज्यबाट हुने हिंसाका अतिरिक्त अंगभंग गर्ने, बालिकामाथि यौन दुर्व्यहार गर्ने, दाइजोसम्वन्धी हिंसा, वैवाहिक बलात्कार, स्त्री गुप्ताङ्ग विच्छेद गर्ने तथा महिलाहरुलाई क्षति पुऱ्याउने अन्य परम्परागत हिंसा- पारिवारिक हिंसा, परिवारका अन्य सदस्यहरुबाट हुने हिंसा तथा शोषणसँग सम्बन्धित हिंसा, बलात्कार, यौन दुर्व्यवहार, यौन उत्पीडन तथा काम गर्ने स्थानमा तर्साइने घटना, महिलाहरुको बेचविखन, जबर्जस्ती वेश्यावृत्ति गराइने घटनालगायत्का शारीरिक, यौन तथा मानसिक हिंसाहरु पर्दछन्।

संयुक्त राष्ट्रसंघ, महिलाविरुद्ध भेदभाव उन्मूलन गर्ने समितिको सिफारिस

नं. १९ अनुसार, घरेलु हिंसा महिलाविरुद्धको हिंसाको एउटा सबभन्दा पुरानो रुप हो। यो सबै किसिमको समाजमा प्रचलित छ। महिलाविरुद्धको हिंसाले महिलाको स्वास्थ्यलाई खतरामा पारिरहेको छ। पारिवारिक तथा सार्वजनिक जीवनमा समानताको आधारमा सहभागी हुनबाट दुरुत्साहन गर्न हिंसा नियन्त्रणका लागि आवश्यक प्रभावकारी उपायहरु अवलम्बन गर्नुपर्दछ।

सामाजिक संरचना तथा विभिन्न सांस्कृतिक र धार्मिक कुप्रथाहरुले गर्दा अधिकतम महिलाहरु हिंसाका शिकार भइरहेका छन्। समाजको न्युनतम इकाई परिवारदेखि लिएर विभिन्न नाजायज स्वार्थहरुले प्रेरित भएर चलेका युद्धसम्ममा विश्वका जुनसुकै देशका महिलाहरु हिंसाका शिकार भइरहेका छन्। अत्यन्त सुक्ष्म र अपत्यारिला स्वरुपमा दिनदिनै फैलिरहेको महिलाविरुद्ध हिंसाको स्थिति सबैभन्दा भयानक, संवेदनशील र कहाली लाग्दो मानवअधिकार हननको सवाल बनिरहेको छ।

हिंसाबाट मुक्त भएर बाँच्न पाउनु महिलाको मानवअधिकार हो भन्ने विषय विश्वव्यापीरुपमा उठिरहेको छ। अधिकारलाई सामाजिक-आर्थिक विकासको मेरुदण्डका रुपमा गासिंर विश्लेषण गरिएको छ। महिला तथा मानवअधिकार संस्थाहरुले अन्तर्राष्ट्रियस्तरमै महिलाविरुद्धका हिंसालाई रोक्न लैंगिक समानता र लिंगसापेक्ष सामाजिक न्यायलाई प्रोत्साहन दिएका छन्। त्यसका लागि परिवार, समाज तथा सरकारको नैतिक दायित्वका विषयहरुलाई अगाडि सारिएको छ। यही अभियानकै क्रममा, महिलाहरुको आवाजलाई बल पुऱ्याउने उद्देश्यले संयुक्त राष्ट्रसंघद्वारा सन् १९९३ मा महिलाविरुद्ध हिंसा उन्मूलनसम्बन्धी घोषणापत्र जारी गरिएको हो। यसलाई नेपाललगायत् संसारका धेरैजसो मुलुकहरुले अनुमोदन गरेका छन्।

संयुक्त राष्ट्रसंघको परिभाषालाई मापदण्ड मानेर महिलाअधिकारकर्मीहरुले विश्वभर आ-आफ्नो समाजमा प्रचलित महिलाविरुद्ध हिंसाका प्रकार र अवस्थालाई बाहिर ल्याउने प्रयास गरिरहेका छन्। तर पनि हत्या, बलात्कार, यौन दुर्व्यवहार, कुटपिट, मानसिक यातनालगायत्का हिंसाका कारण सबै समुदाय, वर्ग र तहका महिलाहरु सम्मानपूर्वक बाँच्ने अधिकारबाट वञ्चित भइरहेका छन्। हाम्रो देशमा पनि यस्ता हिंसाबाट पीडित महिलाहरुको संख्या ठूलो छ। इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तकका अनुसार, सन् २००३ मा ५ सय ३२ जना महिला पारिवारिक हिंसाको शिकार भएका थिए भने मानवअधिकार हननका सबैखाले घटनामा पीडित हुने महिलाहरुको संख्या २ हजार १ सय ६८ भन्दा बढी थियो।

आजको बदलिंदो परिवेशमा मानवअधिकारको सवाल सार्वजनिक क्षेत्रमा हुने उल्लंघनमा मात्र सीमित छैन। निजी तथा घरभित्र हुने अधिकार उल्लंघन पनि मानवअधिकारको विषयवस्तु हो भन्ने अवधारणाले मान्यता प्राप्त गरी नयाँ विधिशास्त्रको विकास भइसकेको छ। त्यसले महिलाविरुद्ध हिंसा केवल कसैको घरभित्रको व्यक्तिगत मामिला नभई पीडितको मानवअधिकार उल्लंघनको विषय हो भन्ने कुरा स्पष्ट पारेको छ।

घरभित्र हुने मानवअधिकारको उल्लंघनबाट नागरिकलाई संरक्षण प्रदान गर्नु राज्यको सरोकार र उत्तरदायित्वको सवाल भएकाले महिलाविरुद्धको हिंसालाई अपराधको रुपमा लिई यसलाई नियन्त्रण गर्न छुट्टै विशेष कानुन निर्माण गर्नुपर्ने आवश्यकतालाई नेपालका मानवअधिकारकर्मीहरुले पनि व्यापकरुपमा उठाउँदै आएका छन्। महिलाविरुद्धको हिंसा (घरेलु हिंसा नियन्त्रण) सम्बन्धी छुट्टै विशेष कानुन निर्माण गर्न गैरसरकारी संस्थाहरु तथा नागरिक समाजको तर्फबाट भएका निरन्तर प्रयास एवम् दबावको फलस्वरुप सरकारले ०५८ फागुन १० गते घरेलु हिंसा (अपराध र सजाय) विधेयक संसदमा दर्ता गरि ०५८ चैत १२ गते प्रतिनिधिसभामा पेश गरेको थियो। प्रतिनिधिसभाबाट ०५८ चैत २९ गते पारित भई राष्ट्रियसभामा विचाराधीन रहेकोमा ०५९ जेठ ८ गते संसद विघटन भएपछि उक्त विधेयक पनि क्रियाशील नहुँदै निष्क्रिय हुनपुग्यो।

राष्ट्रसंघद्वारा पारित महिलाविरुद्धको हिंसा उन्मूलन गर्ने सम्बन्धी घोषणापत्रमा उल्लेख गरिएको विषयवस्तुलाई अध्ययन गरी कार्यान्वयन गरेमा महिलाविरुद्धको घरायसी वा अन्य हिंसा न्यूनीकरणमा सघाउ पुग्नेछ।

महिलाविरुद्धको घरायसी हिंसाको व्यापकता र यसबाट खासगरी महिलाहरु पीडित हुने गरेको यथार्थलाई हाम्रो समाजका सचेत महिला तथा पुरुषहरुले स्वीकारेका छन्। घरायसी हिंसाबाट पीडित महिला तथा बालबालिकालाई राहत प्रदान गर्न विभिन्न सामाजिक संघ-संस्थाहरु पनि क्रियाशील छन्। तर पनि स्पष्ट कानुनी व्यवस्थाको अभावका कारण पीडकहरुले छुटकारा पाउने र पुन: हिंसाका घटनाहरु भई नै रहने अवस्था विद्यमान छ।

अर्कातर्फ नेपाल अधिराज्यको संविधान २०४७ लाई पनि महिला तथा कानुन आन्दोलन वा महिलावादी विधिशास्त्रबाट प्रभावित संविधानको रुपमा लिन सकिंदैन। यो संविधानले वस्तुत: महिलाका आधारभूत अधिकारहरुलाई उचित ढंगले सम्बोधन गर्न सकेको छैन।

त्यसकारण पनि महिला विरुद्धको हिंसामा कमी ल्याउन र रोकथाम गर्न छुट्टै प्रभावकारी कानुनको आवश्यकता झनै खट्किएको हो। कानुनद्वारा अधिकारहरु संग्रहित गरेर तिनको उपयुक्त कार्यान्वयन गरेमा मात्र महिलाहरुले उचित न्याय पाउने र पीडकहरुलाई दण्डको भागिदार बनाउन सजिलो हुने सम्भावना रहन्छ। अन्यथा, सम्बन्धित निकायद्वारा केवल भाषणमा मात्र सीमित गरिएका यस्ता सवालहरु जहिले पनि ओझेलमै पर्ने र पीडित हुने क्रम बढिनै रहने प्रक्रिया जारी रहनेछ।

सुरक्षाकर्मीबीच अन्तरक्रियात्मक कार्यशाला

माघ १९ पछाडि सवैको मुखमा यही प्रश्न थियो- अब के हुन्छ ? कसैको भनाई थियो- देशमा सैनिक शासनको शुरुवात भयो। कसैले भने- संविधान निलम्वन भयो अब कुनै पनि क्रियाकलापहरु गर्नका लागि छुट हुँदैन, गैरसरकारी संस्थाहरुमा भोटे ताल्चा झुण्ड्याइन्छ र यिनीहरुका गतिविधिहरुलाई निस्तेज पारिन्छ। कतिपय मानिसहरुको नाम गिरफ्तार गरिने सूचीमा छ। यी र यस्तै हल्ला माघ १९ गतेपछि केही समय व्याप्त रह्यो।

माघ १९ गते कतिपय राजनीतिक नेताहरुलाई गिरफ्तार गरियो। कतिपयलाई नजरवन्द गरियो। राजनीतिक पार्टीका क्रियाकलापहरु करिब-करिब निस्तेज पारिए र देशमा संकटकालको घोषणा भयो। यसैबीच धेरै संघसंस्थाका नियमित क्रियाकलापहरु पनि रोकिए। हल्ला त के पनि आयो भने- केही ठूला संस्थाहरुले आफ्ना कार्यक्रमहरु स्थगित गरेका छन्। मध्यपश्चिम क्षेत्रमा कार्यरत मानवअधिकारकर्मीहरुमा झन् अन्यौल थियो। काठमाडौं सम्पर्क हुन सकेको थिएन। पत्रपत्रिकाहरु प्रकाशन भएका थिएनन्। तर पनि हाम्रा गतिविधिहरु भने रोकिएका थिएनन्।

माघ २७ गते शाही नेपाली सेनाको मध्यपश्चिम पृतनाले नेपालगञ्जमा कार्यरत मानवअधिकार कार्यकर्ताहरुसँग भेटघाट गरी मानवअधिकारको सम्वर्द्धन र संरक्षण गर्न प्रतिवद्ध रहेको पृतनापति उपरथी दीपकविक्रम राणाले वताउनु भएको थियो। त्यसपछि यहाँका मानवअधिकार कार्यकर्ताहरुलाई काम गर्ने उत्साह बढेर गयो। अर्थात्, आंशिक डर हटेर गयो। वर्तमान संकटकालको अवस्थामा मानवअधिकार तथा मानवीय कानुनसम्बन्धी ज्ञान सुरक्षाकर्मीहरुलाई दिनसके सुरक्षाको परिपालना गराउने, गर्ने निकायलाई सघाउ पुग्ने महसुस गर्ने इन्सेक नेपालगञ्जले सुरक्षा निकायका अधिकृतहरुका लागि मानवअधिकार र मानवीय कानुनसम्वन्धी अन्तरक्रियात्मक कार्यशाला गर्ने सोच वनायो। सोहीअनुरुप हामीले सुरक्षा निकायहरुमा पत्राचार गर्‍यौं। सुरक्षा निकायवाट तालिमको लागि स्वीकृति पाएपछि इन्सेक मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयद्वारा इन्सेकका अध्यक्ष सुवोधराज प्याकुरेल, महासचिव कुन्दन अर्याल र निर्देशक विजयराज गौतमलाई कार्यक्रमको सहजकरण गर्न निमन्त्रणा पठाइयो। तर, त्रिभुवन विमानस्थलवाटै अध्यक्ष प्याकुरेललाई फर्काइयो। महासचिव र निर्देशक मात्रै नेपालगञ्ज पुग्नु भयो।

माघ १६ गते विहान ८:३० वजे अर्थात् निर्धारित समयमै कार्यशालाका उद्घाटन सम्पन्न भयो। कार्यक्रमको विषय थियो- "वर्तमान अवस्थामा सुरक्षाकर्मीकावीच मानवअधिकार तथा मानवीय कानुनसम्वन्धी अन्तरक्रियात्मक कार्यशाला"।

उद्घाटन समारोहका प्रमुख अतिथि शाही नेपाली सेनाको मध्यपश्चिम सैनिक मुख्यालय, नेपालगञ्जका पृतनापति उपरथी दीपकविक्रम राणाले पानसमा वत्ती प्रज्वलन गरी कार्यशालाको उद्घाटन गर्नुभयो। उहाँले मन्तव्य व्यक्त गर्दै मानवअधिकार र जनताको आधारभूत अधिकारको रक्षा तथा शान्ति बहालीका लागि मानवअधिकारकर्मी, नागरिक समाज, सुरक्षाफौज र सञ्चारकर्मी सबैले आ-आफ्नो ठाउँवाट पहल गर्नुपर्ने वताउनु भयो। शाही नेपाली सेना सिकाईको क्रममै रहेको उल्लेख गर्दै उहाँले अगाडि भन्नुभयो, "वर्तमान अवस्थामा मुलुकमा दुईवटा वाद रहेको छ, शान्तिवाद र आतंकवाद।" उहाँले

शान्तिवाद नेपालीहरुको हितमा रहेको बताउनु भयो। कर्तव्य पालनको दौरानमा जनताका अधिकारहरु कुण्ठित हुन नदिन सुरक्षाफौज सदैव सजग रहनुपर्ने उल्लेख गर्दै उहाँले मानवअधिकार र मानवीय कानुनको सिद्धान्तलाई व्यवहारिकरुपमा कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिनुभयो।

इन्सेकका महासचिव कुन्दन अर्यालले संकटकालको नाममा जोसुकैले जेसुकै गर्न नपाउने बताउनुभयो। संकटकालको समापनपछि, संकटकालमा भए-गरिएका कामको पुनरावलोकन संसारका सबै मुलुकमा भइरहेको पनि जानकारी दिनुभयो। संकटकाल जनताको सुरक्षाका निम्ति लागू भएको बताइएकाले सुरक्षा निकाय र प्रशासनबाट सोहीअनुरुपको व्यवहार अपेक्षा गरिएको उहाँले उल्लेख गर्नुभयो। उहाँले संकटकालीन अवस्थामा पनि निलम्बनमा नपरेका नेपाली जनताका आधारभूत अधिकारहरु सुरक्षित हुनुपर्ने बताउँदै मानवअधिकारकर्मीहरु संविधान र कानुनको दायराभित्र रही मानवअधिकारको संरक्षण र सम्वर्द्धनको लागि काम गरिरहेको स्पष्ट पार्नुभयो। कार्यक्रममा भाग लिन नेपालगञ्ज आउनेक्रममा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेललाई त्रिभुवन विमानस्थलबाट फर्काइएको घटनाप्रति उहाँले दुःख प्रकट गर्नुभएको थियो।

राष्ट्रिय मानव अधिकार आयोग मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्जका निर्देशक रामकुमार थापाले मानवअधिकार र मानवीय कानुनलाई व्यवहारिकरुपमा कार्यान्वयन गर्न सकेमा जनताका अधिकारहरु सुरक्षित हुने बताउनुभयो।

यसैगरी जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी उपरीक्षक ज्ञानोदराज बैद्यले विषम परिस्थितिमा देश र जनताको उच्चतम हितमा मानवअधिकारको पालनाको माध्यमबाट रक्षा गर्न आवश्यक रहेको बताउनुभयो।

सभापतिको आसनबाट इन्सेक मध्यपश्चिमाञ्चल क्षेत्रीय संयोजक भोला महतले संकटकालको अवस्थामा पनि सरोकारवालाहरुबीच समस्याको समाधानका लागि छलफल, अन्तरक्रिया गर्नु आवश्यक रहेको बताउनुभयो। उक्त कार्यक्रममा सुरक्षा निकायका प्रमुखहरु, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधि र पत्रकारहरुको उपस्थिति रहेको थियो। उद्घाटन समारोहको संचालन इन्सेक मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयका मदन पौडेलले गर्नुभएको थियो भने पुष्कर पाण्डेले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

दुई दिनसम्म सञ्चालित कार्यशालामा मानवअधिकारको अवधारणागत परिचय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्र, नेपाल अधिराज्यको संविधान २०४७ र मानवअधिकार, सुरक्षा कानुन र मानवअधिकार, संकटकालीन अवस्थामा मानवअधिकार, मानवअधिकार रक्षकहरुको अधिकार, युद्ध र मानवीय कानुन, अन्तर्राष्ट्रिय फौजदारी अदालत, मानवअधिकारको संरक्षणमा सुरक्षाकर्मीहरुको भूमिका जस्ता विषयहरुमा छलफल गरिएको थियो। कार्यशालामा इन्सेकका महासचिव कुन्दन अर्याल, निर्देशक विजयराज गौतम, राष्ट्रिय मानव अधिकार आयोगका क्षेत्रीय निर्देशक रामकुमार थापा, क्षेत्रीय प्रहरी तालिमका प्रहरी नायव उपरीक्षक महेशविक्रम शाह र मध्यपश्चिम सैनिक मुख्यालयका सेनानी होमबहादुर लावतीले सहजकरण गर्नुभएको थियो।

कार्यशालामा शाही नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका २१ जना अधिकृतहरुको सहभागिता रहेको थियो।

फागुन १७ गते एक समारोहका बीच कार्यशाला समापन भयो। समारोहका प्रमुख अतिथि बाँकेका प्रमुख जिल्ला अधिकारी डिल्लीराज जोशीले मानवअधिकारको रक्षा, संरक्षण र सम्वर्द्धनका लागि सुरक्षाकर्मीहरुलाई निर्देशन दिइएको बताउनुभयो। इन्सेकले आयोजना गरेको यस्तो कार्यक्रमले शान्ति सुरक्षाजस्तो महत्वपूर्ण कार्यमा खटिएका सुरक्षाकर्मीहरुलाई मानवअधिकार र मानवीय कानुनको परिपालनामा सहयोग पुग्ने कुरा राख्दै आगामी दिनमा पनि यस्तै किसिमका कार्यक्रमहरु निरन्तर जारी राख्नुपर्ने आवश्यकतामाथि उहाँले जोड दिनुभएको थियो।

इन्सेकका महासचिव कुन्दन अर्यालले मानवीय कानुनको पालना गर्ने, गराउने निकायका रुपमा कार्यरत सुरक्षाकर्मीहरुले जस्तोसुकै कठिन परिस्थितिमा जनताका आधारभूत मानवअधिकारको सम्मान गर्नुपर्ने कुरामा जोड दिँदै यस्ता कार्यक्रमहरुले सुरक्षाकर्मीहरुबीच मानवअधिकार र मानवीय कानुनसम्बन्धी अन्तरक्रिया हुने विश्वास व्यक्त गर्नुभएको थियो। समय परिवर्तनशील भएका हुनाले गल्ती गर्नेहरु सधै दण्डित हुने कुरामा उहाँले प्रकाश पार्नुभएको थियो।

इन्सेकका निर्देशक विजयराज गौतमले इन्सेकले मानवअधिकार शिक्षाको प्रचार-प्रसारमा आफ्ना कार्यक्रमहरु केन्द्रित गरेको हुँदा यस्ता कार्यक्रमहरु आवश्यकता अनुसार सबै क्षेत्रमा संचालन गरिने बताउनुभयो।

प्रहरी नायव उपरीक्षक महेशविक्रम शाहले आफूमातहतका सुरक्षाकर्मीहरुलाई मानवअधिकार र मानवीय कानुनसम्बन्धी तालिम दिँदै आएको बताउँदै मानवअधिकारको संरक्षण र सम्वर्द्धनका लागि नेपाल प्रहरी सजग रहेको उल्लेख गर्नुभयो। साथै, इन्सेकले गत साल सुरक्षाकर्मीहरुलाई प्रदान गरेको यस्तै तालिमबाट मानवअधिकार तालिम सञ्चालन गर्न चार प्रशिक्षक तयार भएको पनि उहाँले जानकारी गराउनु भयो।

कार्यक्रममा सहभागीहरुका तर्फबाट शाही नेपाली सेनाका सेनानी केदार भुजेल, नेपाल प्रहरीका निरीक्षक राजेन्द्रप्रसाद भट्ट र सशस्त्र प्रहरीका निरीक्षक मनोज धितालले कार्यक्रम प्रभावकारी रहेको र आफूले सिकेका कुराहरुलाई मातहतका जवानहरुमा पनि आदान-प्रदान गरी व्यवहारिक प्रयोग गर्ने बताउनुभयो।

इन्सेकका मध्यपश्चिमाञ्चल क्षेत्रीय संयोजक भोला महतको सभापतित्वमा सम्पन्न समापन समारोहको संचालन मदन पौडेलले गर्नुभएको थियो।

कार्यक्रमबाट सुरक्षाकर्मीहरुमा मानवअधिकारको चेतना वृद्धि भएको छ भने इन्सेकले आफूले गर्दै आएको मानवअधिकार शिक्षाको प्रचार-प्रसार कार्यमा थप एउटा खुट्किलो पार गरेको छ। मानवअधिकार पालना गर्नुपर्ने सबैभन्दा सशक्त निकाय नै सुरक्षाफौज हो भन्ने कुरालाई मध्यनजर गर्दै उनीहरुलाई लक्षित गरेर आयोजित सो कार्यशालाले मानवअधिकार शिक्षाको महत्वलाई अझ उजागर गरेको छ। यस्ता कार्यक्रमहरुमा सम्बन्धित सबै पक्षहरुको सहयोग पनि उत्तिकै अपेक्षित छ।

श्रोतमाथिको पहुँच खोसिंदैछ

अच्युत अर्याल

चौथौ शताब्दीताका मल्लकालीन राजा जयस्थिति मल्लको शासनकालमा नेपालमा औपचारिकरुपमा जातीय सिद्धान्त तथा आचरणको हिन्दुसंहिता लागू भएको हो। विविधखालका वर्णव्यवस्थाका बावजुद एकपक्षीयरुपमा हिन्दु परम्परा लादने कार्यको थालनी यहीबाट भएको हो। राणा प्रधानमन्त्री जंगबहादुरले सन् १८५४ मा नेपालमा मुलुकी ऐन लागू गरेर जातीय विभाजनको अर्को श्रृंखला अघि बढाएका हुन्। नेपाली जनतालाई चार तहमा पुनः विभाजन गर्ने कार्य मुलुकी ऐनले गरेको हो। सामाजिक संरचनामा उल्लेख्य प्रतिनिधित्व जमाएको जनजाति समुदाय कहिल्यै राज्य प्रणालीको अभिन्न अंग बन्न सकेन।

मुलुकभित्र उल्लेख्य जनसंख्यासहित रहेको जनजाति समुदायलाई राज्य संरचनामा समेटिनुको सट्टा बेग्लयाउने काम गरियो। परम्परागत कानुनअनुसार भूमि, वन, पानी, चरन तथा स्थानीयस्तरका अन्य श्रोतहरुमाथि जनजाति समुदायको अधिकारमा हमला गरियो। राज्यले सन् १९६८ को भूमिसुधार अभियानमा लिम्बु समुदायले सामूहिक भूस्वामित्वलाई कायम राखिराखेको किपट प्रथा अन्त्य गरिदिएको हो। एकातिर जनजाति समुदाय पनि आफ्नो अधिकार फिर्ता हुनुपर्छ भन्ने मानसिकता बनाउन नसकेको स्थिति थियो भने अर्कातिर उपयुक्त राज्य तथा शासन व्यवस्थाको अभाव प्रमुख रुपमा रहेको थियो। विशेषगरी वि.सं. ०४६ सालमा प्रजातन्त्र पुनर्स्थापनापश्चात् जनजाति समुदायले आफ्ना अधिकारहरुको अभाव महसुस गर्ने र तिनको प्राप्तिको लागि आवाज उठाउने काम भइरहेको छ। तर अधिकार प्राप्ति र उपभोग गर्ने अवसर पाउन भने सकेका छैनन्। विभिन्न नीति, कानुन र कार्यक्रमहरुले कतिपय आदिवासी जनजातिका मौलिक भाषा, धर्म र संस्कृतिहरुलाई सम्बोधन गर्न सकेका छैनन्। मौलिक पहिचान र विशेषताहरु लोप हुने अवस्थामा पुगेका छन्। आदिवासी जनजातिहरुको सामाजिक, आर्थिक अवस्थामा सुधार ल्याउने तथा उनीहरुका धार्मिक, भाषिक एवम् सांस्कृतिक अधिकारहरुको संरक्षण गर्नेतर्फ उदासीनता कायमै छ।

आदिवासी जनजातिका मानवअधिकार

वि.सं. १९१० को मुलुकी ऐन तथा ०१९ सालको संविधानले नेपाललाई विविधतापूर्ण राज्यको रुपमा नभई हिन्दु धर्म तथा हिन्दु संस्कृतिमा आधारित हिन्दु राज्यको रुपमा प्रवर्द्धन गर्ने काम गरे। आफ्नो छुट्टै पहिचान तथा अस्तित्व बोकेको आदिवासी जनजाति समुदाय राज्यको दृष्टिभन्दा बाहिर पऱ्यो र आफ्ना जातीय, धार्मिक तथा भाषिक स्वतन्त्रता तथा भूमिको स्वायत्ततासम्बन्धी अधिकारहरु गुमाउन पुग्यो। नेपाल अधिराज्यको संविधान २०४७ ले सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिंग, जातजाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था गरेको छ। यसैगरी संविधानमा कुनै पनि व्यक्तिलाई जातिपातिको आधारमा छुवाछुतको भेदभाव गरिने छैन वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक प्रयोगको कुराको प्रयोग गर्नबाट वञ्चित गरिने छैन भन्ने स्पष्ट व्यवस्था गरिएको छ। तर पनि नेपालमा बौद्ध, इस्लाम, क्रिश्चियन, किराँत, बोन आदि विभिन्न धर्म र संस्कृतिसँग सम्बन्धित जनजाति समुदायहरुका सवाललाई समेट्न सकिएको छैन। जसबाट मुलुकका आम वर्ग तथा समुदायका नागरिकहरुले मानवीय अधिकारहरुको समान उपभोग गर्न नपाउने परिस्थितिको अन्त्य गर्न नसकेको स्पष्ट देखिएको छ।

सामाजिक, आर्थिक एवम् सांस्कृतिक धरातलको रुपमा रहेको भूमि, वन जंगल, नदीनाला तथा अन्य प्राकृतिक श्रोतहरु उपभोग गर्न पाउने परम्परागत अधिकारबाट आदिवासी जनजातिहरु वञ्चित छन्। पूर्वी नेपालका राई, लिम्बुजस्ता आदिवासी जनजातिहरु राज्यको भू-नीतिका कारण किपट जग्गामाथिको परम्परागत अधिकार गुमाउन बाध्य भए। नेपालको प्राकृतिक सम्पदा जोगाउने उद्देश्यले सन् १९७६ मा स्थापना गरिएको शाही चितवन राष्ट्रिय निकुञ्जले त्यहाँका बासिन्दाहरु थारु, दराई, बोटे, माझीजस्ता आदिवासी जनजातिहरुलाई विस्थापित गरायो। यी त केही उदाहरण मात्र हुन। यस्ता क्रियाकलापबाट प्राकृतिक श्रोतहरुमाथि जनजाति समुदायको अधिकार खोसिएको मात्र छैन, कतिपय विस्थापित आदिवासी जनजातिहरु भूमिहीन सुकुम्बासीको जीवन व्यतित गर्नसमेत बाध्य भएका छन्।

आदिवासी जनजाति समुदायले मानवअधिकार र मौलिक स्वतन्त्रता हननको पीडा खप्नुपरेको छ। राज्यको मूल कानुनी दस्तावेजको रुपमा रहेको संविधानमा नै कुनै खास जाति तथा समुदायको धर्मलाई राज्य धर्म र भाषालाई राष्ट्रभाषा मानेर व्यसवाहेकका अन्य जाति तथा समुदायहरुको धार्मिक तथा भाषिक अस्तित्वमाथि पक्षपात गर्ने प्रावधानहरु रहँदा जनजाति समुदायहरुले समानरुपमा धार्मिक तथा जातीय अधिकारको उपभोग गर्नसक्ने अवस्था हुन सक्दैन। विशेषगरी आदिवासी जनजातिहरुको धार्मिक तथा जातीय स्वतन्त्रताको अधिकार सुनिश्चित हुन सकेको छैन।

आदिवासी जनजातिहरुको साँस्कृतिक परम्परा झल्काउने चाडपर्व तथा रीतिरिवाजहरु मनाउने र तिनलाई जिवन्तता प्रदान गर्ने मौलिक अधिकारसमेत खण्डित भएका छन्। नेपालमा दिइने प्राय: सार्वजनिक विदाहरु हिन्दु संस्कार र चाडपर्वमा आधारित छन्। मुलुकका प्रमुख विभूति तथा राष्ट्रिय व्यक्तित्व पनि हिन्दु धर्म मान्ने प्राय: सम्भ्रान्त पुरुष वर्गबाट आएका छन्। नदी, पहाड, ताल, देवदेवी तथा चाडपर्वहरुका नाम हिन्दु संस्कृतिकै हावी छन्। गैरहिन्दु आदिवासी जनजाति समुदाय यिनै हिन्दु संस्कार र परम्पराबाट डोहोऱ्याइन वाध्य छन्। जसबाट उनीहरु आफ्नै चाडपर्व, रीतिरिवाज तथा साँस्कृतिक परम्परामा रमाउन पाउने मौलिक अधिकार उपभोग गर्न पाइरहेका छैनन्। उनीहरुका साँस्कृतिक परम्पराहरुको उचित जगेर्नाको सट्टा लोप हुने र हराउँदै जाने सम्भावना पनि गम्भीर चुनौति बनेको छ।

कानुनी प्रावधानहरु

नेपाल अधिराज्यको संविधान २०४७ ले आम नागरिकहरुका भाषिक, जातीय तथा वर्गीय स्वतन्त्रताको वारेमा कतिपय व्यवस्था गरेको छ। स्थानीय स्वायत्त शासन ऐन २०५५ मा समेत ती अधिकारहरु उल्लेख गरिएको छ। त्यसैगरी अन्तर्राष्ट्रियस्तरमा आदिवासी जनजातिको मानव अधिकारको सम्मान र संरक्षण सम्वन्धमा थुप्रै कानुनी दस्तावेजहरु तयार पारिएका छन्। सन् १९४८ मा संयुक्त राष्ट्रसंघद्वारा जारी मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा भनिएको छ, "सबै मानिसहरु जन्मजात स्वतन्त्र हुन्छन् र तिनीहरुका समस्त अधिकार समान हुन्छन्। उनीहरुका विचार शक्ति र विवेक हुने भएकाले उनीहरुले आपसमा भातृत्वको भावना विकास गर्नुपर्छ।" त्यस्तै नागरिक तथा राजनीतिक अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा २७ मा भनिएको छ, "जातीय, धार्मिक तथा भाषिक अल्पसंख्यक तथा जनजातिहरु भएका राज्यहरुले तिनीहरुको समुदायमा अन्य सदस्यहरुसँग घुलमिल हुने, आ-आफ्नो भाषा, धर्म र संस्कृतिको प्रयोग गर्न पाउने अधिकारलाई वञ्चित गरिने छैन।" नेपालको सन्धि ऐन २०४७ मा यी अन्तर्राष्ट्रियस्तरमा प्रतिबद्धता जनाइएका कानुनी दस्तावेजहरु राष्ट्रिय कानुनसरह लागू हुने प्रावधान छ। सरकार यी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका कानुनी प्रावधानहरुको ठोस कार्यान्वयन गर्नतिर लाग्ने हो भने नेपालका आदिवासी जनजाति समुदाय न्युनतम मानवअधिकारको उपभोगबाट वञ्चित रहने थिएनन्।

भूमि, वन जंगल, नदीनाला तथा अन्य प्राकृतिक श्रोतहरु उपभोग गर्न पाउने परम्परागत अधिकारबाट आदिवासी जनजातिहरु वञ्चित छन् । पूर्वी नेपालका राई, लिम्बुजस्ता आदिवासी जनजातिहरु राज्यको भू-नीतिका कारण किपट जग्गामाथिको परम्परागत अधिकार गुमाउन वाध्य भए ।

सकारात्मक पक्ष

राज्यले आफ्ना नीति तथा कार्यान्वयनका शैलीहरुमा सुधार ल्याउने हो भने आदिवासी जनजातिहरुले आफ्ना मौलिक अधिकारहरु उपभोग गर्नसक्ने स्थिति निर्माण हुनसक्छ। वहुजातीय, बहुधार्मिक तथा बहुभाषिक विशेषता बोकेको हाम्रो मुलुकमा प्रजातन्त्रको प्राप्ति नहुञ्जेल उपरोक्त तीन विशेषताहरुलाई एक कुनामा थन्क्याउने काम भयो। जातीयरुपमा सम्भ्रान्त वर्गले अन्य वर्ग तथा समुदायको अधिकार उपभोगको अवसरलाई कुण्ठित पार्ने क्रम जारी नै राखे। प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना भएपछि वर्षौंदेखि कुण्ठित भावना मुखरित हुनपुगेको हो। यसवीच आदिवासी जनजाति समुदायले अन्य कुराका साथै संवैधानिक तथा कानुनी भेदभाव अन्त्य, स्वनिर्णय तथा स्वायत्तताका अधिकारको स्थापना तथा सवै संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागि राज्यसँग माग गरेका छन्। प्रजातान्त्रिक प्रणालीमा प्राप्त अवसरहरुको उपभोग गर्दै स्वयम् आदिवासी जनजाति समुदायबाट सृजना गरिएको दवावका कारण सरकारले आदिवासी जनजातिको अवस्थामा सुधार गर्न र उनीहरुका मागहरु पूरा गर्न केही कदमहरु भने चालेको देखिन्छ। रेडियो नेपालबाट गुरुङ, तामाङ, मगर थारु, लिम्बु, राई अवधी तथा भोजपुरी भाषामा समाचार प्रसारण हुन थालेका छन्। लिम्बु, तामाङ, अवधी, थारु, राई, मगर, नेवारी तथा मैथिली भाषामध्ये केहीका पाठ्यपुस्तक प्रकाशन भइसकेका छन् भने केही प्रकाशन हुने क्रममा रहेको जनाइएको छ। दशौं पञ्चवर्षीय योजनामा ग्रामीण क्षेत्रमा दिइने विभिन्न तालिम कार्यक्रममा कम्तिमा २५ प्रतिशत सहभागी आदिवासी जनजातिबाट हुनुपर्ने व्यवस्था गरिएको छ। विदेशमा कामको खोजीमा जाने आदिवासी जनजातिलाई ऋण उपलब्ध गराउने र जनजातिको गरिवी हटाउन विशेषगरी शिक्षा, कृषि तथा रोजगारीको क्षेत्रमा उनीहरुका लागि विशेष अनुदान तथा ऋणको व्यवस्था गर्ने योजना तयार गरिएको छ। आदिवासी जनजाति, महिला र दलितको लागि विभिन्न क्षेत्रमा आरक्षणको घोषणा गरी उनीहरुको मौलिक अधिकार प्रत्याभूतिमा चासो देखाइएको छ।

जेहोस्, राज्यले आदिवासी जनजातिहरुका हक, अधिकारका लागि केही कार्यहरु अगाडि बढाए पनि ठोस उपलब्धी हासिल हुनेखालका कार्यहरु गर्न भने बाँकी नै छ। भविष्यमा उपलब्धीको आशा राख्ने ठाउँ छ, जुन कुरा राज्य सञ्चालनको जिम्मेवारी लिएको सरकारका कदमहरुबाट निर्धारित हुनेछ।

संकटकाल र मानवअधिकार

अधिवक्ता टीकाराम भट्टराई

अवधारणा

राष्ट्रिय सुरक्षा र सार्वभौमिकताको रक्षा तथा सम्वर्द्धनको अगाडि वैयक्तिक स्वतन्त्रताहरू गौण हुन्छन् भन्ने मूल मान्यताको आधारमा संसारका अधिकांश देशहरूमा संवैधानिक वा कानूनी प्रावधानको आधारमा संकटकालीन अवस्थाको घोषणा गर्न सकिने अवधारणालाई स्वीकार गरिएको छ। राज्यको उत्पत्ति सामाजिक सम्झौताको सिद्धान्तको आधारमा भएको र यसको मुख्य उद्देश्य सामाजिक सुरक्षा रहेकाले सामाजिक सुरक्षाको खातिर नागरिकहरूले राज्यलाई आफ्नो वैयक्तिक स्वतन्त्रता स्वेच्छाले परित्याग गरेको हुनाले व्यक्तिको सुरक्षा गौण र राज्यको सुरक्षा प्रधान मानिन्छ। यही प्रमुख अवधारणाको आधारमा संकटकालीन अवस्थाको मान्यतालाई स्वीकार गरिएको हो। तर सामाजिक सम्झौताके अभिन्न मान्यता के हो भने, नागरिकहरूले आफ्नो सुरक्षा र हितको सर ॅ गर्न राज्यलाई स्वेच्छाले आफ्ना हक परित्याग गरेका हुन्। तर त्यस्तो हकले स्वयम नागरिकहरूको सुरक्षा र सम्वर्द्धन गर्न सकेन भने नागरिकहरूले त्यस्तो नियन्त्रणकारी हक राज्यबाट फिर्ता लिन पनि सक्दछन्। यही पछिल्लो मान्यताको आधारमा राष्ट्रिय संकटको बेला पनि राज्यले गर्न हुने र नहुने कामहरू परिभाषित हुन्छन् र संकटकालको दुरुपयोग हुन नसकोस् भनेर विभिन्न सीमा र बन्देजहरू राखिएका हुन्छन्। संकटकालमा राज्यको कार्यकारिणी शक्तिलाई अन्य शक्तिहरूको तुलनामा अतिरिक्त अधिकार प्रदान गरिएको हुन्छ। यस्तो अवस्थामा विधायिकी र न्यायपालिकाका अधिकारहरूमा केही बन्देज र नियन्त्रण कायम गरिएको हुन्छ र न्यायिक उपचारका हकहरू समेत सीमित हुन्छन्।

विभिन्न देशमा संकटकाल

संकटकालीन अवस्थालाई कतिपय देशहरूले संविधानमा नै परिभाषा गरेका छन्। भारत, श्रीलंका, पाकिस्तान, नेपाल र बंगलादेशमा संकटकालीन अवस्थाको घोषणा गर्ने अधिकार संविधानले नै दिएको छ। विश्वका दई प्रमुख प्रजातान्त्रिक देशहरू अमेरिका र बेलायतमा संकटकालीन अवस्थाको स्पष्ट परिकल्पना गरिएको छैन। बेलायतमा लिखित संविधान नभएको कारणले संविधानमा यो व्यवस्था रहने सम्भावना नै छैन भने अमेरिकी संविधानमा पनि स्पष्टरूपले संकटकालीन अवस्थाको परिकल्पना गरिएको छैन। तर अमेरिकी संविधानको धारा २ ले अमेरिकी राष्ट्रपतिलाई कार्यकारिणी प्रमुखको हैसियतले राष्ट्रिय सुरक्षा वा बाह्य वा आन्तरिक कारणले खतरा उत्पन्न भएको अवस्थामा युद्धको घोषणा गर्न वा निश्चित नागरिक अधिकारहरू निश्चित अवधिका लागि निलम्बन गर्नसक्ने अख्तियारी प्रदान गरेको छ। यसैलाई संविधानविदहरूले संकटकालीन अवस्था भनी विश्लेषण गरेका छन्।

बेलायतमा आइरिस गणतन्त्रको समस्या आएपछि मात्र संकटकालीन अवस्थाको बारेमा बहस प्रारम्भ भएको देखिन्छ। सन् १९८९ मा आएको आतंकवाद रोकथाम ऐनले बेलायतमा संकटकालीन अवस्थाको घोषणा गर्ने अधिकार प्रदान गरेको देखिन्छ।

दक्षिण एशियाका विभिन्न देशहरूमा मूलतः निम्न आधारहरूमा संकटकाल घोषणा गर्न सकिने प्रावधान संविधानमा नै उल्लेख गरिएको छ (*भारतको संविधानको धारा ३५२-३६०, नेपाल अधिराज्यको संविधानको धारा ११५, श्रीलंकाको संविधानको धारा १५५*)।

क) राष्ट्रिय सार्वभौमसत्ता वा सुरक्षामा खतरा उत्पन्न भएको अवस्थामा

(ख) क्षेत्रीय अखण्डतामा खतरा उत्पन्न भएको अवस्थामा

ग सशस्त्र विद्रोह भएको अवस्थामा

(घ) चरम आर्थिक विशृंखलता उत्पन्न भएको अवस्थामा

ङ आन्तरिक वा बाह्य युद्धको घोषणा भएको अवस्थामा

(च) प्राकृतिक प्रकोप वा दैविक उत्पात भएको अवस्थामा

संकटकाल र यसका सीमाहरू

संकटकालमा राज्यको कार्यकारिणी अधिकार सामान्य अवस्थामा भन्दा शक्तिशाली हुन्छ भन्ने तथ्य माथि नै उल्लेख गरिसकिएको छ। तर संकटकालीन अवस्थामा पनि राज्य निरंकुश, स्वेच्छाचारी र अनुत्तरदायी नहोस् भन्ने उद्देश्यले संकटकालीन अवस्थामा विभिन्न नियन्त्रणकारी सयन्त्र र प्रावधानहरूको व्यवस्था गरिएको हुन्छ। संकटकालका सीमा र नियन्त्रणकारी प्रावधानहरूलाई निम्नानुसार विभाजन गरेर हेर्न सकिन्छ।

१. घोषणा गर्नुपूर्वका शर्तहरू

कार्यकारिणी प्रमुखलाई आफ्नो स्वविवेक वा स्वेच्छाले वा आत्मनिष्ठ आधारमा संकटकालको घोषणा गर्ने अधिकार नहोस् भनेर संविधानमा नै निश्चित शर्त र अवस्थाहरूको परिकल्पना गरिएको हुन्छ। नी

शर्त र अवस्थाको विद्यमानता वस्तुनिष्ठ आधारमा देखिएको अवस्थामा मात्र संकटकालको घोषणा गर्न सकिन्छ। त्यस्ता आधारहरूमा बाह्य आक्रमण, सशस्त्र विद्रोह, युद्धको घोषणा, आर्थिक विशृंखलता, प्राकृतिक प्रकोप आदिलाई लिन सकिन्छ।

२. प्रक्रियागत शर्तहरू

उपर्युक्त अवस्थाको विद्यमानता रहेको अवस्थामा पनि स्वत: संकटकालीन अवस्थाको घोषणा गर्न सकिँदैन। त्यसको लागि संविधान तथा कानुनले तोकेका प्रक्रियाहरू अक्षरश: पालना गरिनु पर्दछ। त्यस्ता शर्तहरूमा भारतीय संविधान बमोजिम मन्त्रिपरिषद्ले निर्णय गरेर लिखित रूपमा राष्ट्रपतिसमक्ष जाहेर गर्नुपर्दछ *(हेर्नुहोस्, भारतको संविधानको धारा ३५२)*। नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम संकटकालीन अवस्थाको घोषणा गर्ने अधिकार धारा ११५ (१) ले श्री ५ लाई दिएको भए तापनि यसलाई संविधानको धारा ३५ (२) सँग अलग गरी हेर्न मिल्दैन र यो व्यवस्था हाम्रो संविधानको आधारभूत विशेषता पनि हो *(हेर्नुहोस्, राधेश्याम अधिकारी विरुद्ध श्री ५ को सरकार, ने.का.प. ०४८, पृ. ८१०)*। यस सम्बन्धमा सर्वोच्च अदालतले कतिपय मुद्दाहरूमा नजीर सिद्धान्तसमेत प्रतिपादन गरिसकेको छ *(हेर्नुहोस्, रविराज भण्डारी विरुद्ध मनमोहन अधिकारी, हरिप्रसाद नेपाल विरुद्ध गिरिजाप्रसाद कोइरालासमेत)*।

कार्यकारिणीको स्वविवेकमा तीन महिनासम्म र त्यसपछि संसदको अनुमोदन भएको अवस्थामा थप तीन महिना गरी जम्मा ६ महिनासम्म मात्र संकटकालीन अवस्था कायम हुनसक्ने देखिन्छ। प्रतिनिधिसभा विघटन भएको अवस्थामा धारा ११५(६) बमोजिम संकटकालीन अवस्थाको परीक्षण गर्ने अधिकार राष्ट्रियसभालाई दिइएको छ।

३. घोषणापश्चात्का शर्तहरू

संकटकालीन अवस्था संविधान र कानुनबमोजिम मात्र जारी गर्न सकिन्छ र त्यसरी जारी गरेपश्चात् पनि सार्वभौम जनताको अनुमोदनको लागि संसदसमक्ष पेश गरिनु पर्दछ। कार्यकारिणीको स्वेच्छामा सीमित अवधिका लागि मात्र संकटकाल घोषणा गर्न सकिन्छ र त्यसको अनुमोदन संसदमार्फत् गरिनु पर्दछ। यदि संसदले अनुमोदन नगरेको अवस्थामा त्यस्तो संकटकाल कार्यकारिणीको स्वेच्छाले मात्र कायम रहन सक्दैन। भारतमा संविधानको ४४ औं संशोधनपूर्व कार्यकारिणीको स्वेच्छाले दुई महिनासम्म संकटकाल घोषणा गर्न सकिन्थ्यो। तर ४४ औं संशोधनपश्चात् यसलाई एक महिनामा सीमित गरिएको छ *(भारतको संवैधानिक कानुन, डा. जेएन पाण्डे, पृ. ६३१)* र संसदले अनुमोदन गरेको अवस्थामा ६ महिनासम्म कायम हुने व्यवस्था गरिएको छ। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ (२) बमोजिम कार्यकारिणीको स्वविवेकमा तीन महिनासम्म र त्यसपछि संसदको अनुमोदन भएको अवस्थामा थप तीन महिना गरी जम्मा ६ महिनासम्म मात्र संकटकालीन अवस्था कायम हुनसक्ने देखिन्छ। प्रतिनिधिसभा विघटन भएको अवस्थामा धारा ११५(६) बमोजिम संकटकालीन अवस्थाको परीक्षण गर्ने अधिकार राष्ट्रियसभालाई दिइएको छ।

४. न्यायिक पुनरावलोकनको सीमा

संकटकालीन अवस्थाको घोषणा संविधानबमोजिम भएको छ कि छैन वा घोषणा गर्दा संवैधानिक प्रावधानबमोजिम गरिएको छ कि छैन भन्ने सम्बन्धमा सम्बन्धित देशका संविधानबमोजिम देशको सर्वोच्च न्यायपालिकाले त्यसको परीक्षण गर्ने अधिकार राख्दछ। नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम संविधानको धारा ८४, ९६ तथा ८८ (१) र ८८ (२) बमोजिम यो अधिकार सर्वोच्च अदालतलाई प्राप्त छ। त्यसैगरी भारतीय संविधानबमोजिम संकटकालको घोषणाको संवैधानिकता परीक्षण गर्ने अधिकार त्यहाँको सर्वोच्च अदालतलाई प्राप्त छ र यस सम्बन्धमा भारतीय सर्वोच्च अदालतले व्याख्या समेत गरिसकेको छ *(हेर्नुहोस्, मिनेर्वा मिल्स विरुद्ध एनियन अफ इण्डिया, अल इण्डिया रिपोर्ट, १९८० सुप्रिम कोर्ट १७८९)*।

५. क्षतिपूर्तिको सीमा

संकटकालीन अवस्थामा नागरिक हकमा ग्रहण लागेको मानिन्छ र त्यस बेलामा कतिपय न्यायिक उपचारका मार्गहरू अवरुद्ध भएको हुन्छ। यस्तो बेलामा कार्यकारिणी शक्तिले अधिक अधिकारको प्रयोग गर्ने भएकाले त्यस्तो अधिकारको दुरूपयोग हुने अत्यधिक संभावनालाई न्यून गर्नका लागि र जस्तोसुकै अवस्थामा पनि राज्यले कानुनको शासन र न्यूनतम मानवअधिकारको पालना गर्नुपर्दछ भन्ने कानुनी शासनको मान्यता भएकाले त्यस अवस्थामा अधिकारको दुरूपयोग वा प्रवृत्त भावना वा कलुषित भावनाले कुनै अधिकारीले कुनै नागरिकमाथि अन्याय वा अत्याचार गरेको रहेछ र त्यसले नागरिकको शारीरिक र मानसिक क्षति भएको रहेछ भने संकटकालीन अवस्थाको समाप्तिपश्चात् त्यस्तो पीडित व्यक्तिले राज्यबाट क्षतिपूर्ति लिन पाउने प्रावधान पनि संविधानमा राखिएको हुन्छ *(हेर्नुहोस्, धारा ११५ को उपधारा १०, नेपाल अधिराज्यको संविधान २०४७)*।

संकटकाल, मानवअधिकार र राष्ट्रिय दायित्व

संकटकालको परिकल्पना राज्यको आधुनिक अवधारणाको उपज हो। तर मानवअधिकार नागरिकहरूका प्राकृतिक अधिकारहरू हुन्। राज्यको आधुनिक स्वरूप

र सरचनाभन्दा पहिल्यैदेखि क्रियाशील र प्रभावकारी भएका न्यूनतम अधिकारहरूलाई राज्यले जस्तोसुकै कठिन परिस्थितिमा पनि सम्मान र सरक्षण गर्नुपर्दछ।

मानवअधिकारको श्रोतका रूपमा रहेको म्याग्नाकार्टा १२१५, पेट्सन अफ राइट्स १६२८ बिल अफ राइट्स १६८९ ले प्रत्याभूत गरेको न्यूनतम मानवअधिकारहरू सकटकालको अवस्थामा पनि नियन्त्रण र निलम्बन हुन सक्दैनन् भन्ने मान्यताका आधारमा सकटकालीन अवस्थाको घोषणा जारी भएको अवस्थामा पनि निम्नलिखित आधारभूत अधिकारहरू क्रियाशील रहेका हुन्छन् *(हेर्नुहोस्, नेपाल अधिराज्यको सविधान २०४७ को धारा ११५ (८), धारा ११, १२ (१), १२ (२) ड, १४, १८, १९, २०, २१)*।

(१) समानताको अधिकार
(२) वैयक्तिक स्वतन्त्रताका अधिकार
(३) सघ, सस्था खोल्ने हक
(४) बन्दी प्रत्यक्षीकरणको हक
(५) अमानवीय, क्रूर र अपमानजनक व्यवहारविरुद्धको हक
(६) आस्था र विचारको स्वतन्त्रता
(७) धर्म, सस्कृति र शिक्षाको अधिकार
(८) दासताविरुद्धको अधिकार
(९) देश निकालाविरुद्धको अधिकार
(१०) कानुनको प्रयोग र पालनामा समान सरक्षणको अधिकार

नेपालको सन्दर्भ

नेपाल अधिराज्यको सविधान २०४७ को धारा ११५(१) बमोजिम सकटकाल घोषणा भएको अवस्थामा पनि धारा ११, १२ (१), १२(२) ड, १४, १८, १९, २०, २१, धारा २३ को बन्दी प्रत्यक्षीकरणको हक र धारा ८८(१) र ८८(२) बमोजिम सर्वोच्च अदालतबाट प्राप्त गर्नसकिने असाधारण अधिकार क्षेत्रअन्तर्गतको हक तथा नागरिक अधिकार ऐन २०१२ बमोजिम प्राप्त सघ-सस्था खोल्ने, हिंडडुल गर्ने, अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्वक सभा-सम्मेलन गर्न पाउने स्वतन्त्रता (दफा ६, नागरिक अधिकार ऐन २०१२) लगायत् धारा ११५(८) बमोजिम निलम्बनमा नपरेका अरु तमाम सवैधानिक तथा कानुनी हकहरू अहिले पनि क्रियाशील र प्रभावकारीरूपमा प्रयोग र प्रचलनमा आउनसक्ने देखिन्छ। नेपाल अधिराज्यमा यसभन्दा अघि पनि यही सविधानको धारा ११५(१) बमोजिम प्रतिनिधिसभाबाट निर्वाचित प्रधानमन्त्रीको सिफारिसमा सकटकाल लाग गरिएको थियो *(हेर्नुहोस्, नेपाल राजपत्र ०५८ मसिर ११, खण्ड ५१)*। त्यसबखत पनि सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीशसहित पाँचजनाको पूर्ण इजलासले सविधानबमोजिम निलम्बन नभएका र त्यसअघि दर्ता भएका मुद्दाहरू हेर्ने र न्यायिक उपचार प्रदान गर्न फरक नपर्ने भनी व्याख्यासमेत गरिसकेको छ *(हेर्नुहोस्, ०५५ सालको रिट नं. ३१७० मदनबहादुर केसी विरुद्ध मु. सु. का.)*। तर यसपटक सोही सविधान र सोही धारावमोजिम लागू भएको सकटकालमा सर्वोच्च अदालतले निलम्बन नभएका सवैधानिक धाराहरूको आधारमा पनि न्यायिक उपचार नदिने भनी प्रशासनिक तहबाट दरपीठ गरिदिएको छ। यो कारणले सविधानको धारा ८८(१) र ८८(२) को माध्यमद्वारा मानवअधिकारको रक्षा गर्ने उपचार बिनाकारण निलम्बन भएसरह गरिएको छ। त्यसैगरी पुनरावेदन अदालत बिराटनगरले कानुन व्यवसायी पक्राउ परेको मुद्दामा सकटकालको कारण दर्शाएर बन्दी प्रत्यक्षीकरणको हकसमेत प्राप्त हुन नसक्ने फैसला गरेको छ *(अधिवक्ता कल्याण केसीको हकमा जगत थापा विरुद्ध जिप्रका मोरङ)*। यो न्यायिक प्रवृत्तिबाट अदालत नागरिक हकको प्रचलनको लागि अनुदार भएको र यसले स्वतन्त्र न्यायपालिकाको मर्यादाअनुरूप नागरिक हकको सरक्षण गर्न नसकेको हो कि भन्ने आशका उब्जिएको छ।

भारतको सविधानमा ४४ औं सशोधन हुनुपूर्व बन्दी प्रत्यक्षीकरणको हकसमेत निलम्बन हुने अवस्थामा पनि त्यहाँको सर्वोच्च अदालतले पूर्वाग्रह र गलत आशयले नागरिकलाई पक्राउ गरिएको अवस्थामा बन्दी प्रत्यक्षीकरण जारी हुनसक्ने *(मखन सिंह विरुद्ध स्टेट अफ पञ्जाब, अल इण्डिया रिपोर्ट १९६४ सुप्रिम कोर्ट ३८१)* फैसला गरेको थियो भने हाम्रो त सविधानबमोजिम नै बन्दी प्रत्यक्षीकरणलगायत् कैयौं हकहरू निलम्बन हुने सक्दैनन्। यस्तो अवस्थामा अदालतको भूमिका अझ जनपक्षीय हुनुपर्नेमा प्रारम्भिक लक्षणहरू आश लाग्दा देखिएका छैनन्। समर्थ, त्यतातर्फ निरन्तर चनाखो र सजग हुनुपर्ने देखिन्छ।

प्रेस स्वतन्त्रता र सकटकालीन अधिकार

सकटकालको घोषणाले अहिले नेपालको प्रेस स्वतन्त्रता जोखिममा परेको देखिन्छ। सकटकालको सबभन्दा बढी असर प्रेस जगतमै देखिएको छ। निश्चितरूपमा सकटकालमा प्रेससग सम्बन्धित धारा १३ र १६ निलम्बनमा परेका छन्। तर निलम्बनको अर्थ खारेजी होइन। खारेजी र निलम्बनमा फरक छ। निलम्बन गरिनुको अर्थ उपचारको हकको स्थगन मात्र हो। सविधानको धारा १३ बाहेक प्रेससग सम्बन्धित प्रचलित नेपाल कानुनहरू छापाखाना र पकाशन ऐन, प्रेस काउन्सिल ऐन, रासस ऐन, राष्ट्रिय प्रशारण ऐनजस्ता ऐनद्वारा सरक्षित हकहरू अहिले पनि प्रभावकारी र क्रियाशील रहेका छन्। यी काननअन्तर्गतका हकहरू सकटकालीन अवस्थाको कारणले निलम्बन वा निष्क्रिय हुन सक्दैनन्। श्री ५ बाट जारी गरिबक्सेको धारा ११५(७) बमोजिमको आदेशमा (१४) उल्लेख भएकोबाहेक प्रचलित कानुनबमोजिम हुने कुरा उल्लेख भएबाट श्री ५ को घोषणामा निलम्बन वा निष्क्रिय नभएका हकहरू प्रचलन गर्न गराउन कुनै बाधा विरोध

नेपाल अन्तर्राष्ट्रिय रूपमा मानवअधिकारप्रति प्रतिबद्धता जनाउने मुलुकहरूमा अग्रपंक्तिमा पर्दछ । १६ वटा अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूको पक्षराष्ट्र भएको नाताले नेपालले अन्तर्राष्ट्रिय जगतप्रतिको आफ्नो दायित्व बिर्सनु हुँदैन ।

देखिदैन। तर काठमाडौंबाट प्रकाशन हुने विभिन्न साप्ताहिक पत्रिकालाई स्थानीय प्रशासनले स्पष्टिकरण सोधेको र दाङबाट प्रकाशन हुने युगबोध पत्रिकालाई स्थानीय प्रशासनले प्रकाशनमा रोक लगाएका समाचारहरू प्रकाशित भएका छन्। तर प्रचलित कानुनले स्थानीय अधिकारीलाई प्रकाशनमा रोक लगाउने अधिकार दिएको छैन भने श्री ५ को आदेशमा पनि त्यस्तो विषय समावेश भएको देखिदैन। छापाखाना र प्रकाशन ऐन २०४८ बमोजिम सञ्चार मन्त्रालयले जारी गरेको सूचनाअनुरूप पनि पत्रिका बन्द गर्न सकिदैन किनकि उक्त ऐनले खास पाठ्यसामाग्री प्रकाशन गर्न निषेधसम्म गर्नसक्छ, तर पत्रिका बन्द गर्न सक्दैन *(हेर्नुहोस्, दफा १५ छापाखाना र प्रकाशन ऐन २०४८)*। त्यसैगरी श्री ५ बाट जारी शाही घोषणामा पनि स्वतन्त्र सञ्चार क्षेत्रलाई प्रजातन्त्रको चेतना वृद्धि गर्ने माध्यम हुन् र राष्ट्र हितको सम्वर्द्धनमा यसको विशेष भूमिका रहने *(०६१ माघ १९ गते जारी शाही घोषणाको प्रकरण १४)* भनी उल्लेख भएबाट श्री ५ को इच्छा प्रेसलाई नियन्त्रण गर्ने देखिदैन। तर श्री ५ को घोषणामा पनि नपरेको र प्रचलित कानुनले पनि निषेध नगरेको विषयमा समेत प्रेस स्वतन्त्रता सीमित र नियन्त्रित गरिने सरकारी रवैयाले गर्दा प्रेस स्वतन्त्रता आज कुण्ठित हुनपुगेको छ। यसले मानवअधिकार प्रवर्द्धनमा गतिरोध सृजना गरेको छ।

राजनीतिक अधिकार र संकटकाल

श्री ५ बाट जारी शाही घोषणामा राजनीतिक दलहरूका गतिविधिहरू माथि नियन्त्रण गरिने व्यहोरा उल्लेख छैन। त्यसैगरी नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११२ बमोजिम राजनीतिक दलहरूलाई प्रतिबन्ध लगाउन सकिदैन र संविधानको धारा १२ मा उल्लेखित अन्य हकहरू संकटकालमा निलम्बनमा रहने भए तापनि संघ-संस्था खोल्ने स्वतन्त्रता निलम्बनमा परेको छैन। यी सबै संवैधानिक व्यवस्थाहरूले राजनीतिक दलहरूलाई जस्तोसुकै अवस्थामा पनि आफ्ना गतिविधिहरू गर्न छूट दिएको अवस्था देखिन्छ। श्री ५ बाट जारी घोषणामा बहुदलीय प्रजातन्त्रमा मौसूफको अपरिवर्तनीय प्रतिबद्धता जाहेर भएको छ *(हेर्नुहोस्, शाही घोषणाको प्रकरण ११)*। त्यसैगरी शाही घोषणा र त्यसपछि धारा ११५ (७) बमोजिम जारी आदेशमा समेत राजनीतिक दलका गतिविधिहरूमाथि नियन्त्रण लगाएको अवस्था नभएकोले राजनीतिक दलहरूले शान्तिपूर्ण सभा-सम्मेलन र विचारको आदान-प्रदान गर्ने कार्यमा रोक लगाउनु संविधान, कानुन र श्री ५ को प्रतिबद्धताविपरीत देखिन्छ। कतिपय संघ-संस्थाका सभा, सम्मेलन र जुलुसहरू भइरहेको अवस्थामा मूलप्रवाहका राजनीतिक दलहरूका गतिविधिहरू नियन्त्रण गरिनुले प्रजातन्त्रप्रतिको घोषित प्रतिबद्धता पूरा हुन सक्दैन।

अन्तर्राष्ट्रिय दायित्व र संकटकाल

नेपाल अन्तर्राष्ट्रिय रूपमा मानवअधिकारप्रति प्रतिबद्धता जनाउने मुलुकहरूमा अग्रपंक्तिमा पर्दछ। १६ वटा अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूको पक्षराष्ट्र भएको नाताले नेपालले अन्तर्राष्ट्रिय जगतप्रतिको आफ्नो दायित्व बिर्सनु हुँदैन। सन्धि ऐन २०४७ को दफा ९ ले अन्तर्राष्ट्रिय दायित्वलाई राष्ट्रिय कानुनसरह बनाएको परिप्रेक्ष्यमा यो दायित्वलाई नेपालले हरहालतमा परिपालना गर्नुपर्दछ। नेपाल पक्षराष्ट्र भएको सन्धिमध्ये नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा ४ ले संकटकालीन अवस्थामा समेत यो अनुबन्धका धारा ६, ७, ८ (१ र २) र १८ लाई राज्यले निलम्बन गर्न नसक्ने व्यवस्था गरेको छ। त्यसरी संकटकालमा समेत निलम्बन नहुने अन्तर्राष्ट्रिय कानुनहरूमा निम्न व्यवस्थाहरू समावेश गरिएका छन्–

वैयक्तिक स्वतन्त्रता, आस्थाको स्वतन्त्रता, धर्मको स्वतन्त्रता, विचारको स्वतन्त्रता, यातनाविरुद्धको अधिकार

यसैगरी यो सन्धिको धारा ४ (३) अनुरूप हरेक पक्षराष्ट्रले आफ्नो देशमा संकटकाल लागू भएको सूचना यथाशक्य चाँडो संयुक्त राष्ट्रसंघका महासचिवमार्फत् अन्य सदस्य राष्ट्रहरूलाई दिनुपर्ने दायित्व पनि राज्यले पूरा गर्नुपर्दछ। अघिल्लो संकटकालमा नेपालले यो दायित्व पूरा गरेको थिएन। त्यसैगरी कुनै पनि पक्षराष्ट्रमा ती सन्धिमा उल्लेखित प्रावधानको उलंघन भएको अवस्थामा अन्य पक्षराष्ट्रहरूले संयुक्त राष्ट्रसंघमा कुरा उठाउन सक्ने व्यवस्था पनि कतिपय सन्धिहरूले गरेका छन्।

निष्कर्ष

संकटकालमा पनि न्यूनतम मानवअधिकारहरू हनन र निलम्बन हुन सक्दैनन्। तिनको पालना र संरक्षण गर्नु राज्यको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व हो।

निलम्बन नभएका संवैधानिक र कानुनी हकको आधारमा न्याय प्राप्त गर्ने अधिकार प्रत्येक नागरिकलाई भएकाले न्यायपालिका यो दायित्वबाट पन्छिन सक्दैन र यस्ता विषयहरूमा न्यायपालिकाले न्यायिक मनको प्रयोग गरेर विवादको समाधान गर्नुपर्दछ।

संविधानबमोजिमका राजनीतिक दल तथा मानवअधिकार संघ-संस्थाहरूले संकटकालको अधीनमा रहेर आफ्ना कार्यहरू गर्न सक्दछन्।

प्रचलित कानुन र संविधानले संकटकालमा रोक लगाएकाबाहेक तथा धारा ११५ (७) बमोजिम जारी आदेशमा उल्लेखित बन्देजबाहेक पत्रपत्रिकामा लागेको सेन्सरसिप र पत्रिका बन्द गर्ने आदेश गैरसंवैधानिक देखिन्छ।

मानवअधिकारको प्रवर्द्धन र विकास तथा संवैधानिक हक-अधिकारको उपयोगको लागि राज्यपक्ष सदैव उदार रहनुपर्दछ। जस्तोसुकै कठिन परिस्थितिमा पनि राज्यले मानवअधिकारप्रतिको राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्वबाट उन्मुक्ति पाउँदैन।

वार्ता, संवाद, सहकार्य र सह-अस्तित्व नै शान्ति र प्रजातन्त्रका आधारस्तम्भ हुन्। राज्य र विद्रोही तथा अन्य सबै राजनीतिक शक्तिहरूले यिनै आधारमा मानवअधिकारको सम्वर्द्धन र प्रवर्द्धनमा आफ्नो ध्यान केन्द्रित गर्नुपर्दछ।

(मानवअधिकार सन्धि अनुगमन समन्वय समिति, सचिवालय इन्सेकद्वारा ०६१ फागुन १४ गते ललितपुरमा आयोजित 'संकटकाल र मानवअधिकार' विषयक अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत आधारपत्र)

प्रजातान्त्रिक जीवनशैली

प्रकाश ज्ञवाली

हामीकहा जीवनशैलीको बेग्लाबेग्लै पाटाहरु विभिन्न कालखण्डमा चर्चाको शिखरमा पुग्ने गरेका छन्। जीवनशैलीका आ-आफ्नै परिभाषा, व्याख्या र तर्कहरु बेग्लाबेग्लै समय र परिस्थितिमा उजागर हुने गरेका छन्। मानिसका प्रवृत्तिका आधारमा पनि यस्ता परिभाषाहरुको आकार बन्ने गरेको पाइन्छ।

जीवनशैलीलाई कसैले पहिरनमा पुष्टि गर्ने खोज्छन् त कसैले आधुनिक प्रविधिसग जोड्ने प्रयास गर्छन्। तिनका अर्थ र क्षेत्र कुनै स्थानको भू-राजनीतिक अवस्थितिका आधारमा पनि निर्धारण भएको पाइन्छ। अमेरिकाको जीवनशैली र नेपालको जीवनशैली, जापानको जीवनशैली र चीनको जीवनशैली। यस्ता 'भिग' उदाहरणले कसैलाई प्रेरणा नदिन पनि सक्छन। 'मेटाफोर' 'गिमिली' र 'आइरोनी' का आ-आफ्नै भूमिका होलान्। खोज्दै जादा समुद्रको जीव लक्षित गरिएको पनि हुनसक्छ। गोताखोरहरुको जीवनशैली, कोइलाखानीभित्र काम गर्नेहरुको जीवनशैली र हवाइजहाज उडाउनेहरुको जीवनशैलीलाई कसरी एउटै तराजमा राख्न सकिएला। : तराजुले जोख्ने काम मात्र हुँदैन, यो त समानताको परिचायक हो, यसले गल्ती गर्दैन भन्ने गरिन्छ। तर पनि, दोष नभएको होइनन्। यसले दुई भिन्न वस्तुलाई जोखिदिन्छ। गणका आधारमा नभइ, मात्रालाइ जोखेर न्याय दिन्छ।

जीवनशैलीलाई तराजमा राख्दा, बेग्लाबेग्लै जीवनशैलीका मात्रा समान हुनसक्छन्। त्यस्तो अवस्थामा न्याय भएको मान्न सकिएला ? जीवनशैलीको भाषा पनि व्यक्ति र ठाउअनुसार फरक हुन्छ। त्यस्तो भाषा तराजुले बुझ्ला ? त्यस्तो अवस्थामा यसले देखाएको समानतालाई कसरी अनुभूत गर्ने ? शासकको जीवनशैली र शासितको जीवनशैली मानवीय विकास सूचकाकले पनि औल्याउन नसक्ला। औसतले पनि तिनको प्रतिनिधित्व गर्न नसक्ला। जीवनशैलीको समुद्रमा माछा पनि भेटिनसक्छ, भ्यागुता हात लाग्ने अवस्था पनि आउछ। त्यही समुद्रमा गोहीको मुखमा परिने डर पनि उत्तिकै नहोला भन्न सकिदैन।

यस्तै डर छ, जीवनशैली अर्थ्याउने परिपाटीमा। प्रतिव्यक्ति आयले आर्थिक जीवनशैली निर्धारण गर्ला। शिक्षाको मानक यसको प्रकार र गुणस्तरमा आधारित होला। सामाजिक-सास्कृतिक सद्भावको आफ्नै भूमिका होला, जीवनशैली निर्धारण गर्ने। 'आईटी', 'फेसन' र नक्कल आजका उर्वर जीवनशैली होलान्। संगसगै बन्दुक, बम र बारुदबीचको जीवन व्यतित गर्नेहरुको पंक्ति पनि छ। यस्ता परिवेशहरु छन्, जसले जीवनलाई स्वभाविक ढाचामा परिणत गरिदिएका छन्। एकातिर कार, कम्प्युटर र कस्मेटिक्सको मूल्य ओराल्ने लाग्दैछ भने उकालै-उकालोले घेरिएका हुम्ला, डोल्पा र मुगुमा नुन, तेल र चामलको मूल्यले अग्ला डाँडाहरुसंग संगति मिलाएको छ। दरबारमार्गको चिप्लो सडकदेखि चुच्चे ढुंगामा पाइताला अड्याउन मिल्नेगरी बाटी पारिएको "बाटो" को जीवनशैलीका पाटाहरु पक्कै भिन्न छन्। कसैले बोलेको संसारभरी सुनिएला तर एउटा घरमा मान्छे मर्दा अर्को घरको सलामी खोज्न घण्टौं हिड्नुपर्ने बाध्यता नभएको होइन। त्यसैले, जीवनशैलीमा सुधार ल्याउने तरिका र मापदण्डहरु पनि फरक छन्।

यस्तै विविधताबीच प्रजातान्त्रिक जीवनशैलीको चर्चा व्याप्त छ, अहिले। खासगरी काठमाडौंले गतिलो शब्द पाएको छ। प्रजातन्त्रसगै जन्मनुपर्ने जीवनशैली, नजन्मदै बेहोस भएछ। अहिलेको अवस्थामा जारन थालेको छ। यस्तो जगाईको स्वरुपका बारेमा पनि आ-आफ्नै तर्क छन्। कुन वेला, कसरी प्रजातान्त्रिक जीवनशैलीको शुरुवात हुन्छ भन्ने विषय पनि विवादको घेराभित्र तानिएको छ, यतिबेला। काच र तरंगमार्फत् आएका चित्र र ध्वनीहरु प्रजातान्त्रिक जीवनशैलीमा केन्द्रित छन्। फरक यति हो, त्यसको अपेक्षित ठोस परिभाषा र किटानी सर्वसाधारणको भाषामा आउन सकेको छैन।

प्रजातन्त्र, मानवअधिकार, सुनीति, सुशासन र सच्चरित्र समग्र राष्ट्रिय विकासका आधारस्तम्भ हुन भन्नेमा दुईमत नहोला। यीसगै गासिएको जीवनशैली पक्कै स्तुत्य हो। हामा भनाई र गराईबीच तादात्म्यता मिलाउन पनि जीवनशैलीको भूमिका प्रमुख छ। प्रजातान्त्रिक जीवनशैली मानवअधिकारयुक्त जीवनशैली हो भन्नेमा पनि द्विविधा नहोला। प्रजातन्त्र र मानवअधिकार एक-अर्काका परिपूरक भएकाले एउटाको अनुपस्थितिमा अर्कोको अस्तित्व पनि पक्के संकटमा पर्नजान्छ। यस्तो अवस्थामा हामीले भन्ने गरेको मानवअधिकारयुक्त प्रजातान्त्रिक जीवनशैली र परिभाषावगरको जीवनशैलीबीचको भिन्नता केलाउन सकिन्छ।

हामीले घर देख्न सक्छौं। तर, त्यसको जग माटोभित्रै हुन्छ। प्रजातन्त्र माटो मनिको जग हो, जसले प्रजातान्त्रिक जीवनशैलीलाई अड्याएको हुन्छ। मगाले जग खोल्यो भने घर धरमराउनसक्छ। बा, सानोतिनो भुइचालो नै यसका लागि काफी हुनसक्छ। जहा जीवन हुन्छ, त्यहा जीवनशैलीको कुरा हुनसक्छ। त्यस्तै जहा प्रजाको शासन चल्छ, त्यहा प्रजातन्त्रको चर्चा हुनसक्छ। जहा प्रजातन्त्र हुन्छ त्यहा प्रजातान्त्रिक जीवनपद्धतिका सम्भावनाहरु हुन्छन्। सम्भावनाहरु नै प्रजातान्त्रिक जीवनशैलीका आधारस्तम्भ हुन्। प्रजातन्त्र र प्रजातान्त्रिक जीवनशैलीबीचको यस्तो सम्बन्धबाट नै मानवअधिकार संस्कृति फस्टाउने हो। यसको संरक्षण हुने हो। त्यस्तो संरक्षण अथक मानवअधिकार योद्धा स्वर्गीय प्रकाश काफ्लेले भन्नभएझैं, जनताको सचेतन, जागरण र संगठित प्रयासबाट सम्भव छ। ●

आधारभूत सवालहरुको दयनीय अवस्था

स्वास्थ्य सुविधाबाट टाढा जनता

कपिलवस्तु जिल्लामा करिव पाँच लाख जनसंख्या छ। उक्त जनसंख्यालाई थेग्न ७ जना डाक्टरको दरवन्दी भएको भए पनि केवल ४ जना डाक्टरबाट मात्र स्वास्थ्योपचार सेवा उपलव्ध हुने गरेको छ। करिव सवालाख जनसंख्या वराबर एकजना डाक्टर पर्न आउँछ। जसका कारण यस जिल्लाका जनता स्वास्थ्योपचारका लागि लुम्बिनी अञ्चल अस्पताल, बुटवल वा अन्य निजी क्लिनिकहरुमा धाउन वाध्य छन्। त्यसैगरी भारतसँग सीमा जोडिएका गाविसहरुका जनता भारतको नौगढ, गोरखपुरलगायत्का स्थानमा उपचारका लागि जाने गर्दछन्।

तौलिहवास्थित पीबी अस्पतालमा ३ जना डाक्टरको दरबन्दी भए पनि एकजना मात्र कार्यरत छन्। २ जना डाक्टर अध्ययन विदामा गएका छन् तर उनीहरुले यसै जिल्लाबाट तलब लिने गरेको जनस्वास्थ्य कार्यालय प्रमुख डा. अल्ताब हुसेन बताउँछन्। त्यसैगरी बहादुरगञ्जस्थित शिवराज अस्पतालमा ३ जनाको दरवन्दी भए पनि हाल एकजना मात्र कार्यरत छन्। हरनामपुर र महाराजगञ्ज गाविसमा प्राथमिक स्वास्थ्य केंद्र राखिएको भए तापनि जिल्लाका दक्षिणी गाविसहरु भएकाले केन्द्रसम्म जाने यातायातको सुविधा र आफ्नै भवन नहुँदा जनताको पहुँच पुग्न सकेको छैन। "कर्मचारी, डाक्टर त छन् तर बस्ने कोठा छैन। गाउँमा बस्न कोठा भाडामा नपाउँदा कर्मचारीहरु अप्ठेरोमा परेका छन्," हर्नामपुरका डाक्टर नवलकिशोर झाको गुनासो छ।

ग्रामीण स्वास्थ्य कार्यकर्ताहरुले गाउँमा वस्ने वास नपाउँदा टाढा-टाढाबाट हिँडेर आउनुपर्ने वाध्यता छ। वर्षायाममा त आउने-जाने बाटोको असुविधाका कारण उत्तिकै कठिनाई उत्पन्न हुने गर्दछ। क्षेत्रीयस्तरका प्राथमिक सेवा केन्द्रहरु बीचमा र सुगम स्थानमा नहुँदा सबैले सुलभ उपचार पाउन सकेका छैनन्। एकातर्फ स्वास्थ्य संस्थाको कमी छ भने अर्कातर्फ स-साना जस्ता लाग्ने समस्याहरुले पनि जनताको औषधोपचारको अधिकारमा व्यवधान खडा भइरहेको छ।

हुन त यस जिल्लामा इलाकास्तरका ६ वटा स्वास्थ्य चौकी छन्। त्यसैगरी, उपस्वास्थ्य चौकीको संख्या ६८ छ भने एउटा आयुर्वेदिक अस्पताल र अन्य २ वटा आयुर्वेदिक क्लिनिक छन्। सेवा प्रदान गर्ने मेडिकल पसलहरु पनि थुप्रै छन्। तर, मानिस विरामी पर्दा, सिटामोल, ब्रुफिन र डाइजीनबाहेकका अन्य औषधी पाउन सहज छैन। सानो अप्रेशन, एक्सरे गर्न र सामान्य हातखुट्टा भाँचिदा पनि बुटवल, गोरखपुरजस्ता ठाउँमा जानुपर्ने वाध्यता छ। उपयुक्त स्थानमा स्वास्थ्य संस्था राख्ने, त्यस्ता ठाउँहरुमा बाटोघाटो तथा अन्य सुविधाहरु पुऱ्याउने, दरबन्दीअनुरुपको कर्मचारी तथा डाक्टरहरुको व्यवस्था गर्ने र जनतालाई सहज सुविधा पुऱ्याउनेतर्फ सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ। नियमित अनुगमन र मूल्यांकन कार्यलाई पनि सँगसँगै प्रभावकारी बनाउन सकेमा भएका व्यवस्थाहरुबाट पनि जनताले लाभ लिन सक्ने देखिन्छ।

स्थानीय निकायका काम ठप्प

यस जिल्लामा एउटा नगरपालिका र ७७ वटा गाविस छन्। माओवादीले ०५८ सालमा ३० वटा गाविस कार्यालयहरुमा आगजनी गरी क्षति पुऱ्याएपछि ती कार्यालयहरु विस्थापित भएका कारण जनतालाई सलभ तरिकाले पाएका सेवा-सुविधाहरु दुर्लभ र महंगो भएका छन्।

जिल्ला सदरमुकाम वरिपरी बसेका सचिवहरु खोज्न गाउ-गाउबाट मानिसहरु आउने गरे पनि भेटाउन नसकिने र भेट भए पनि तत्काल काम हुन नसक्दा धेरैलाई फिकुपर्ने बाध्यता रहेको देखिन्छ। त्यसमाथि माओवादीले ०६१ मंसिर २ गतेदेखि काम नगर्न धम्की दिएपछि यस्ता कामहरु झनै रोकिएको अवस्था छ। राहदानी, नागरिकतालगायतका काम नहुंदा सबसाधारण जनता अत्यन्त प्रभावित भएका छन्।

वृद्धहरुले भत्ता पाइरहेका छैनन्। अपांग, विधवाहरु सुविधा पाउनबाट वञ्चित छन् भने विकास निर्माणका कामहरु ठप्प छन्। बेरोजगारी समस्या व्यापक छ। त्यसमाथि अन्य मुलुकमा जानका लागि आवश्यक पर्ने कागजात बनाउन समस्या रहेकाले झनै कठिनाई उत्पन्न भएको छ। ०६१ पुस १५ गते सबै गाविस सचिवहरुले सामूहिक राजीनामा दिएपछि त जनताका कामहरु ठप्प नै भएका छन्। अर्कातर्फ कार्तिक महिनासम्म गाविस परिषद बैठक भइसकुपर्नेमा कुनै पनि गाविसमा उक्त बैठक हुन सकेन। योजना तर्जुमा हुन नसक्दा र बजेटको पहिलो किस्ता रकम निकासा नगर्दा विकास रकम 'फ्रिज' हुने सम्भावना छ।

शिक्षाको अवस्था दयनीय

यस जिल्लाका ५२ गाविसमा माध्यमिकस्तरको विद्यालय छैन। यसबाट पनि यहाको शैक्षिक अवस्था आकलन गर्न सकिन्छ। सरकारले सबैका लागि शिक्षाको नीति लिएको भए तापनि ग्रामीणस्तरसम्म यसको प्रचारप्रसार तथा कार्यान्वयन भएको पाइदैन। त्यसैगरी प्रत्येक गाविसमा हुनुपर्ने विद्यालय सख्याको हिसाबले पनि यो जिल्ला पछाडि परेको छ। दक्षिणी भेगका गाविसहरुमा विद्यालयको अनुपात निकै कम छ।

यस जिल्लामा साक्षरता प्रतिशत ४१.५ छ। पुरुष-महिला साक्षरता दरमा निकै भिन्नता देखिन्छ भने राष्ट्रियस्तरको साक्षरता प्रतिशतको तुलनामा यहाको महिला तथा पुरुष साक्षरता प्रतिशत निकै कम छ। यस जिल्लाको पुरुष र महिला साक्षरता क्रमशः ५२.१ प्रतिशत र २९.३ प्रतिशत छ। दक्षिणी भेगका गाविसका १३ देखि १५ प्रतिशत जनता मात्र साक्षर छन्। सिंहखोर गाविस सबैभन्दा कम साक्षरता प्रतिशत रहेको गाविस हो, जहाका १३.८४ प्रतिशत जनता मात्र साक्षर छन्।

हुन त विद्यालयहरुको संख्या हेर्दा स्थिति यति दयनीय होला भन्ने सहज अनुमान गर्न कठिन छ। यस जिल्लामा २ सय २२ प्राबि, ३५ निमाबि, ३९ माबि, ८ उच्च माबि र २ क्याम्पस छन्। पूर्वप्राबिको संख्या ४२ छ। करिब ४५ निजी विद्यालय छन्। प्राबि तहमा भर्ना हुने विद्यार्थीको संख्या ५२ हजार ५ सय ९८ छ। तर, माध्यमिक तहमा हेर्ने हो भने जम्मा ४ हजार ६ सय ८४ मात्र छन्। तर पनि गरिबी र चेतनाको अभावका कारण विद्यालयप्रतिको आकर्षणमा अपेक्षित वृद्धि हुन सकेको छैन। सरकारका विभिन्न कार्यक्रमहरु सार्वजनिक हुने गरे पनि तिनको प्रभावकारिता तल्लो तहका जनतासम्म पुग्न सकेको देखिदैन।

सबैका लागि शिक्षा कार्यक्रमलाई ७ वटा संस्थाले सहयोग पुऱ्याउंदै आएका छन्। यति हुंदाहुंदै पनि सबै गाविसमा विद्यालय नहुंदा सहजरुपमा शिक्षा उपलब्ध छैन। गुणस्तरीय शिक्षाको अभाव पनि अर्को पक्ष हो, जसका कारण शिक्षाको उपलब्धीप्रति सन्तोष गर्ने ठाउं छैन। एसएलसीमा जम्मा २० देखि २५ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण हुने गरेका छन्। शिक्षाको यस्तो दयनीय अवस्थाप्रति सम्बन्धित निकायहरुको ध्यान कहिले पुग्ला ? हेर्न बाकी नै छ।

● नन्दराम पौडेल

उपयुक्त स्थानमा स्वास्थ्य संस्था राख्ने, त्यस्ता ठाउँहरुमा बाटोघाटो तथा अन्य सुविधाहरु पुऱ्याउने, दरबन्दीअनुरुपको कर्मचारी तथा डाक्टरहरुको व्यवस्था गर्ने र जनतालाई सहज सुविधा पुऱ्याउनेतर्फ सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ । नियमित अनुगमन र मूल्यांकन कार्यलाई पनि सँगसँगै प्रभावकारी बनाउन सकेमा, भएका व्यवस्थाहरुबाट पनि जनताले लाभ लिन सक्ने देखिन्छ ।

बृद्धहरुले भत्ता पाइरहेका छैनन् । अपांग, विधवाहरु सुविधा पाउनबाट वञ्चित छन् भने विकास निर्माणका कामहरु ठप्प छन् । बेरोजगारी समस्या व्यापक छ । त्यसमाथि अन्य मुलुकमा जानका लागि आवश्यक पर्ने कागजात बनाउन समस्या रहेकाले झनै कठिनाई उत्पन्न भएको छ ।

पहिचान भए पनि जग्गा पाइएन

वर्दिया। मुक्ति घोषणा भएको ४ वर्ष बितिसक्दा पनि ओतको व्यवस्था नभएपछि मुक्त कमैयाहरु कपास विकास समितिको नाममा रहेको सरकारी जग्गा कब्जा गरी बसेका छन्। समितिको नाममा रहेको जग्गामध्ये ७ सय ५० हेक्टर जमिन मुक्त कमैयाहरुले कब्जा गरे तर कमाउन पाएका छैनन्। उनीहरुले ओतका लागि छाप्रा मात्र बनाएका छन्। अन्य जमिन स्थानीय व्यक्तिहरुले कमाउँदै आएका छन्।

मुक्त कमैया समाज, वर्दियाका अध्यक्ष पञ्चराम थारुका अनुसार कपास विकासको जमिन कब्जा गरी ओतका लागी छाप्रा बनाएका कमैयाहरुमध्ये ७ सय ६३ जनाले हालसम्म जग्गा, लालपूर्जा केही पनि पाएका छैनन्। त्यसैगरी सो समितिको जग्गा कब्जा गरी बस्ने कमैयाहरुमध्ये ८ सय २४ जनाले लालपूर्जा पाएका छन् तर जमिन कहाँ छ हालसम्म थाहा छैन। ३ सय ७४ जनाले कार्डमात्र पाएका छन्। हाल कपास विकास समितिको जमिनमा १ हजार ९ सय ६३ घर परिवारले छाप्रा बनाएका छन्।

महम्मदपुर गाविस बिक्रिगाउँका आशाराम थारु आफू सानैदेखि अर्काको घरमा कमैया बसेको तर मुक्तिपछि हालसम्म सरकारले कुनै सुविधा उपलब्ध नगराएकाले यसरी सरकारी जमिन कब्जा गरी बसेको बताउँछन्। यस्तै दुखेसो मगरागाडी गाविस गुम्बस्ताका सिताराम थारुको पनि छ। सरकारले उपलब्ध गराएको जग्गा पनि पर्याप्त छैन। सोरहवा गाविस-९ खका दिना थारु चार जनाको आफ्नो परिवारलाई १० धुर मात्र जमिन सरकारले उपलब्ध गराएको बताउँदै भन्छन्, "यो जमिन त घर मात्र बनाउन पुग्छ। कमाउने जग्गा कहाँ खोज्न जाने ? कसरी बालबच्चा पाल्ने ?" सरकारले दिनालाई नीलो वर्गमा पारेको थियो। उनलाई सोरहवा गाविस-९ मै ७२६ नं. को कित्तामा उक्त जग्गा उपलब्ध गराएको थियो।

मुक्त कमैयाहरुले वर्दियामा मात्र होइन कैलालीको टिकापुर र धनगढीको पुरानो विमानस्थलमा पनि कब्जा जमाएका छन्। सरकारले मुक्त कमैयाहरुलाई जग्गा उपलब्ध नगराएको होइन, तर कब्जा गर्नुपर्ने अवस्था भने उनीहरुलाई वर्गिकरण गरी असमान जमिन वितरण गरेको हुनाले हो। चार वर्गमा विभाजित मुक्त कमैयाहरुलाई रातो, नीलो, पहेंलो र सेतो रङका परिचयपत्र वितरण गरियो।

भूमिसुधार कार्यालय, वर्दियाको तथ्याङ्कअनुसार, रातो परिचय पत्र पाएका २ हजार ६ सय ९१ जना, नीलो परिचयपत्र पाएका १ हजार ३ सय १० जना, पहेंलो पाएका १ हजार १ सय १५ जना र सेतो परिचयपत्र पाएका १ हजार १ सय ३३ रहेका छन्। सो कार्यालयले हालसम्म रातो परिचयपत्र पाएकामध्ये २ हजार ३ सय २६

जनालाई ५ सय ३ विगाहभन्दा बढी जमिन उपलब्ध गराएको छ। नीलो वर्गमा परेका १ हजार २ सय ६० जनालाई २ सय ३५ विगाह ११ कठ्ठा ६ धुर जमिन वितरण गरिएको छ भने पहेंलो र सेतो वर्गका कमैयाहरुलाई हालसम्म उपलब्ध गराएको छैन।

०५७ सालसम्म छूट भएका मुक्त कमैयाको लगत ०५९ सालमा छानबिन गर्ने काम भयो। सो छानबिन टोलीले घरबारविहीन (रातो वर्ग) २ हजार १ सय ३१ जना ऐलानी जग्गामा बसेका (नीलो वर्ग) २ हजार ६ सय ७२ जनालाई मुक्त कमैया भनि पहिचान गरेको थियो। त्यसैगरी घुम्ति शिविरले रातो वर्गका ७८ र नीलो वर्गका ६५ जनालाई पहिचान गरेको थियो। सोही वर्ष जिविसमा भएको लगत छानबिन टोलीले घरबारविहीन १ हजार ४ सय ३ जना पहिचान गरेको थियो।

०५९ सालमा पहिचान भएका मुक्त कमैयाहरुलाई सरकारले हालसम्म जमिन उपलब्ध गराएको छैन। यसरी सरकारी तथ्याङ्कअनुसार पनि वर्दिया जिल्लामा मुक्त कमैया भनि पहिचान भई हालसम्म जमिन नपाएका मुक्त कमैया संख्या ८ हजार ५ सय ९७ छ। जसमा रातो वर्गका ३ हजार ६ सय १२, नीलो वर्गका २ हजार ७ सय ३७, पहेंलो वर्गका १ हजार १ सय १५ र सेतो वर्गका १ हजार १ सय ३३ जना छन्। सरकारी तथ्याङ्क हेर्ने हो भने यस जिल्लामा १३ हजार २ सय ९८ मुक्त कमैया पहिचान भइसकेका छन्।

वर्दिया जिल्लामा कमैया मुक्ति आन्दोलनको ऐतिहासिक पृष्ठभूमि हेर्दा ००७ सालको प्रजातन्त्रले ल्याएको लहरसँगै ००८ बैशाख १५ गते हालको मानपुर टपरा गाविस-९ बेलवागाउँमा "खलिहान घेराउ" गर्दा कोइली थरुनीलगायत् ८ जना कमैया सुरक्षाकर्मीको गोलीद्वारा मारिएका थिए। ०२४ सालमा कनराबस्ती, ०२६ मा काला बेलभारफाँटा, ०२९ मा फल्कापुरफाँटा, ०३२ मा बढैया तालफाँटा, ०३६ मा डल्लाफाँटा, ढोढरी मार्चडफाँटा, ०४६ सालमा कनरा फाँटामा भएका आन्दोलनले कमैया र भूमिहीन किसान आन्दोलनमा महत्वपूर्ण योगदान दिएका थिए। त्यसक्रममा रुन्चे थारुजस्ता कमैयाले शहादत प्राप्त गरेका थिए। ०४८ सालदेखि कमैया मुक्तिको आवाज संगठितरुपमा उठ्न थाल्यो र ०५२ सालमा कमैया मुक्ति आन्दोलनलाई संगठित ढंगले अगाडि बढाउन 'कमैया मुक्ति मञ्च' को गठन भएको थियो। ०५६ सालको मई दिवसको दिन कैलालीको गेटा गाविसबाट मुक्तिको उद्घोष गर्दै कमैया मुक्ति आन्दोलन परिचालन समितिको नेतृत्वमा आन्दोलन अघि बढेको थियो। विभिन्न जिल्लामा उठेको आन्दोलन र कमैया मुक्तिका सम्बन्धमा विभिन्न पक्षहरुद्वारा संचालित राष्ट्रियस्तरको अभियानका कारण सरकारले ०५७ साउन २ गते कमैया मुक्तिको घोषणा गरेको थियो।

● *नारायण सुवेदी*

दोहोरो पीडामा महिलाहरु

काभ्रे। कलिलो उमेरमा नै लोग्ने गुमाउनुपर्ला भनेर पाँचखाल गाविस-९ वस्ने ३० वर्षकी सरिताले सपनामा पनि सोचेकी थिइनन् तर अनायास अपहरित लोग्ने बलराम सापकोटालाई माओवादीहरूले मारेको कुरा सुन्नासाथ उनी बेहोस भइन्। उनी बेला-बेलामा कविता लेखेर मन बुझाउन खोज्छिन् तर छोरीहरू ४ वर्षकी संरक्षा र २ वर्षकी सुरक्षाले "बाबा कहिले आउनुहुन्छ" भनेर सोध्दा भने उनको मन छयाछिया हुन्छ। लोग्नेको मृत्युपछि छोरीहरू पाल्न उनलाई धौ-धौ पर्‍यो। लोग्नेका साथीहरूको सहयोगमा बल्ल छोरीहरूलाई स्कुल पठाइन् र आफू पनि जिविसमा काम गर्न थालिन्।

सरिताले त जेनतेन मन बुझाएकी छिन् तर कटुञ्जेबेंशीका इमानसिं तामाङलाई ०५५ असार ४ गते प्रहरीहरूले माओवादीको आरोपमा मारेपछि ३६ वर्षीय पत्नी मसिनी लामो समयसम्म बेहोस भइन्। सुतेर २ वर्षकी कान्छी छोरीलाई दूध चुसाउँदै गरेकी मसिनी मरिछन्। ससुरा सुब्बासिंको भनाइमा नातिनीले मरेकी बुहारीको दूध चुसिरहेकी थिई। यो घटनाले १३ वर्षकी जेठी नातिनी लालमायालाई ठूलो चोट पर्‍यो, "बुबा म हिँडें भनी बन्दुक बोकेर गइ।" इमानसिंका हिमालसिं, हिमबहादुर र भार्तसिं नाम गरेका तीन छोरा र लालमाया, मनमाया, मेगमाया र कान्छी नाम गरेका चार छोरी छन्। सबैको उमेर १६ वर्षमुनि छ। दैनिकजसो मुलुकमा द्वन्द्वपीडितका कुरा भए पनि राज्यले थप दुःख दिने त्रासमा छोराछोरीहरूले बाबु मरेको कुरा बताउन पनि चाहँदैनन्।

यस्तै ०६० मंसिर ८ गते माओवादीले थापेको विद्युतीय धरापमा परी स्याङ्जाको वालिङमा मरेका सिन्धुपाल्चोक जिल्ला पिपलडाँडा गाविस-३ का सशस्त्र प्रहरी निरीक्षक ४७ वर्षीय हरिबहादुर बस्नेतका दुई पत्नी, दुई छोरा र ४ छोरीहरूको अहिले विजोग छ। बाबुलाई मारेपछि बदलाको भावनामा जेठीपट्टीका छोरा रमेश सशस्त्र प्रहरी हवल्दार बनेका छन्। हरिबहादुरकी ३६ वर्षीय कान्छी पत्नी तुलसी सिलाइकटाइ तालिम सिकेर धुलिखेलमा जीवन गुजारिरहेकी छिन्। माओवादी त्रासका कारण यो परिवार गाउँ फर्कन सकेको छैन।

तेईस वर्षको कलिलो उमेरमा नै लोग्ने गुमाएकी वाल्टिङ गाविस-३ की मिठुले अहिलेसम्म आफूलाई सम्हाल्नै सकेकी छैनन्। मानसिक अस्पताल लगियो, ठिक भएन। सधैं बिरामी हुन थालेपछि घरले हेरेन, माइतीले लालाबालासहित फर्कायो। लोग्नेको मृत्युपछि मिठु त पागल मात्रै बनिन् तर थुप्रैका पत्नीहरूले ज्यान नै गुमाएका छन्। बाबुआमाको मृत्युले उनीहरूका छोराछोरी विरक्तिएर बन्दुक बोकी हिँडेका पनि छन्।

आफ्नो जीवनसाथी नै गुमाउनु परेपछि महिलाहरूले मन थामुन् पनि कसरी ? ठूलो परिवारका कारण स्रोत-साधन र परिवारमुलीको जिम्मेवारी थपिएको बेला लोग्ने प्रीतिमानको मृत्युले कान्छीमाया स्याङ्तानलाई मरौं कि बाँचौं भयो। चार छोरा र तीन छोरी पढाउन उनले गाउँलेसँग हारगुहार माग्नुपर्‍यो। "भनेको वेलामा काम पाइँदैन, फेरि समाजले विधवालाई हेर्ने दृष्टिकोण उस्तै छ" -भकुण्डे घटनामा लोग्ने गुमाएकी रमा गिरी भन्छिन्। "बच्चालाई पढाउन पैसा आउँछ भन्थे त्यो पनि पाइएन" -रमाको भनाइमा "लोग्ने भएको वेला चौकी पुग्दा धेरै माया पाइन्थ्यो तर, आज हाकिमलाई भेटौं भन्दा पनि त्यही कुरा गर्न आएकी होला भन्छन्।" तीनजना बच्चा पाल्न धौ-धौ भएर अहिले उनी काठमाडौंमा ट्याम्पो चलाउँछिन्। बाबुलाई ट्रकमा ल्याएको दृश्य देख्ने छोरी अस्मितालाई बदला के हो थाहा छैन तर उनी बारम्बार ठूलो भएर बदला लिने कुरा गर्छिन्। यस्तै, जनमोर्चाका नन्दराज लामालाई माओवादीको आरोपमा प्रहरीले मारेपछि दिदी-बहिनीको बिचल्ली भएको छ। ऋण तिर्न नसकेर भित्र्याइएकी हरिमाया एक वर्ष पनि लोग्नेसँग बस्न पाइनन्। एउटै कोखकी दिदी कुमारी लामाचाहिँ पसल थापेर गुजारा चलाउँछिन्। अरूको स्थिति देखेर होला, माओवादीले "पहिलो शहीद" भन्ने गरेका फत्तबहादुर एस्मालीकी पत्नीले अर्को विवाह गरिन्।

हिंसात्मक द्वन्द्वले घरायसी र कमाउ महिलालाई छोयो। माओवादी सेक्रेटरी रसकमलको मृत्युपछि उनकी पत्नी सुशीला जीवन नै पार्टी भनेर हिँडिन्। आमा हिँडेपछि छोरी गीता पनि पछि लागेर गइन्। घरमा बसेर बालबच्चा हेर्ने सुशीला बदलाको भावनामा अहिले मञ्चमा गएर भाषण गर्नसक्ने भएको बताइयो। माओवादीको भाषामा "आइमाईलाई सम्झाउन आइमाई नै चाहिन्छ तर हिंसा र प्रतिहिंसाले महिलाहरूमा ज्वाला दन्किएको छ। राति सँगै सुतेको लोग्नेलाई उठाएर जङ्गलमा लगि मारेपछि अस्मिता र गंगा अधिकारी पनि युद्ध लड्न पुगेका हुन्।" उता दिदीहरूले बन्दुक भिरेको देखेर शिखरआम्बोटेकी मंगली र दुनाजस्ता धेरै केटीहरु पढ्न छाडेर जङ्गलतिर लागेका भेटिन्छन्। कतिपय अभिभावकले त कमजोर आर्थिक अवस्थाका कारण टीका लगाएर पनि पठाएका छन्। गाउँमा सन्तान धेरै भएर ख्वाउन-पढाउन गाह्रो छ।

हिंसात्मक द्वन्द्वका कारण जिल्लामा ज्यान गुमाउनेमध्ये ७० प्रतिशत विवाहित

थिए। इन्सेकको मानवअधिकार वर्ष पुस्तकका अनुसार, हिंसात्मक द्वन्द्वका क्रममा अहिलेसम्म काभ्रेमा राज्यबाट २० र माओवादीले गराएको बम विस्फोटनमा ६ जना गरी २६ जना महिला मरिसकेका छन्। मर्नेमध्ये केही त पढ्दै थिए। हिंसाले माओवादी, कांग्रेस, एमाले, जनमोर्चा, विद्यार्थी र सर्वसाधारण केही भनेन। गोलीद्वारा घाइते, बम विस्फोट, आतंक, गिरफ्तारी, कुटपिट र अमानवीय व्यवहारले महिलाहरूमा गम्भीर असर देखियो। आन्दोलनमा होमिएका अधिकांश महिलाहरूले जेल जीवन पनि बिताइरहेका छन्। माओवादीबाट क्षति पुऱ्याइएका निकायहरूबाट पनि महिलाहरूलाई नै असर पुग्यो।

महिलाहरूलाई विस्थापनको समस्याले पनि पिरोलेको छ। विस्थापनका कारण गाउँमा महिला र केटाकेटी मात्रै भएकाले केटाकेटी हेर्न, घरधन्दा सम्हाल्न र जग्गा जमीनको हेरचाह गर्न महिलाहरूलाई धौ-धौ परेको छ। जन्ती, मलामीका निम्ति पुरुषहरूको अभाव खड्किन्छ। पोखरीचौरी-४ की ८२ वर्षीय वृद्धा अप्सरा चौलागाई ०६० भदौ ३१ गते माओवादीले घरमा तालाबन्दी गरेका कारण रातको समयमा रुँदै निस्कनुपऱ्यो। गरिबबाट झन्-झन् गरिब बन्नु उनीहरूको बाध्यता हो- "गुनासो गरेर दुख मेटिने होइन तर पनि शान्त पहाड, घरपरिवार र छिमेकीहरूको नै झल्झल्ती सम्झना आउँछ। डेरामा बसेर पराई वातावरणमा बच्चा पढाउन सजिलो छैन तर सबै कुरा बिर्सनुपर्छ। कारण, गाउँमा ज्यादती उस्तै छ।"

● *भोजराज तिमल्सिना*

दलितको उठिबासपछि पुनर्बास

सप्तरी। पाच महिनाअघिको कुरा हो, छविलाल सदाय सुकुम्वासी थिए। अहिले गरिबमात्रै छन्, सुकुम्वासी होइन। उनले टहरो राख्नेमात्रको भए पनि जमिनको लालपुर्जा हात पारेका छन्। यसअघि छविलाल अर्काको जमिनमा बस्दै आएका थिए। उनको परिवार नै अर्काको घर-जमिनमा बसोबास गर्थ्यो। छविलाल पहिले सप्तरी जिल्लाको पिप्रापश्चिम गाविस-८ का बासिन्दा हुन्। रातदिन जमिन्दारको खेतबारीमा मजदुरी गर्नु र छोराछोरी हरुवा-चरुवा राखेर गुजारा चलाउनुबाहेक उनको विकल्प थिएन। जमिन्दारको घरमा बसेका कारण खेतीको यामभर उसको काम नसकी अन्यत्र काम गर्न नपाइने अवस्था थियो। ज्याला निर्धारण जमिन्दारले नै गर्दथ्यो। कसैले ज्याला थोरै भयो भन्ने गुनासो गरे जमिन्दारले बास उठाउँथ्यो। छविलाल सम्झन्छन्। उनी कोरिया खोला छेउको झुपडीमा बस्दथे।

०६१ भदौ ११ गते राति खोलामा ठूलो बाढी आयो। खोला छेउमा आड लगाएर बनाइएका छविलालको मात्र होइन, २४ घरपरिवारको झुप्राहरुमा बाढी पस्न थाल्यो। रातिको समय थियो। सबैको भागदौड मच्चियो। धन्न कसैको ज्यान गएन। तथापि घरसहितका भाडाबर्तन, लत्ताकपडा र खाद्यान्न बगेर गए। घर-टहरा बगाएपछि बिचल्लीमा पऱ्यो। उता जमिन्दारले त्यही विपत्तिको मौका छोपी आफूसँग लिएको ऋण असुल नगरे अन्यत्र जान नदिने उर्दी जारी गरे। छविलाल सम्पतिको नाममा आफूले पालेको एउटा बाखो पनि जमिन्दारलाई बुझाउन बाध्य भए। अरुहरुले पनि जसो-तसो आफ्नो ऋण चुक्ता गरे। छविलालले तीनसय रुपैयाँ ऋण लिएका रहेछन्। उनी १२ सय पर्ने बाखो जिम्मा लगाएर त्यहाँबाट हिंडे।

बाढीले उठीबास लगाएपछि बिचल्लीमा परेका छविलालसहितको २४ घर-परिवार पुनर्बासका लागि त्यस दिनदेखि विभिन्न अड्डा-अदालत जाने अठोटमा पुगे। कहिले सडकमा, कहिले चौरमा प्लाष्टिकका पाल टाँगेर अस्थायी बसोबास गरे। सरस्वती सामुदायिक विकास मञ्च नामक गैरसरकारी संस्थाले संगठित आवाज उठाउन सहयोग गऱ्यो। छविलालसहितका बाढीपीडित मुसहरहरु जिल्ला प्रशासन, जिल्ला वन कार्यालय आदि ठाउँमा पुनर्बासका निम्ति हार-गुहार गर्न पुगे। उनीहरुका हितमा कतैबाट सुनुवाइ भएन। जिल्ला वन कार्यालयले त उल्टै वन छेउछाउ घर-टहरा बनाए थुनिदिने धम्की दियो। स्थानीय सामुदायिक वन उपभोक्ता समितिहरु पनि मुसहर परिवारको पुनर्बासको कुरा सुनेर हच्किए। मुसहर परिवारले कतैबाट पनि सहयोग पाएनन्। त्यस्तो देखेर एक्सनएडले भूमिका लागि पहल गर्न प्रेरित गऱ्यो। सरस्वती सामुदायिक विकास मञ्चको पहलमा ती सुकुम्वासी मुसहर परिवारहरु खाली जमिनको खोजीमा हिंडे।

उनीहरु सस्तो दाममा जमिन किन्ने अठोटमा पुगे। जमिन खरिदका लागि सहयोग जुटाउन छविलालसहितको मुसहर प्रतिनिधिमण्डल जिबिस, सामुदायिक विकास मञ्च, वातावरण संरक्षण कोष र नेपाल रेडक्रस सोसाइटीसमक्ष पुग्यो। उनीहरुले पनि २४ घर-परिवारबाट दश हजार रुपैयाँ उठाए। मुसहर परिवारहरुको तत्परता देखेर सरस्वती सामुदायिक विकास मञ्च र वातावरण संरक्षण कोषले ६० हजार रुपैयाँ सहयोग उपलब्ध गराए। यसरी जम्मा गरेको एकमुष्ठ रकमबाट मुसहरहरुले रामबिलासको एक बिगाह जग्गा किनेरै छाडे। त्यही जग्गा २४ घरपरिवारले भागबण्डा गरे। अहिले उनीहरुका हातमा जग्गाको लालपुर्जा छ। जमिन्दारको चंगुलबाट मुक्त भएका छन्। उनीहरुको आफ्नै घर छ। त्यही जमिनमा खेती लगाएका छन्। अन्य काम गरेर आम्दानी गरेका छन्। आखिर गर्दा के हुँदोरहेनछ भन्ने कुरा छविलालको सक्रियताले देखाएको छ। यदि २४ घरपरिवार एकजुट नभएका भए उनीहरुले लालपूर्जा प्राप्त गर्ने सफलता पाउने थिएनन्। समस्या जसलाई पर्छ उही अघि बढेर तत्पर भएमा समाधान निस्कन्छ भन्ने कुराका लागि यो घटना एउटा सानो तर महत्वपूर्ण नमूना बन्न सक्छ, अन्य दलित समुदायका लागि पनि।

यो जिल्लामा ७० प्रतिशत दलित ऐलानी जग्गामा बस्ने गरेका छन्। पाँचबटा गाविसमा मात्र एक हजार अठार घर-परिवार बसोबास गर्दछन्। ती पाँचबटै गाविसको दलित साक्षरता प्रतिशत २७ मात्र छ। त्यसमध्ये पनि प्राविसम्मको तह उत्तीर्ण गर्ने १० प्रतिशत र माविसम्म पुगेका ७ प्रतिशत मात्र छन्। रुढीवादी अन्धविश्वासलगायतका सामाजिक कुसंस्कार र कुरीतिले जरा गाडेको यो जिल्लामा दलितहरुको आर्थिक अवस्था कमजोर हुनुमा अशिक्षा र बेरोजगारी नै प्रमुख कारकका रुपमा देखिएको छ।

● *दीपेन नेउपाने*

द्वन्द्वको परिणाम मानवविहीन बस्ती

गोरखा। न भुकम्पको सम्भावित त्रास, न त वाढी आउने खतरा। सबै मानिसहरुले एकाएक आफू वसिरहेको घर छाडेर गाउँ नै खाली गरेको घटना अकल्पनीय र अपत्यारिलो छ। यही वास्तविकताको प्रमाण वनेको छ, गोरखाका चनौटे गाउँ र यहाँका वासिन्दाहरुका लागि।

गोरखा सदरमुकामदेखि करिव आठ कोप टाढा रहेको मुच्चोक गाविस-२ को चनौटेवजारका बासिन्दाहरुलाई ०६१ पुस १७ गतेभित्र गाउँ छाड्न माओवादीले उर्दी जारी गरेपछि गाउँलेहरु अन्यत्र जाँदा गाउँ मानवविहीन भएको हो।

माओवादीले ०६१ पुस १० गते चनौटेवजारमा एक हस्तलिखित सूचना टाँस गरी पुस १७ गतेभित्र सो स्थान छाड्न उर्दी जारी गरेका थिए। त्यही सूचनाका आधारमा गाउँ खाली भएको हो।

विस्थापित भएका अर्का गाउँले ३८ वर्षीय गणेशबहादुर भुजेल भन्छन्, "हुन त कोही माओवादीका मान्छे आएर भनेका होइनन्। मात्रै सूचना टाँसेका हुन्। तर, हामीलाई डर लग्यो र घर छाड्यौं।"

यसैवीच, यस्तो गम्भीर घटनाको सत्य-तथ्य पत्ता लगाउन शान्तिका लागि नागरिक समाजको सञ्जाल, कास्कीका मानवअधिकारकर्मीहरुको एक टोलीले विस्थापित गाउँको स्थलगत अनुगमन गरेको छ। अनौपचारिक-क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय संयोजक सोमराज थापाको नेतृत्वमा स्थानीय मानवअधिकारकर्मी र पत्रकारहरुसमेत सम्मिलित ११ सदस्यीय टोली चनौटे पुगी विस्थापित गाउँ पुग्नुका साथै विस्थापितहरुसँग पनि भेट गरी जानकारी लिएको थियो।

विस्थापितहरुसँग कुरा गर्दै मानवअधिकारकर्मीहरु

व्यापारिक दृष्टिले ग्रामीण बजारको रुपमा स्थापित चनौटेवजारका वासिन्दाले सुरक्षाकर्मीलाई सहयोग गरेको आरोपमा माओवादीले उनीहरुलाई सात दिनभित्र गाउँ खाली गर्नुपर्ने अन्यथा कडा कारवाही गरिने चेतावनी दिएका थिए। सोही चेतावनीका आधारमा विगत २० वर्षदेखि त्यहाँ वसोवास गर्दै आएका ३३ घर-परिवार सवैले निश्चित समयमा गाउँ खाली गर्न वाध्य भएको गाउँलेहरु बताउँछन्।

"मेरी श्रीमतीलाई विगतमा पनि माओवादीहरुले अपहरण गरी कुटपिट गरेको र यसपटक गाउँ नछाड्दा झनै मार्ने पो हुन् कि भन्ने डरले गाउँ छाडेको हुँ", त्यहाँवाट विस्थापित ४० वर्षीय हरिप्रसाद भट्ट यसरी आफ्नो वाध्यता स्पष्ट पार्छन्।

गाउँ-गाउँबाट बेंशीमा वसाइँ सरी चनौटेवजारमा विभिन्न व्यापार गरी वसेका ३३ घर-परिवार माओवादीको धम्कीका कारण विस्थापित भएपछि हालका दिनमा उनीहरु आफ्नो पुरानो घर मुच्चोक फिनामटार, अर्कुल, झ्याल्लाफाँट, ताकुमाझ लाकुरीवोटलगायत्का स्थानमा गई वसेका छन्।

तर ३२ वर्षीय पोखरी भट्ट आफूहरु व्यापार गर्न वसेको व्यापारी भएका हुनाले जो आए पनि सामान विक्री गर्ने आफ्नो कर्तव्य रहेको वताउँछन्। भट्टका अनुसार, सदरमुकामवाट टाढा रहे तापनि चनौटेवजारका छिमेकी गाविसका गाउँलेहरु र वटुवाहरुका लागि किनमेलका साथै वास वस्न यो एक महत्वपूर्ण केन्द्र वनेको थियो।

गाउँ खाली गर्नु परेकोमा सबै विस्थापितहरुको एउटै माग छ, "हामीलाई कसैको जीत र कसैको हारसँग सम्वन्ध छैन। केवल हामी नेपाली भएको हुँदा आफ्नो पेशा, व्यवसाय सञ्चालन गरेर स्वतन्त्रसँग बाँच्न देऊ।"

राजनीतिक कार्यकर्ता, कर्मचारी र शिक्षकवाहेक गोरखामा माओवादी "जनयुद्ध" शुरु भएयता गाउँ नै खाली गरेर स्थानीय वासिन्दाहरु विस्थापित भएको यो संभवत: पहिलो घटना हो।

● *भीमलाल श्रेष्ठ*

लघुकथा

समाचारको खोजी

सुधीर यादव

समाचारको नदीमा बाँध छ। पुल छ। पुलमा ढोका छ। ढोका खोलेमात्र पानी आउँछ। ढोका खोल्न र बाँधको सुरक्षा गर्न चौकिदार तैनाथ छन्। पत्रकारलाई चाहिएको छ, एक लोटा पानी। बाँध नाघेर जान ऊ सक्दैन, चौकीदारको डर छ। चोरेर ल्याउँ त लोटासमेत खोसिने डर। समाचार नल्याउँ, बेरोजगार हुने डर। त्यसैले पत्रकार समाचारको खोजीमा छ, दिन-रात ऊ समाचारकै चिन्तामा छ। जतिखेर पनि सोचिरहेको हुन्छ। कहाँ फेला पर्ला त्यस्तो समाचार, जसलाई कुनै चौकिदारले नफ्याँकिदेओस्।

"ए, दाजु, हयाँ सुन्नुस् त।"

आवाजतिर पत्रकारले देख्यो- तरकारीवाला। भन्न त ऊ आफूलाई पर्साको भन्दथ्यो। तर बोली-वचनबाट नै थाहा हुन्थ्यो, ऊ रक्सौलपारीको हो। उसको डेरा अघिल्तिर दिनको दुईपटक तरकारी बेच्न आउने गर्दथ्यो। उसको खुबी थियो, तरकारी उधारो दिन्थ्यो। ढकको ठाउँमा इँटाका टुक्रा राख्थ्यो। ढक राख्न भन्यो भने ऊ भन्ने गर्थ्यो "अरे हजुर। यो पशुपतिनाथको गाउँमा म बेइमानी थोडै नै गर्छु ?"

"के छ भैया, हालखबर ?" पत्रकारको प्रश्न तरकारीवालाले वास्ता गरेन, सोध्यो "हिजो टिभी हेर्नु भो हजुर ? हाम्रो साहुको समाचार थियो नि।"

पत्रकारले सम्झन सकेन कुन समाचार। "खोई मलाई याद भएन" पत्रकारको जवाफ सुनेर तरकारीवालाले मुख बंग्यार भन्यो, "तपाईं कस्तो खालको पतरकार हो ? टिभीको समाचार पनि हेर्नुहुन्न, कि यादै रहन्दैन ?"

पत्रकार मनमनै भुतभुतायो- कस्तो पेशा अपनाइएछ, मन्त्रीदेखि तरकारीवालासमेतको उपदेश सुन्नुपर्ने। उसले सोध्यो, को हो तिम्रो साहुजी ?

हिजो टिभीमा हेराएको थियो नि। होलसेलर साहुजी। भन्दै थियो कि अहिले अंगुरको सिजन शुरु भो त सन्तोलाको सिजन अफ हुनेवाला छ। त्यही त हो मेरो साहुजी, उसले सब्जीको पनि कारोबार गर्छ। टिभीमा त खाली फलफूलको मात्र सम्चार दिएथ्यो। सब्जीको सम्चार अरु कुनै दिनको शोमा देखाउला। जे होस् हाम्रो पनि कदर हुन थालेको छ अब।

पत्रकारले सम्झियो, अघिल्लो दिन एउटा च्यानलले फलफूलसम्बन्धी फिचर देखाएको थियो। उसले जिस्कायो, तिम्रो साहुजीलाई एउटा प्रश्न सोध्न बिर्सेछन्, "ग्राहकहरुले गुलियो अंगुर मन पराउँछन् कि अमिलो ?"

तरकारीवालाले टाउको कन्याउँदै भन्यो, हजुरसँग अलि-अलि पैसा बाँकी थियो। देशको अवस्था यस्तो छ नि हजुर, के बताउने ? पत्रकारको अनुहार कालिएको देखेर तरकारीवालाले कुरा घुमायो "पैसाको त खैर केही बात छैन। आफ्नै घरको बात हो। हजुर त पतरकार हो, अखबारको। टिभीको हुनु भएन त के भो ? मेरो पनि इन्टरभू छापिदिनुस् न अखबारमा।"

पत्रकारले मुन्टो हल्लायो, "हुन्छ-हुन्छ। विचार गरौंला नि त।"

तरकारीवाला कपाल सम्याउँदै मुस्कुरायो, "फोटू पनि त खिच्नुपर्छ कि। विना फोटूको इन्टरभू त हुन्छ- धनिया विनाको चटनी जस्तो।"

पत्रकारले सोच्यो, यो बेला तरकारीवाला, चटपटेवाला, कालिमाटीको सतुवावालाको फिचर पनि महत्वपूर्ण हुनसक्छ। किनभने देश संकटमा छ।

●

कविता

एक दिन एकचोटी आउँछ

गोपालप्रसाद रिमा

एक जुगमा एक दिन एकचोटी आउँछ
उलटपुलट, उथलपुथल, हेरफेर ल्याउँछ
लाटासुधा बोल्न थाल्छन्, चल्न ओठ दुःखको
सहे भनी सम्झिएका ईख फेर्न उठ्तछन्
गए भनी नदेखिएका फर्कीफर्की आउँछन्
सुते भनी सम्झिएका सुरुसुरु हिंड्छन्
मरे भनी फ्याँकिएका जुरुजुरु हिंड्छन्
खरानी हुन्छ भरभराउँदो, हुरी चल्न थाल्दछ
कायर पनि वीर हुन्छन्, वेग चल्छ जोशको
हाहाकार मच्छ यहाँ पाप खुल्न थाल्दछ
एक जुगमा एक दिन एकचोटि आउँछ !

('आमाको सपना'बाट)

आधारभूत ज्ञानका लागि उपयोगी

सशस्त्र द्वन्द्व र मानवता
प्रकाशक: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पृष्ठ संख्या: ५९
मूल्य: रु. ३०।-

मानवअधिकार : ठूला ६ महासन्धि
लेखक: कुन्दन अर्याल र टेक ताम्राकार
प्रकाशक : मानवअधिकार सन्धि अनुगमन समन्वय समिति
[illegible] संख्या: ६२
[illegible]: ५०।-

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले हालै दुईवटा उपयोगी पुस्तिकाहरु प्रकाशन गरेका छन्, जसबाट मानवअधिकार, आन्तरिक विस्थापन, जेनेभा महासन्धिको साझा धारा ३ र युद्धसम्बन्धी नियमहरुको आधारभूत ज्ञान हासिल गर्न निकै सहयोग पुग्दछ।

इन्सेकद्वारा ०६१ कार्तिकमा परिमार्जनसहित दोश्रो संस्करण प्रकाशित 'सशस्त्र द्वन्द्व र मानवता' ले हिंसात्मक द्वन्द्वको अवस्थामा मानवीय सरोकारका विषयहरुलाई उजागर गरेको छ। यसमा आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्त, जेनेभा महासन्धिको साझा धारा ३, युद्धसम्बन्धी कानुनका अत्यावश्यक पक्ष, राष्ट्रिय मानव अधिकार आयोगद्वारा तयार गरिएको मानवअधिकार सम्बन्धी सम्झौतापत्रको मस्यौदा जस्ताको तस्तै प्रकाशित गरिएको छ। आयोगले तयार पारेको सम्झौतापत्रको मस्यौदाबाहेकका सामग्रीहरु अंग्रेजीमा भएकाले तिनको नेपाली रुपान्तर गरिएको छ, जसबाट ती विषयको वारेमा आफ्नै भाषामा अध्ययन सहज भएको छ। पुस्तकमा समावेश गरिएको, नेपालमा आन्तरिक विस्थापनबाट सबैभन्दा बढी प्रभावित जिल्लाहरुको चित्रण त्यस विषयमा अध्ययन गर्न चाहनेहरुलाई थप सामग्रीको रुपमा रहेको छ। युद्धलाई अझ अमानवीय हुन नदिन तय गरिएका अन्तर्राष्ट्रिय प्रावधानहरुको व्यापक प्रचार-प्रसारमा यस पुस्तिका सहयोगीसिद्ध हुनेछ।

'मानवअधिकार : ठूला ६ महासन्धि' शीर्षकको अर्को पुस्तिकामा मानवअधिकारसम्वन्धी प्रमुख महासन्धिहरु- नागरिक तथा राजनीतिक अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि, महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्वन्धी महासन्धि, वालअधिकारसम्वन्धी महासन्धि, र यातना तथा अन्य क्रूर अपमानजनक व्यवहारविरुद्धको महासन्धिद्वारा प्रत्याभूत मानवअधिकार तथा यिनका मूलभूत विशेषताहरुको बारेमा सरल ढंगले प्रकाश पारिएको छ। अनुमोदित सन्धि, महासन्धिको कानुनी स्थिति, ठूला ६ महासन्धिहरुको कार्यान्वयन स्थिति र उपचार विधिका बारेमा पुस्तिकामा चर्चा गरिएको छ।

सन्धि अनुगमनका निम्ति देशभर कार्यरत मानवअधिकार कार्यकर्ताहरुको सीप र दक्षता विकास गर्ने उद्देश्यले प्रकाशित यो पुस्तिका इन्सेकलगायत् नेपालका चौंतीस वटा अग्रज र सक्रिय मानवअधिकार संस्थाहरुको सञ्जाल, मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले प्रकाशन गरेको हो। मानवअधिकारसम्बन्धी प्रमुख महासन्धिहरुको आधारभूत मान्यतादेखि तिनको कार्यान्वयन र उपचार विधिजस्ता सवालहरुवारे सिलसिलाबद्ध चर्चा गरिएको छ। मानवअधिकार सन्धि अनुगमनका विषयमा केन्द्रदेखि क्षेत्र र जिल्लास्तरमा कार्यरत मानवअधिकार कार्यकर्ताहरुका लागि यो पुस्तिका निकै उपयोगी हुने देखिन्छ।

समग्रमा हेर्दा, परिवर्तित सन्दर्भमा मानवअधिकार अनुगमन कार्यलाई प्रभावकारी बनाउन प्रस्तुत पुस्तिकाहरुको महत्व झनै बढेको छ।

●

मानवअधिकार सामान्य ज्ञानको उत्तर

१. क २. ख ३. घ ४. ख ५. ग ६. ख ७. ग ८. क ९. ख १०. क ११. ग १२. घ १३. ख १४. क १५. ग १६. ख १७. क १८. घ १९. ख २०. घ

टेलिभिजनमा नारी उत्पीडनका दृश्यहरु

एउटा घरको सम्पूर्ण दृश्य/परिदृश्य। पति र पत्नीबीचको सम्वन्ध सामान्यतया प्रगाढ नै रहेको छ। तर त्यही घरमा वस्नआएकी सालीका कारण पति र पत्नीबीचको पारिवारिक सम्वन्धमा चीसोपनका रेखाहरु कोरिन थाल्दछन्। सालीप्रति गहिरिँदै गएको भिनाजुको प्रेम-मोहले दिदी, भिनाजु र साली तीनैजना तनावमा बाँच्न वाध्य हुन्छन्। सालीप्रतिको प्रेमाशक्तका कारण पत्नीप्रति पतिको व्यवहारमा ठूलो अन्तर देखा पर्दैजान्छ। तर पतिको निरंकुश चरित्र र व्यवहारका कारण पत्नीले निरीहता देखाउनुबाहेक अर्को विकल्प देख्दैन.....।

नेपाल टेलिभिजनबाट अहिले प्रशारण भइरहेको टेलिचलचित्र 'मोड' को कथा-अंश हो, यो। जुन टेलिचलचित्रमा एउटा पुरुषको उत्पीडन र कुकृत्यको शिकार भोगिरहेका दुई महिलाको अन्तरव्यथा उतारिएको छ। एउटी श्रीमतीको रुपमा र अर्कीले सालीको रुपमा पुरुष-उत्पीडन भोग्नु परिरहेको छ। उक्त टेलिचलचित्रले हिन्दू वर्णाश्रममा आधारित नेपाली समाजका नारीहरुले भोग्दै आएका उत्पीडनको सार खिच्ने सार्थक प्रयास गरेको छ। नेपालमा टेलिभिजन च्यानलहरुको तीब्रतर विकाससँगै पारिवारिक समस्या र तनावलाई केन्द्रमा राखिएका टेलिचलचित्रहरु अपेक्षितरुपमा निर्माण र प्रशारण भइरहेका छन्। वितेको केही वर्षयतादेखि त यस्तै विषयवस्तुका एउटा न एउटा टेलिचलचित्र हरेक दिन प्रशारण हुँदै आएका छन्, प्रत्येकजसो टेलिभिजन च्यानलहरुवाट। त्यस्ता टेलिचलचित्रहरुले पारिवारिक समस्यासित आबद्ध परम्परागत समस्याहरु (जस्तै: सासु र बुहारीबीचको व्यवहारजन्य द्वन्द्व) र आधुनिक परिवारभित्रका समस्याहरुलाई बढी उजागर गर्न चाहेको देखिएको छ। कतिपय टेलिचलचित्रहरुले त पुँजीवादी अर्थ प्रणालीले परिवारमा ल्याएको गहिरो विखण्डनलाई अप्रत्यक्ष रुपले देखाउन खोजेको पाइन्छ। उपभोगमुखी प्रवृत्ति, महत्वाकांक्षा र पुँजीप्रतिको गहिरो मोहले निम्त्याउने पारिवारिक जटिलता र विखण्डनको चित्रणमा अधिकांश टेलिचलचित्रहरु केन्द्रीत छन्।

पारिवारिक टेलिचलचित्रप्रति प्रायः नेपाली महिलाहरुको बढ्दो मोहका कारण नेपालका टेलिभिजन च्यानलहरुले धेरै दर्शक बटुल्ने र बहुराष्ट्रिय कम्पनीका विज्ञापनहरु आकर्षित गर्ने उद्देश्यले अभिप्रेरित भएर त्यस्ता टेलिचलचित्रहरुको निर्माणमा गति दिएको देखिन्छ। खासगरी हिन्दी टेलिचलचित्रहरुमा पोखिएको नेपाली महिलाहरुको लगावलाई 'आफूतिर तान्न' नेपाली टेलिभिजन च्यानलहरुले त्यस्तै 'क्वालिटी' को नभए पनि मिल्दो विषयवस्तुका टेलिचलचित्रहरु बनाइरहेका छन्। यसले शहरिया मध्यम वर्गीय महिलाहरुलाई 'समय कटाउने' राम्रो आधार तय गरिदिएको छ। चाहे 'पुष्पाञ्जली' हेरौँ वा 'परिचय', 'कथा' हेरौँ वा 'मोड'-जुनकुनैले परिवारभित्रका नारी शोषण र उत्पीडनका प्रश्नहरुलाई केलाउने प्रयत्न गरेको पाइन्छ।

नारी शोषण र उत्पीडन, नेपाली समाजको कटु यथार्थ हो। परापूर्वकालदेखि नै नेपाली नारीहरु पुरुषजन्य भेदभाव र उत्पीडनको शिकार हुँदै आएका छन्। शिक्षित र अशिक्षित दुवै वृत्तमा नारी उत्पीडन र शोषणका डरलाग्दा रुपहरु कोरिएका छन्, लामो कालखण्डदेखि। यसलाई धार्मिक मान्यता र सामाजिक कानुनहरुले समेत वैधानिकता दिने कार्य गरिरहेका छन्।

तर एउटा खड्किएको पक्ष के छ भने, अझै पनि नारी शोषण र उत्पीडनका पक्षहरुलाई मानवअधिकार उल्लंघनका प्रश्नहरुसित गाँसेर हेर्न खोजिएको प्रतीत हुँदैन। नारीमाथिको उत्पीडन निश्चितरुपले मानवअधिकारको घोर उल्लंघन हो। यो पक्षलाई आत्मसात गर्नु जरुरी छ। तबमात्र हाम्रा टेलिभिजन च्यानलहरुवाट प्रशारण भइरहेका टेलिचलचित्रहरुले पस्किने नारी उत्पीडनका 'कहालीलाग्दा एपिसोड' हरुले सार्थक रुप ग्रहण गर्न सक्ने देखिन्छ।

● *विवश वस्ती*

१. बालअधिकारको आवाज उठाउने पहिलो व्यक्ति को हुन् ?
(क) एग्लेन्टाइन जेब (ख) क्लारा जेट्किन (ग) क्विमी राइट (घ) माथिका कोही पनि होइनन्

२. एग्लेन्टाइन जेबले जेलभित्र बालबालिकासम्बन्धी कुन सस्थाको स्थापना गरेकिथिइन् ?
(क) सेभ द चिल्ड्रेन नर्वे (ख) सेभ द चिल्ड्रेन फण्ड युके (ग) सेभ द चिल्ड्रेन यूएस (घ) सेभ द चिल्ड्रेन जापान

३. सयुक्त राष्ट्रसंघले कुन वर्षलाई बालवर्षको रुपमा मनाउने घोषणा गऱ्यो ?
(क) सन् १९५५ (ख) सन् १९६९ (ग) सन् १९७० (घ) सन् १९७९

४. बालअधिकार महासन्धिको मस्यौदा कुन देशले तयार गरेको हो ?
(क) बेलायत (ख) पोल्याण्ड (ग) नर्वे (घ) जापान

५. सयुक्त राष्ट्रसंघले बालअधिकार महासन्धिलाई कहिले पारित गरेको हो ?
(क) सन १९८० नोभेम्बर २० (ख) सन् १९८५ नोभेम्बर २० (ग) सन् १९८९ नोभेम्बर २०
(घ) सन् १९९० नोभेम्बर २०

६. बालअधिकार महासन्धिलाई नेपालले कहिले हस्ताक्षर गरेको हो ?
(क) सन् १९८९ सेप्टेम्बर १४ (ख) सन् १९९० सेप्टेम्बर १४ (ग) सन् १९९१ सेप्टेम्बर १४
(घ) सन् १९९२ सेप्टेम्बर १४

७. नेपालले बालबालिकाको हक हित गर्न बनेको ऐन कहिले बनाएको हो ?
(क) वि.सं. ०४६ (ख) वि.सं ०४७ (ग) वि.सं. ०४८ (घ) वि.सं. ०४९

८. नेपालमा राष्ट्रिय महिला तथा बालबालिका परिषद्को गठन कहिले भएको हो ?
(क) वि.सं. ०५१ चैत २४ (ख) वि.सं. ०५० चैत २४ (ग) वि.सं. ०५२ चैत (घ) वि.सं. ०५४ चैत

९. केन्द्रीय बाल कल्याण समितिको गठन कहिले भएको हो ?
(क) वि.सं. ०५१ (ख) वि.सं. ०५२ (ग) वि.सं. ०५५ (घ) वि.सं. ०५६

१०. बालश्रम निषेध तथा नियमित गर्न बनेको ऐन कति सालमा बनेको हो ?
(क) वि.सं. ०५६ (ख) वि.सं. ०५८ (ग) वि.सं. ०५९ (घ) वि.सं. ०६०

११. बालश्रम निषेध तथा नियमित गर्न बनेको ऐनअनुरुप कति वर्षमुनिका बालबालिकालाई काममा लगाउन पाइँदैन ?
(क) १६ वर्ष (ख) १२ वर्ष (ग) १४ वर्ष (घ) ८ वर्ष

१२. बालबालिकासम्बन्धी ऐन २०४८ अनुरुप कति वर्षमुनिकालाई बालबालिका भनेर परिभाषित गरिएको छ ?
(क) १८ वर्ष (ख) १४ वर्ष (ग) १७ वर्ष (घ) १६ वर्ष

१३. बालअधिकार महासन्धिले कति वर्ष मुनिकालाई बालबालिका भनेर परिभाषित गरेको छ ?
(क) १६ वर्ष (ख) १८ वर्ष (ग) २० वर्ष (घ) १७ वर्ष

१४. बालअधिकार महासन्धिको बालबालिकाको सशस्त्र संघर्षमा प्रयोगसम्बन्धी ऐच्छिक सन्धिपत्र, २००० अनुरुप कति वर्ष नपुगेका बालबालिकालाई सशस्त्र संघर्षमा भर्ना गर्न नपाउने व्यवस्था गरिएको छ ?
(क) १८ वर्ष (ख) १४ वर्ष (ग) १६ वर्ष (घ) १५ वर्ष

१५. कति वर्ष मुनिका बालबालिकाले जस्तोसुकै अपराध गरे पनि कुनै सजाय हुँदैन ?
(क) ८ वर्ष (ख) ९ वर्ष (ग) १० वर्ष (घ) ११ वर्ष

१६. कति वर्ष मुनिका बालबालिकालाई सैन्य बल वा सशस्त्र संघर्षमा लगाइएमा वा प्रयोग गरिएमा युद्ध अपराध मानिन्छ ?
(क) १४ वर्ष (ख) १५ वर्ष (ग) १६ वर्ष (घ) १८ वर्ष

१७. १४ वर्षमाथिका बालबालिकालाई काममा लगाए कस्तो सजाय हुन्छ ?
(क) १ वर्ष कैद वा रु. ५०००।- जरिवाना वा दुवै (ख) ३ महिना कैद वा रु. १००००।- जरिवाना वा दुवै
(ग) ५ वर्ष कैद (घ) ५ वर्ष कैद र ५०००।- जरिवाना

१८. १४ वर्ष नपुगेका बालबालिकालाई काममा लगाइएमा कस्तो सजाय हुन्छ ?
(क) रु. ३०००।- जरिवाना वा ३ महिना कैद वा दुवै (ख) रु. ५०००।- जरिवाना वा ५ वर्ष कैद वा दुवै
(ग) रु. ८०००।- जरिवाना वा ६ महिना कैद वा दुवै (घ) रु. १००००।- जरिवाना वा ३ महिना कैद वा दुवै

१९. कसैले देवी-देवताको नाममा बालबालिकालाई चढाएमा कस्तो सजाय हुन्छ ?
(क) रु. ५०००।- वा ३ महिना कैद वा दुवै (ख) रु. १००००।- जरिवाना वा ५ वर्ष कैद वा दुवै
(ग) रु. १५०००।- जरिवाना वा १० वर्ष कैद वा दुवै (घ) रु. ३०००।- जरिवाना वा ३ महिना कैद वा दुवै

२०. १४ वर्षभन्दा माथिका बालबालिकालाई काममा लगाउँदा हप्तामा कति घण्टामात्र लगाउन पाइन्छ ?
(क) ४२ घण्टा (ख) ४० घण्टा (ग) ३० घण्टा (घ) ३६ घण्टा

उत्तर ४९ पेजमा

प्रस्तुति : शिव खकुरेल

मर्यादित जीवनबाट मात्र विकास सम्भव छ

भागवत विश्वासी राष्ट्रिय दलित आयोगका अध्यक्ष हुनुहुन्छ। एक महिनाअघि आयोगका अध्यक्ष नियुक्त हुनुभएका विश्वासीसँग दलित आयोगका क्रियाकलाप र भावी योजनाबारे *प्रकाश ज्ञवाली*द्वारा गरिएको कुराकानीको संक्षेप प्रस्तुत छ।

नयाँ पदाधिकारीहरु नियुक्त भएयता आयोगले मुख्य कामहरु के-के गऱ्यो ?

हामीहरु आएको भर्खर एक महिना भयो। यो अवधिमा हाम्रो दुईपटक बैठक बस्यो। दोश्रो बैठकमा हामीले अलिक विस्तृतरुपमा छलफल गऱ्यौं। योजनाहरुलाई अगाडि सारेका छौं। उक्त बैठकबाट हाम्रो टिमलाई चारवटा महाशाखामा विभाजन गरी कार्य विनियोजन गऱ्यौं। अहिले महाशाखाहरुको बैठक बसिरहेको छ। हामीले हाम्रो समुदायको उन्नति, प्रगति र मुक्तिका निम्ति तल्लो तहसम्म पुग्ने कार्यक्रमिक योजनाहरु बनाउँदैछौं।

योजनामा मुख्यरुपमा के कुरामा जोड दिइएको छ ?

अन्य निकायहरुसँग समन्वय गरेर कसरी विपन्न परिवारसम्म हाम्रा कार्यक्रमहरु पुऱ्याउन सक्छौं भन्ने सवालमा हामीहरुले ध्यान दिएका छौं।

अहिले स्थानीय विकास मन्त्रालयको निर्देशिकाअनुरुपको ढाँचामा सीमित रहेर, निश्चित फर्मेटको परीधिभित्र रहेर अगाडि बढ्नुपर्ने अवस्था छ। हामीले अहिले छुवाछूत उन्मूलन राष्ट्रिय सरोकार समिति बनाएर अगाडि बढ्नुपर्छ भन्ने अवधारणा अगाडि सारेका छौं। त्यसैगरी दलित सुविधा परिचयपत्रको अवधारणा पनि अगाडि सारेका छौं।

हाम्रो समुदायका एक लाखभन्दा बढीले त अधिराज्यका विभिन्न भागमा माग़ेरै जीवन गुजारा गर्नुपर्ने वाध्यता छ। उनीहरुको एक टुक्रा जग्गा पनि छैन। उनीहरुको न बास छ न त लगाउने कपडा नै। यसरी विल्कुल पशुवत् जीवन बिताउन वाध्य हुनुपर्ने अवस्था छ। त्यसकारण, हामी त्यस्ता मानिसहरुलाई दलित सुविधा परिचयपत्र दिने वातावरण मिलाउँछौं। स्थानीय विकास मन्त्रालयअन्तर्गत जिल्ला विकास समिति, नगरपालिका, गाविस आदि निकायले कसरी त्यसलाई कार्यान्वयन गर्न सक्छन् भन्ने विषयमा सरसल्लाह गर्नुपर्ने हुन्छ। दलित सुविधा परिचयपत्र पाएको व्यक्तिले उच्च शिक्षासम्म निःशुल्क पढ्न पाउनुपऱ्यो, स्वास्थ्य, यातायात आदि क्षेत्रमा पनि सुविधा हुनुपऱ्यो, जो मान्छेको बस्ने बास नै छैन, खाने गास नै छैन, त्यस्तो मानिसलाई राज्यले सुविधा प्रदान गर्नुपर्छ र त्यसका लागि राज्यले हदैसम्मको लचकता प्रदर्शन गर्नुपर्दछ भन्ने हाम्रो मान्यता हो।

भूमिहीन, सुकुम्बासीबाहेकका दलितहरुका समस्यालाई कसरी सम्बोधन गर्ने ?

यसको विषयमा हामीहरुले अलि मोटोरुपमा छलफल गरेका छैनौं। यो राष्ट्रको विकास त्यसबेला हुन्छ, जसबेला यहाँका ४०-५० लाख व्यक्तिहरु मान्छे भएर बाँच्न सक्नेछन्। जतिबेला उनीहरुले मर्यादित जीवन जीउन पाउनेछन्, त्यसबेला मात्र यो देशको विकास सम्भव छ। यत्रो ठूलो हिस्सा मान्छेको रुपमा बाँच्न नपाइरहेको अवस्थामा कसरी स्वर्णिम राष्ट्रको कल्पना साकार हुनसक्छ ? यसतर्फ ध्यान दिनु जरुरी छ। राज्यले दलितहरुको जीवनस्तर उकास्ने र उनीहरुका समस्या समाधान गर्नेतर्फ सक्रियता देखाउनु पर्दछ। यसबाहेक आरक्षणलगायत्का विभिन्न एजेण्डाहरुलाई पनि आयोगले अगाडि सारेको छ।

विभिन्न क्षेत्रमा आरक्षणको प्राथमिकता निर्धारणका आधारहरु के-के हुन् ?

जो अत्यन्तै पिछडिएको अवस्थामा छ, जो विपन्न छ, जसले पढ्न-लेख्न पाएको छैन, जसलाई बाँच्न नै समस्या छ, उनीहरुप्रति आरक्षणको पहिलो प्राथमिकता केन्द्रित गर्नुपर्छ। उनीहरुबाट आरक्षण शुरु हुन्छ। आरक्षणको प्रारम्भ त्यस्तो मान्छेले महसूस गर्नुपऱ्यो, जो विपन्न छ।

त्यो तोक्ने कसरी ?

अहिले जुन दलित सुविधा परिचयपत्रको अवधारणा अगाडि सारेका छौं, यसबाट धेरै सहयोग हुनसक्छ। यो अभ्यासको कुरा हो। आरक्षण कसरी शुरु गर्ने भन्ने कुरा सहज बनाउन परिचयपत्रले निकै सहयोग गर्दछ। परिचयपत्रका आधारमा आरक्षणको शुरुवात गरियो भने त्यो प्रभावकारी पनि हुन्छ।

आयोगका समस्या के छन् ?

आयोगको समस्या फेरी पनि के हो भने- हामीलाई बजेट अत्यन्त थोरै छ। आयोग सर्वाधिकारसम्पन्न, स्वायत्त र श्रोत-सुविधा सम्पन्न छैन। जटिलताहरु छन्। धेरै कामहरु गर्नु छ तर बजेटले भेट्दैन।

गैरसरकारी संस्थाहरुसँग समन्वयका लागि के-कस्तो सोच बनाउनु भएको छ ?

अहिले देशभर दलितका क्षेत्रमा कार्यरत संघ-संस्थाहरु छन्। विभिन्न विद्वान साथीहरु कार्यरत हुनुहुन्छ। उहाँहरुले पनि दलितहरुको विकासका लागि योगदान दिइरहनु भएको छ। आयोग सबैको साझा संस्था हो। तसर्थ, हामी सबैसँग समन्वय गरेर अगाडि बढ्छौं। बुद्धिजीवी, गैरसरकारी संस्थाहरुमा कार्यरत साथीहरु, पत्रकार, मानवअधिकारकर्मी, सरकारी निकायका पदाधिकारीहरु सबैको सहयोग रहिरहनेछ र उहाँहरुले राष्ट्रिय दलित आयोगलाई अधिकारसम्पन्न र स्वायत्त बनाउने दिशामा योगदान पुऱ्याउनु हुनेछ भन्ने अपेक्षा गरेको छु। यसका लागि सबैलाई अनुरोध पनि गर्न चाहन्छु।

राष्ट्रिय दादुरा खोप अभियान २०६१/६२

९ महीनादेखि १५ वर्ष मुनिका
सबै बाल-बालिकाहरुलाई दादुरा खोप लगाऔं

दादुरा खोप पहिले लगाएकाहरुले पनि लगाऔं
नलगाएकाहरुले त झनै नछुटाऔं

unicef

का. जि. का. द. नं. २१ ४९/५०

BY AIRMAIL

नेपालमा पहिलो

मानवअधिकार समाचार अनलाइन



नेपाली र अंग्रेजी भाषामा

www.inseconline.org

मानवअधिकारसम्बन्धी विविध
समाचारहरु समेटिएको
यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको ताजा
जानकारी लिनुहोस् ।